साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क ३ ✪ २३ माघ २०८०, मङ्गलबार ✪ 6 Feb., 2024, Tuesday ✪ मूल्य रू. १०।-

## अध्यक्ष बिजुक्छेँसँग जनमत पार्टीका सीके राउतको भेटवार्ता



काठमाडौँ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउतले शुक्रबार भक्तपुरमा भेट गर्नुभयो ।

भेटमा अध्यक्ष बिजुक्छेँले कार्यकर्तालाई जगैदेखि राजनीतिकरूपले शिक्षित र सचेत गर्नुपर्ने आवश्यकता औँल्याउँदै पुँजीवादी क्रान्तिलगत्तै समाजवादी क्रान्तितर्फ अगाडि बढेको रुसबाट सिक्नु जरुरी भएको उल्लेख गर्नुभयो ।

नेपालका समाजवादी दाबी गरेकाहरू सरकारमा गएर निजीकरणतर्फ लागेको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले बहुमत भएको दलको नेतृत्वमा सरकार गठन हुने, अर्को ठुलो दलले प्रमुख प्रतिपक्षको कर्तव्य निर्वाह गर्नुपर्नेमा सत्ता र प्रमुख विपक्षी दलबिच भागबन्डा भइरहेको हुँदा बेलायती शैलीको संसदीय व्यवस्था असफल भएको बताउनुभयो ।

निजीकरणको पक्षमा नरहेका लिबिया र इराकका नेताहरूलाई अमेरिकी साम्राज्यवादले समाप्त पारेको उल्लेख गर्दै

बाँकी पृष्ठ १२ मा

### भक्तपुरमा खेलकुद महोत्सव

## खेलकुदले जीवनमा सकारात्मक ऊर्जा प्रदान गर्ने




भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा माघ २१ गतेदेखि २७ गतेसम्म सञ्चालन हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय टेबुलटेनिस, भलिबल, फूटबल, कबड्डी, खोखो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँय् र बाघचाल खेल प्रतियोगिताको आइतबार सहिदस्मृति खेलमैदानमा उद्घाटन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै अध्यक्ष बिजुक्छेँले 'खेलकुद स्वास्थ्यको निम्ति हो' भन्दै खेलकुदले जीवनमा सकारात्मक ऊर्जा प्रदान गर्ने बताउनुभयो । खेलाडीहरूलाई खेलले अनुशासित बनाउने हुनाले भक्तपुर नगरपालिकाले हरेक वर्ष निरन्तर आयोजना गरिरहेको विद्यालयस्तरीय खेलकुद प्रतियोगिताले विद्यार्थीहरूको व्यक्तित्व विकास, अनुशासन र मित्रताको लागि थप ऊर्जा दिने बताउँदै खेलाडीहरू देश र जनताप्रति समर्पित हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

खेलकुदमा गरेको लगानी कहिल्यै खेर नजाने उल्लेख गर्दै उहाँले निजी दर्ता नभएको जग्गा सरकारको हुन्छ र सहिद स्मृति खेल मैदानमा कभर्ड हल निर्माणको लागि तगारो हाल्ने प्रतिगामी कदमलाई जनस्तरबाट विरोध गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता खेलकुद महोत्सवको रूपमा सञ्चालन हुने बताउँदै उहाँले यस प्रतियोगितामा भक्तपुरका ७५ वटा विद्यालयका २२०० भन्दा बढी विद्यार्थीको सहभागिता रहेको जानकारी गराउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्यसँगसँगै खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै खेलाडीहरूलाई अवसर प्रदान गर्न हरेक वर्ष विद्यालयस्तरीय खेलकुद प्रतियोगिता, नियमित खेल प्रशिक्षण र समयसमयमा खेलकुद सामग्री वितरण गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले ७ दिनसम्म सञ्चालन हुने विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको आयोजनाले १० वटै वडामा १५ वटा खेलकुदका गतिविधि हुने र पूरै नगर खेलकुदमय भई यो सातालाई खेलकुद महोत्सवको रूपमा मनाइने जानकारी दिनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले भक्तपुर नगरपालिकाले खेलकुदलाई महत्त्व दिँदै नगरभित्र रहेका ७५ वटा विद्यालयहरूलाई प्रतियोगितामा समावेश गराउन सफल भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा ९० वटै विद्यालयहरूलाई सहभागी गराउन प्रयास गर्नुपर्ने बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

## नेक्रायुसङ्घ चाँगुनारायणको तेस्रो नगर सम्मेलन सम्पन्न



भक्तपुर । नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिको तेस्रो नगर सम्मेलन नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालको आतिथ्यमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा अतिथि सुवालले भन्नुभयो, "युवा भनेको उमेरसँगै विचार पनि हो । सामन्ती र पुँजीवादी विचार भएकाहरू उमेर भए पनि युवा होइनन् । मजदुर र किसानको मत लिएर सरकारमा गएका शासक दलका युवाहरू पुँजीपतिवर्गको सेवा गर्ने दलालहरू हुन् ।"

गोर्खा भर्तीको नाममा नेपाली युवाहरूलाई बेलायत र इन्डियाले मित्र देशविरूद्ध प्रयोग गरिरहेको र गोर्खा भर्तीलाई विदेशीले भाडाको सिपाही बनाउँदै आएकोले गोर्खा भर्ती अविलम्ब खारेज गर्नु जरूरी रहेको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "नेपालका शासकहरूले नेपाली युवालाई अमेरिकी, फ्रान्सेली, रूसी, युक्रेनी सेनामा पनि पठाएर मृत्युको मुखमा धकेल्दै छन् । सरकारले नेपाली युवालाई विदेशी सेनामा मर्न पठाउने होइन, नेपालमै रोजगारी दिनुपर्छ । युवालाई स्वदेशमा रोजगारी दिन नसक्ने शासकहरूले सिंहदरबार छोड्नुपर्छ ।"

कम्युनिस्टको सरकार आयो भने उद्योगधन्दा, कलकारखाना लगायत उत्पादनका साधनहरू राष्ट्रियकरण हुने तर, नेपालका कम्युनिस्ट नामधारी शासक दलहरूले नेपालको उत्पादनका साधनहरू निजीकरण गरी कमिसन र भ्रष्टाचारमा लिप्त रहेको हुँदा ती पार्टीहरू भाइकाङ्ग्रेस भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "माओवादी सशस्त्र युद्ध गरेको भन्दै आफूलाई कम्युनिस्ट दाबी गर्छ । काङ्ग्रेसले पनि हतियार उठाएको थियो । जङ्गबहादुर राणाले पनि हतियारकै बलमा सत्ता कब्जा गरेका थिए । के तिनीहरू कम्युनिस्ट हुन् त ? यसकारण विचार र सिद्धान्त नभएकाहरूले हतियार उठाउँदैमा कम्युनिस्ट हुँदैनन् ।"

"नेपाल सरकारले विद्युत् प्राधिकरण, नेपाल वायुसेवा निगमलगायत सार्वजनिक संस्थानहरू बेच्ने तयारी गर्दै छ । शासक दलहरू विदेशी पुँजीको दलाल साबित हुँदै छन् । नेपाली जनताले खबरदारी गर्नु जरुरी छ, उहाँले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "६ महिनाको अवधिमा भारतबाट विषादी भएको १२ अर्बको तरकारी भित्रिएको समाचार आयो । संसदीय समितिको बैठकमा खाद्य स्वच्छतासम्बन्धी विधेयकबारे भएको छलफलको क्रममा यही विषय राखेर हामीले सरकारको ध्यानाकर्षण गरायौँ । तर सभापति आरजु राणाले रोक्न खोज्नुभयो । देश र जनताको पक्षमा, भष्टाचारको विपक्षमा बोल्न थालेपछि शासक दलहरूलाई चित्त बुझ्दैन । हामीले यसको प्रतिवाद गर्‍यौँ ।"

उहाँले भन्नुभयो, "देशको सन्तुलित विकास नगरी शासक दलका नेता, कार्यकर्ताहरू भ्रष्टाचार गर्दै काठमाडौँमा घरजग्गा जोड्दै छन् । काठमाडौँमा जनसङ्ख्या वृद्धि भई धुलो, धुवाँ, पदुषण बढ्दै छ । काठमाडौँमा फोक्सोका रोगीहरू बढ्दै छन् । यसकारण, देशको सन्तुलित विकास गर्न

बाँकी पृष्ठ १२ मा

## शासक दलहरूले निर्वाचनपछि जनतासँग गरेको बाचा भुले !

देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सरकारले कृषिमा प्राथमिकता दिनुपर्दछ । देशको शिक्षा व्यवस्था राम्रो र देशभित्र रोजगारी भए युवा-विद्यार्थीलाई विदेश पठाउनुपर्ने छैन । नेपाली जनतालाई खाना पकाउन सस्तोमा दिनुपर्ने जलविद्युत्लाई शासक दलहरूले भारतलाई दिने सम्झौता गरेको देशघात नै हो । नेपाल मजदुर किसान पार्टी पुँजीवादी सरकारको भागबन्डामा जाँदैन । सडक र संसद्मा आवाज उठाएर देश र जनताको सेवा गर्नु नै नेपाल मजदुर किसान पार्टीको लक्ष्य हो ।

नेपालमै रासायनिक मल कारखाना खोल्नु जरुरी छ । जनप्रतिनिधिहरू दुःख सुख बुझ्न जनताको घर आँगनमा पुग्नुपर्दछ । तर, शासक दलका नेताहरू जनताको मत लिएर काठमाडौँ र शहरमा बसोवास गर्नु गलत हो । शासक दलहरूले निर्वाचनताका आ-आफ्नो जिल्लालाई 'स्वर्ग' जस्तै बनाउने बाचा गरे । तर, निर्वाचन जितेपछि बाचा भुलेर जिल्लामा नबसी जनतालाई विश्वासघात गरे ।

सरकारले स्वदेशी उत्पादनलाई प्राथमिकतामा राख्नु जरुरी छ । कृषिलाई जोड दिनुपर्दछ । पर्यटन, पशुपालन र जलविद्युत् उत्पादनमा जोड दिनु आवश्यक छ । उत्पादित नेपाली वस्तुलाई सहज ढङ्गले बजारमा पुऱ्याउन सकिने वातावरण तयार पार्नुपर्छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालले धादिङ जिल्लाको जिवजिवे र नुवाकोट जिल्लाको बटारमा स्थानीय जनतासँग २०८० माघ २१ गते आइतबार भएको भेटघाटमा राख्नुभएको विचारको सार-सं)*

**सरकारले गरिबी न्यूनीकरण होइन अन्त्य गर्नुपर्दछ**

विधेयकमा स्रोत नखुलेको चल अचल सम्पत्ति राष्ट्रियकरण गर्ने प्रावधान राख्नुपर्दछ । मुद्रणसम्बन्धी सरकारी निकाय धेरै बनाउनुभन्दा एउटै बनाउनु उपयुक्त हुनेछ ।

सरकारले विद्यालय र विश्वविद्यालयको पाठ्यपुस्तक छपाइमा जोड दिनु आवश्यक छ । गरिबका

बाँकी पृष्ठ ११ मा

## तेस्रो अधिवेसनको पहिलो बैठक सुरु

काठमाडौँ । सङ्घीय संसद्को प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठक सङ्घीय संसद् भवन बानेश्वरमा सोमबार अपराह्न ४ बजे सुरु भयो ।

तेस्रो अधिवेशनको प्रतिनिधिसभाको पहिलो बैठकमा आकस्मिक समय र विशेष समयमा बोल्ने व्यवस्था नहुँदा लाखौँ रूपैयाँ खर्च गरी बसेको बैठकको औचित्यमाथि प्रश्न उठ्यो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले आकस्मिक वा विशेष समयमा बोल्ने व्यवस्थाको लागि अनुरोध गर्नुभएको थियो । तर, शासक दलहरूको कार्य व्यवस्था परामर्श समितिको बैठकमा कसैलाई बोल्न नदिने सहमति गरियो ।

सभामुख देवराज घिमिरेले बैठकको सुरुमा संसद् जनताको सार्वभौमसत्ता प्रयोग गर्ने थलो, सरकार गठन, सरकारलाई नियन्त्रण र निर्देशन दिने थलो भएको बताउनुभयो ।

सभामुख घिमिरले संसदीय गतिविधि जीवन्त भएको उल्लेख गर्दै प्रतिनिधिसभाको बैठक कार्यतालिका बनाएर अघि बढाउने बताउनुभयो ।

मन्त्रीहरू विदेशको पन्ध्र वटा कार्यक्रममा गएको सूचीसमेत बैठकमा सभामुखबाट वाचन हुँदा सांसदहरू समय खेर गएको अनुभूति गर्दै थिए ।

सत्तापक्ष र प्रमुख विपक्षीबिच भागबन्डा नमिल्दा सङ्घीय संसद्को महासचिव कार्यवाहकमै सीमित भयो ।

बाँकी पृष्ठ १२ मा



*साम्राज्यवाद धेरै समयसम्म टिक्नेछैन किनभने यो सधैँ कुकर्महरू मात्र गरिरहन्छ । सबै देशमा जनविरोधी प्रतिक्रियावादीहरूलाई साथ र समर्थन गर्ने काममा यो लाग्दछ । यसले अनेकौँ उपनिवेश, अर्धउपनिवेश र अनेकौँ सैनिक अड्डाहरूलाई बलजफ्ती खोसेको छ र आणविक युद्धको डर देखाएर यो शान्तिलाई तर्साउँछ ।*

*–माओ त्सेतुङ*

## सम्पादकीय

# देशको सन्तुलित विकासको आवश्यकता किन ?

देश हिमाल, पहाड र तराईको भौगोलिक विभाजनमा छ, नदीनालाले विभाजित छ; सबै प्रदेश, जिल्ला, गाउँ र नगरहरू निर्वाधरूपले आवतजावत गर्न सकिने बाटोघाटोको निर्माण भइसकेको छैन, निर्माण भइसकेका सडक र बाटाहरू पनि ठुल्ठुला खाल्डाखुल्डीले गर्दा काठमाडौँ आउने चारै दिशाका सडकहरू घण्टौँ घण्टा जाम हुने अवस्थाका छन् । हरेक महिना हरेक वर्ष तथाकथित सडक मर्मतसम्भारको खेलमा यातायात मन्त्रालय, विभाग र त्यसमा काम गर्ने प्राविधिकहरू एवं ठेक्का दिने नीति अल्भिरहन्छन् । परिणामतः देश देशजस्तो नभई 'जङ्गलको राज' भएको छ ।

ठेकेदारहरूकै कारण जहिले पनि सडक र पुल समयमा नबन्ने, कच्चा निर्माणले यातायात सुरु नहुने, देश र जनताविरोधी ऐनकानुन खेस्रा गर्ने ती कानुनका ज्ञाताहरू कोको हुन् तिनीहरूको तस्बिर र व्यक्तिगत जानकारी तथा ठेगाना थाहा पाए जनताले 'बिन्ती भाउ' गरेर यस्ता कानुन नबनाउन वा निर्माण कार्य छिटो गर्न तथा मर्मत पनि तत्काल गर्न र गराउन 'उत्साहित' गर्ने थिए । तर, त्यसो नगर्दा जनताले धेरै दुःख पाउँदै गरेको सरकार र सचेत जनतालाई थाहा भएकै विषय हो ।

भावनाको विषयभन्दा पनि भौतिक आवश्यकताबारे बोलेका विषयलाई समेत संसद्मा सुनवाइ नहुँदा सचेत नागरिक आश्चर्यमा पर्ने गरेको कथा नौलो होइन । देशको सन्तुलित विकासबारे राज्यले सोच्ने अवसर पाएन । त्यसको आवश्यकता तलका समाचारहरूले दिँदै छन् -

एक, 'दुर्गममा जलन, काठमाडौँमा अस्पताल', 'दूरदराजदेखि राजधानी काठमाडौँका अस्पताल पुग्दासम्म बढ्ने जटिलताले ज्यान गुमाउँछन् जलन पीडित', 'जटिल बिरामी पुऱ्याइने कीर्तिपुर अस्पतालमा १३ देखि २० प्रतिशतसम्म छ मृत्युदर' । 'गत वर्ष ७६ हजार मानिस जलनबाट प्रभावित, १५ सय हाराहारी मात्रै पुगे अस्पताल', 'उपचार खर्च धान्नै गाऱ्हो' ।

'पाँच अस्पतालमा उपचार, दुइटामा मात्र आइसीयू सेवा', अन्य अस्पतालले 'गम्भीर बिरामी भर्ना नै लिँदैनन्' (नयाँ पत्रिका - २२ माघ २०८०) ।

दुई, जनकपुरधामको समाचार छ- लहानस्थित लिला-मदन पोलिक्लिनिक एक प्रसूति गृहको 'अस्पतालको आडमा अपराध', (नागरिक- २२ माघ २०८०) ।

तीन, बुटवलको समाचार छ- 'सडकको क्षमता ३० टन, भारतीय गाडी ९६ टन बोकेर आउँछन् ।' (नेपाल समाचारपत्र- २१ माघ २०८०) ।

यातायातसम्बन्धी कानुनअनुसार ६ चक्के ट्रकले ९ दशमलव ६ टन बोक्ने, १० चक्के ट्रकले १६ दशमलव २ टन बोक्ने, १२ चक्के ट्रकले २१ टन, १४ चक्के ट्रकले २५ टन र १८ चक्के ट्रकले ३० टनभन्दा बढी भार बोक्न पाउँदैनन् । नेपालमा मालवाहक गाडी नेपालभित्रै रहँदा ट्राफिक प्रहरीले रु. १५०० जरिवाना लिएर नेपाल प्रवेशको स्वीकृति दिएको हुन्छ ।

माथिको विवरणले थाहा हुन्छ- सिंहदरबारलाई सडक कमजोर हुनुको कारण र परिणाम थाहा छैन । अनि काठमाडौँ चारैतिरका सडकहरू अवरुद्ध हुन्छन् । काठमाडौँ अवरुद्ध हुनु देश अवरुद्ध हुनु हो । विदेशी र शत्रु देशले आक्रमण गर्दा पहिले सडक र बाटाघाटा अवरुद्ध गर्छन् । यस दृष्टिले ट्राफिक र गुप्तचर विभागलाई चुस्त र दुरुस्त नगर्नुको अर्थ देशप्रतिको घात हो । यसबाट थाहा हुन्छ, देशद्रोहीहरू देशको सन्तुलित विकास चाहँदैनन् ।

शिक्षा, स्वास्थ्य, यातायात, अर्थतन्त्र (भन्सार, व्यापार, बैङ्कको कारोबार) मात्र होइन कृषि, सागपात र अन्न देशभित्रै उत्पादन हुँदाहुँदै विदेशी उत्पादनलाई बजारमा ल्याउन 'दिने गर्दा देश दिन दुगुना रात चौगुना' अर्थतन्त्रमा ऱ्हास हुन्छ । तर, देशको सन्तुलित विकासको रूपमा हेर्ने दृष्टिकोण सिंहदरबार र जिम्मेवार व्यक्ति र संस्थाको नहुँदा देश डुब्दै छ ।

यसकारण, जिल्ला जिल्ला र प्रदेशमा काम गर्ने कर्मचारी, जनप्रतिनिधि एवम् जनता सबैले देशको सन्तुलित विकासमा ध्यान नदिएपछि पछुताएर हुँदैन । प्रदेशका मुख्य मन्त्रीहरूको काठमाडौँमा आवास क्षेत्र बनाउनु 'सन्तुलित विकासको पक्षमा छैन ।' हिजोको अञ्चलाधीश, राणा कालका मेजिस्ट्रेट र बडा हाकिम होइनन् 'मुख्य मन्त्रीहरू' । तिनीहरू जनताले चुनेका हुन् र जनताकै स्तरमा, जनतासँग बस्दा देशको सन्तुलित विकास छिटो हुने अनुमान गर्न सकिन्छ ।

# कम्युनिस्टहरू पुँजीवादी सरकारको भागबन्डा खान जाँदैनन्

✍ प्रेम सुवाल




*कम्युनिस्टहरूको सरकारले उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्दछ । नेपालमा कम्युनिस्ट दाबी गरेका शासक दलहरूले सार्वजनिक संस्थाहरू सस्तोमा बिक्री गरी देश र जनतालाई धोका दिए र भ्रष्टाचार गरे । यसकारण पुँजीवादी सरकारमा गएका कम्युनिस्ट दाबी गरेका एमाले र माओवादी पार्टी भाइकाङ्ग्रेस साबित भए । नेपाल मजदुर किसान पार्टीले एमालेलाई २०४८ सालमै भाइ काङ्ग्रेस बताएको थियो । २०५२ यता दाहाल नेतृत्वको माओवादी 'भारतीय ट्रोजन हर्स' सावित भयो ।*

युवा भनेको उमेरसँगै विचार पनि हो । सामन्ती र पुँजीवादी विचार भएकाहरू उमेरले युवा भए पनि विचारले युवा होइनन् । उमेरले ज्येष्ठ नागरिक भए पनि विचार क्रान्तिकारी बोकेकाहरू युवाजस्तै हुन् । मजदुर र किसानको मत लिएर पुँजीवादी सरकारमा गएका सबै शासक दलका युवाहरू उमेरले युवा भए पनि विचारले पुराना हुन् ।

नाम र झन्डाले कुनै पनि राजनीतिक पार्टी क्रान्तिकारी हुने होइन । रुसमा सन् १९१७ को फेब्रुअरी क्रान्तिपछिको पुँजीवादी सरकारमा मेन्सेविकहरू भाग खान गए । उनीहरू पुँजीवादी सरकारमै डुबेर समाप्त भए । लेनिन नेतृत्वको बोल्सेविक पार्टी पुँजीवादी सरकारमा गएन र अक्टोबर समाजवादी क्रान्तिसम्म अगाडि बढ्यो । नेपालमा २०४६ सालको बहुदलीय व्यवस्था पनि पुँजीवादी क्रान्ति नै हो । नेपाल मजदुर किसान पार्टीले सात वाममोर्चाका तत्कालीन माले, मार्क्सवादी र संयुक्तलाई नेकाको कृष्णप्रसाद भट्टराई नेतृत्वको सत्तामा नजान सचेत गराएको थियो । त्यसबेला नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले मालेका मदन भण्डारी, झलनाथ खनाल, माधवकुमार नेपाल, केपी ओली र मार्क्सवादीका मनमोहन अधिकारी र सहाना प्रधान तथा संयुक्तका विष्णुबहादुर मानन्धर र निलम्बर आचार्यलाई बहुदलको एक चम्चा पानीले जनताको प्यास नमेटिने सन्देश पठाउनु भएको थियो । तर, उनीहरू मानेनन् र पुँजीवादी सरकारमा गए । कम्युनिस्टहरू पुँजीवादी सरकारमा जानु शोषक वर्गसँग 'घुस' खानुजस्तै हो । यसकारण अहिले नेपालको कम्युनिस्ट आन्दोलन कमजोर भयो ।

कम्युनिस्ट दाबी गरेका माले र मार्क्सवादी मिलेर बनेको एमाले र दाहाल नेतृत्वको माओवादीको आर्थिक र विदेश मामिला नीतिमा नेकासँग फरक छैन । अदालतका न्यायाधीशसमेत भागबन्डा गरी शासक दलहरूले निर्देशन दिएर फैसला गराउनु न्यायको अपहरण हुनुजस्तै हो । यसरी हँसिया हथौडा झन्डा बोके पनि एमाले र माओवादी कम्युनिस्ट होइनन् ।

हामीले एमाले र माओवादीलाई स्पष्टसँग भन्यौँ- प्रम र मन्त्री बन्नुको अर्थ झन्डावाल गाडीमा सिंहदरबार भित्र बाहिर गर्ने मात्र होइन । ८० लाख युवा वैदेशिक रोजगारीमा पठाउने र दाल, चामल एवम् तरकारी समेत भारतबाट किनेर कृषि प्रधान देशका नेपालीलाई खुवाउने यो सरकारको औचित्य छैन ।

बेलायत र इन्डियाले नेपाली युवालाई गोर्खा भर्तीको नाममा 'भाडाको सिपाही' बनाएर मराउँदै छन् । नेपाल मजदुर किसान पार्टीले गोर्खा भर्ती अविलम्ब खारेज गर्नुपर्नेमा जोड दिइरहेको छ । नेपालका शासकहरूले नेपाली युवालाई अमेरिकी, फ्रान्सेली, युक्रेनी, रुसी सेनामा पनि पठाएका छन् । सरकारले नेपाली युवालाई विदेशी सेनामा भर्ना गराई मर्न पठाउने होइन; नेपालमै रोजगारी दिनु आवश्यक छ । युवालाई स्वदेशमा रोजगारी दिन नसक्ने शासकहरूले सिंहदरबार छोड्नुपर्छ । नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने शासक दलका नेताहरू र सरकारका अधिकारीहरूलाई कारबाही हुनुपर्दछ ।

कम्युनिस्टहरूको सरकारले उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्दछ । नेपालमा कम्युनिस्ट दाबी गरेका शासक दलहरूले सार्वजनिक संस्थाहरू सस्तोमा बिक्री गरी देश र जनतालाई धोका दिए र भ्रष्टाचार गरे । यसकारण पुँजीवादी सरकारमा गएका कम्युनिस्ट दाबी गरेका एमाले र माओवादी पार्टी भाइकाङ्ग्रेस साबित भए । नेपाल मजदुर किसान पार्टीले एमालेलाई २०४८ सालमै भाइ काङ्ग्रेस बताएको थियो । २०५२ यता दाहाल नेतृत्वको माओवादी 'भारतीय ट्रोजन हर्स' सावित भयो ।

दाहाल नेतृत्वको माओवादीले सशस्त्र गृह युद्ध गरेको र कम्युनिस्ट भएको दाबी गर्छ । तर, हतियार उठाउँदैमा कोही कम्युनिस्ट हुँदैन । काङ्ग्रेसले पनि राजा र राणाविरुद्ध हतियार उठाएको थियो । जङ्गबहादुर राणाले पनि कोतपर्वमार्फत गरी 'श्री ३ सरकार' घोषणा गरे । के तिनीहरू सबै कम्युनिस्ट हुन् र ? होइनन् । सामन्ती र पुँजीवादी विचार भएकाहरू हतियार उठाउँदैमा कम्युनिस्ट हुँदैनन् ।

दाहाल सरकारले विद्युत् प्राधिकरणको शेयर निष्काशन गरेर र नेपाल वायुसेवा निगमलाई व्यवस्थापन करारको नाममा बेच्ने तयारी गर्दै छ । यसले शासक दलहरू विदेशी पुँजीको दलाल साबित गर्छ । नेपाली जनताले शासक दलहरूलाई खबरदारी गर्नु आवश्यक छ, उदाङ्ग्याउनु आवश्यक छ ।

६ महिनाको अवधिमा भारतबाट विषादी भएको १२ अर्बको तरकारी नेपाल भित्रिएको समाचार प्रकाशित भयो । प्रतिनिधिसभाको कृषि समितिको बैठकमा खाद्य स्वच्छतासम्बन्धी विधेयकबारे भएको छलफलको क्रममा हामीले देश र जनताका यही विषय उठाएका थियौँ । तर, नेकाका सभापति सांसद आरजु राणाले 'विषयमा बोल्नु' भनी बोल्न नदिने नियत राखिन् । हामीले विषय बाहिर बोलेका थिएनौँ । हामीले स्पष्टसँग राख्यौँ- भ्रष्टाचारको विरोध विषयभन्दा बाहिर हो र ? भ्रष्टाचारको विरोध हुनुलाई सरकारहरू गणतन्त्रको विरोध भएको किन ठान्छन् ? नेकाले वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गऱ्यो, अहिले यो संस्था भ्रष्टाचारको अखडा भएको छ ।

सरकारले देशको सन्तुलित विकास गर्नु जरुरी छ । तर, शासक दलका नेता र कार्यकर्ताहरू काठमाडौँमा घरजग्गा जोड्दै छन् । काठमाडौँमा थामी नसक्नु जनसङ्ख्या वृद्धि हुँदा धुलो, धुवाँ र प्रदूषण बढ्दो छ । परिणामः काठमाडौँका बासिन्दाहरूमा फोक्सोको रोग बढ्दो छ । जनताको सेवा गर्न र देशको सन्तुलित विकास गर्न प्रधानमन्त्री, मन्त्री र सांसदहरू आ-आफ्नो जिल्लामा मात्र बस्न पाउने र अन्यत्र घरजग्गा किन्न नपाउने कानुन आवश्यक छ । शासक दलका नेताहरू सहरमा बस्न आएको हुँदा जिल्ला-जिल्लामा शिक्षा, स्वास्थ्य, रोजगारीको अभाव भयो । भएका पूर्वाधारको उपयोग भएन । नेपाली युवाहरू देश र विदेशको परिस्थितिबारे जानकार हुनुपर्दछ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद् प्रेम सुवालले नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिको २०८० माघ २० गते सम्पन्न तेस्रो नगर सम्मेलनको उद्घाटन समारोहमा राख्नुभएको मन्तव्यको सार - सं)*

# राज्यको ढुकुटी नोक्सान गर्नु देशघात हो

पाठक स्तम्भ

शुक्र

मधेश प्रदेशका आठ जिल्लाका सीमा नाकाहरू तस्करको कब्जामा रहेको समाचार छ । तस्करहरूले प्रहरी प्रशासन र भन्सार कर्मचारीहरूसँगको मिलिमतोमा भारतबाट भन्सार नतिरी दैनिक अर्बौं रुपियाँको सामान नेपालमा भित्र्याइरहेका छन् । भन्सारबाट नेपाल भित्रिएका सामानको पाँच प्रतिशत पनि राजस्व असुल गरिएको छैन । प्रहरी प्रशासन र भन्सार कर्मचारीहरूकै सेटिङमा मोटरसाइकलबाट सामान ओसारपसार भइरहेको छ । नम्बर प्लेट नभएको मोटरसाइकलमा सामान बोकेर तीन-चार ओटा प्रहरी चौकी पार गर्दा पनि सुरक्षामा खटिएका प्रहरीहरूले कसरी देखेनन् ? तस्करहरूले दिउँसो मोटरसाइकलमा र रातको समयमा गाडी प्रयोग गरेर सामान तस्करी गर्दै छन् ।

राजस्व अनुसन्धान कार्यालयले आफ्नो भाग नमिलेपछि मात्र छापा मारेको नाटक गर्छ । प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको राजस्व नियन्त्रण समितिको बैठक महिनामा एक पटक बस्नुपर्नेमा पाँच-छ महिनामा एक पटक बसेर झारा टार्दै छ । "पालिकाहरूको सिफारिसमा कतिपयलाई आँखा चिम्लिदिनुपर्छ" भन्ने सिराहाको माडर भन्सार प्रमुखको भनाइले पनि तस्करीमा शासक दलका कार्यकर्ताहरूको संलग्नता रहेको पुष्टि हुन्छ ।

खाद्यान्न क्वारेन्टिन (गुणस्तर परीक्षण) नगरी नाकाबाट भित्र्याउन नमिल्ने नियम भए पनि तस्करहरूले निर्वाध भित्र्याइरहेका छन् । सादा पोशाकका प्रहरीले तस्करलाई फाइदा हुने गरी 'लाइन क्लियर' गर्ने काम गरिरहेको पनि स्थानीय जनताको गुनासो छ । प्रहरीकै इसारामा तस्करहरू निर्धक्क ओहोरदोहोर गर्छन् ।

भारतबाट प्रतिकिलो ३० रुपियाँमा प्याज ल्याएर नेपालमा ६० देखि ७० रुपियाँमा बिक्री गरिन्छ । एउटा मोटरसाइकलमा प्रतिखेप दुईसय किलो प्याज ओसारिन्छ । सामान ओसार्ने युवालाई प्रतिखेप एक हजार रुपियाँ दिइन्छ । दिउँसो मोटरसाइकलमा र रातको समयमा टेम्पो, पिकअप र मिनीट्रकमा सामान ओसारिरहेको स्थानीय बताउँछन् ।

प्रहरी प्रशासन र भन्सार कर्मचारीलाई तस्करहरूले मासिक रकम 'घुस' दिएर धन्दा चलाइरहेका छन् । प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरीका अधिकारी र भन्सारका अधिकारीहरू परिवर्तन भए पनि यो धन्दा रोकिएको छैन । वर्षौंसम्म भन्सार छलेर सामान भित्रिँदा राज्यले खर्बौं रुपैयाँ राजस्व गुमाइरहेको छ ।

मधेश प्रदेशमा देखिने गरी तस्करी मौलाइरहेको छ भने यो रोग देशका सबै नाकामा छन् । तस्करीका सबै काम सेटिङमा हुने भएकोले प्रहरी प्रशासन र भन्सारका अधिकारीहरू कोही कारबाही परेका छैनन् । राज्यको ढुकुटी नोक्सान गर्नु देशघात हो । देशघात गर्नेहरूलाई मृत्युदण्ड समेतको सजाय हुनु जरुरी छ ।

# वाग्मती सभ्यताको संरक्षण कि ऋण पासो ?

✍ विवेक

**काठमाडौँ उपत्यका देशकै सांस्कृतिक केन्द्र हो । लिच्छविकालीन र मल्लकालीन थुप्रै सम्पदाहरू उपत्यकामा अहिले पनि जीवित छन् । यहाँका भाषा र संस्कृतिको जीवन्तताले उपत्यका एक खुला सङ्ग्रहालयको रूपमा अवस्थित छ । राज्यले देशको सन्तुलित विकासको लागि उपत्यका बाहिर स–साना शहरहरूको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसले देशको सन्तुलित विकासलाई पनि मद्दत गर्छ र जनसङ्ख्या विकेन्द्रीकृत पनि हुन्छ । उपत्यकामा बि.सं. १९९० र २०७२ सालका जस्तो ठूल्ठूला भूकम्प गएमा धेरै जनधनको क्षति हुने सम्भावना भएको हुँदा त्यसबाट जोगिन पनि राजधानी सार्नुपर्ने प्रस्ताव अगाडि आएको हो ।**

काठमाडौँ उपत्यकामा तीव्र रूपमा जनसङ्ख्या वृद्धि भइरहेको छ । त्यसले वातावरणमा नकारात्मक असर पार्दै छ । उपत्यकाबाट बग्ने खोलाहरू प्रदूषित हुनु जनसङ्ख्या वृद्धिकै परिणाम हो । विगतमा सफा पानी बग्ने वाग्मती र त्यसका सहायक नदीहरू अहिले ढल बनिरहेका छन् । सन् २०२२ मा भएको अध्ययनअनुसार काठमाडौँ उपत्यकामा ३७ लाख जनसङ्ख्या रहेको थियो भने २० वर्षपछि सन् २०४२ मा ५० लाखभन्दा बढी हुने अनुमान गरिएको छ ।

काठमाडौँ उपत्यकामा बग्ने वाग्मती र त्यसका सहायक नदीहरूको सफाइको २० वर्षे कार्य योजनासम्बन्धी छलफल माघ १५ गते राजधानीमा सम्पन्न भयो । सहरी विकास मन्त्रालयको आयोजनामा भएको उक्त कार्यक्रममा अधिकार सम्पन्न वाग्मती सभ्यता समिति, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, स्थानीय तहका पदाधिकारीहरू, सांसदहरूलगायत सरोकारवाला विज्ञहरूको पनि उपस्थिति थियो । सरकार र विभिन्न गैरसरकारी सङ्घ संस्थाहरूको प्रयासमा १५० पटकभन्दा बढी वाग्मती सफाइ कार्यक्रम चलाइसकेको तर त्यसबाट खासै सुधार हुन नसकेको बताइयो । वाग्मती सुधारको लागि हालसम्म २१ अर्बभन्दा बढी खर्च भइसकेको पनि सो कार्यक्रममा जानकारी दिइयो ।

वाग्मती सफाइको नाउँमा वाग्मतीमा पानी बगे सरी नै पैसा खर्च भइसकेको छ । अबको २० वर्षे योजनाको लागि २ खर्ब ७९ अर्ब ६० करोड ५० लाख बजेट खर्च लाग्ने र उक्त रकम विश्व बैङ्कबाट ऋण स्वरूप लिइने प्रस्ताव गरिएको छ । त्यसको ब्याजमात्रै वर्षको अरबौं तिर्नु पर्नेछ । वाग्मती नदी र वातावरण सफाइको लागि यति धेरै बजेट खर्च गरेर कतै नेपाललाई विश्व बैङ्कको ऋणको पासोमा त फसाउन खोजेको होइन ? प्रश्न उठ्नु स्वाभाविक छ ।

विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (आइएनजीओ) साम्राज्यवादीहरूका आर्थिक हतियारहरू हुन् । साना तथा अल्पविकसित देशहरूमा ऋण लगानी गर्ने बहानामा ती देशहरूको राजनीतिमा नियन्त्रण कायम गर्ने उनीहरूको उद्देश्य हुन्छ । ऋण दिनु अघि नै सरकारका पदाधिकारीहरूलाई विभिन्न शर्तहरूमा उनीहरूले हस्ताक्षर गराउँछन् र उनीहरूको शर्त पालना नगरुन्जेल ऋण स्वीकृत गर्दैनन् । वाग्मती सभ्यतामा विश्व बैङ्कबाट खरबौंको ऋण लिनु पनि देशको सार्वभौमिकता उनीहरूको हातमा सुम्पिनु जत्तिकै खतरनाक हुनेछ ।

वाग्मती फोहर छ, त्यो मानिसकै कारण भएको हो । विज्ञहरूको रिपोर्टअनुसार अव्यवस्थित सहरीकरण, फोहरमैला नदीमा विसर्जन, नदी साँघुरो हुनु, नदी नजिक सहरको विकास, बालुवा चोरी र नदी अतिक्रमण नै प्रदूषित हुनाका कारणहरू हुन् ।

वाग्मतीको सुधार आवश्यक छ तर खरबौं रूपैयाँको बजेट वाग्मती सुधारजस्तो अनुत्पादक क्षेत्रमा लगानी गर्नुभन्दा त्यसको ५० प्रतिशतमात्रै उद्योगधन्दा स्थापनातर्फ लगाएको भए धेरैवटा उद्योगहरू सञ्चालन हुन सक्छन् । त्यसले रोजगारीको सम्भावना बढ्नेछ, विदेश जाने युवाहरूको सङ्ख्यामा कमी आउनेछ र व्यापारघाटा कम गर्न मद्दत पुग्नेछ । यसबारे नेपाल सरकारले ध्यान दिनुपर्ने देखिन्छ ।

वाग्मती र त्यसका सहायक नदीहरू सफाइको निम्ति ठाउँ ठाउँमा फोहर पानी प्रशोधन केन्द्रहरूको निर्माण अनिवार्य आवश्यकता हो । भक्तपुरको सल्लाघारी र हनुमानघाटमा गरी २ वटा फोहर पानी प्रशोधन केन्द्र निर्माणाधीन छन् । ती प्रशोधन केन्द्र निर्माण कार्य सुरु भएको वर्षौं भइसक्यो तर खासै प्रगति हुन सकेको छैन । विदेशी बैङ्कसँग ऋण लिएर बनाएका त्यस्ता प्रशोधन केन्द्रहरू निश्चित समयभित्र सञ्चालनमा ल्याउन नेपाल सरकारले ध्यान दिनु जरुरी छ ।

भक्तपुरको हनुमानघाट र सल्लाघारीको फोहर पानी प्रशोधन केन्द्रहरू पहिले नै नगरपालिकामा हस्तान्तरण गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको थियो । सरकारको त्यो निर्णय सरकारका उच्च पदाधिकारी र प्राविधिकहरूले कार्यान्वयन गर्न दिएनन् । त्यतिबेलै पालिकामा हस्तान्तरण गरिएको भए सामान्य मर्मत गरेर पनि चलाउन मिल्ने थियो । केही पदाधिकारीहरूको गैरजिम्मेवार कार्यले गर्दा मुलुकको अरबौं रूपैयाँ खेर गएकोो अवस्था छ ।

खोलाहरू सफा गर्नको निम्ति नगरकोट, शिवपुरीजस्ता क्षेत्रलाई जलाधार क्षेत्र घोषणा गरी त्यसको संरक्षणको जिम्मा नेपाली सेनालाई दिनु र जलाधार क्षेत्र वरिपरि बस्ती विकासलाई निषेध गर्नु राम्रो विकल्प हुन सक्छ । नेपाल मजदुर किसान पार्टीले नगरकोटलाई जलाधार क्षेत्र घोषणा गरी त्यसको जिम्मा सेनालाई दिनुपर्ने माग बारम्बार गर्दै आएको हो । तर सरकारमा बस्ने नेताहरू खानेपानीबारे त्यति संवेदनशील नभएको कारण त्यो अगाडि बढ्न सकेन ।

विदेशीले ऋण दियो भन्दैमा खुशी हुनुपर्ने कुनै कारण छैन । उनीहरू नेपालमा लगानी गर्न चाहन्छन् । मेलम्ची खानेपानीयोजनाको लागि ३० अर्ब खर्च अनुमान गरिएकोमा ६२ अर्ब खर्च भइसकेको सम्बन्धित पदाधिकारीहरूको भनाइ छ तर अझै काठमाडौँ उपत्यका बासीले वर्षैभरी पानी खान पाउने कुनै सुनिश्चितता छैन । त्यो योजना नै असफल पो हुने हो कि ? भन्ने आशङ्का धेरैले गर्न थालेका छन् ।

वाग्मती सफाइ अभियानमा लागेका कथित अधिकारकर्मीहरूले उपत्यकाका नगर प्रमुखहरूको विरुद्ध सर्वोच्च अदालतमा यस सम्बन्धमा मुद्दा दर्ता गरेका छन् । सो मुद्दा हाल विचाराधीन छ । केही समय पहिले नगर प्रमुखहरू स्वयम् सर्वोच्च अदालतमा वाग्मती सुधारका लागि भइरहेको विवरण पेश गर्न बोलाइएको थियो ।

त्यतिबेला भक्तपुर नगरपालिकाले हनुमन्ते खोला सुधारको लागि माटो पन्छाउने कार्य गर्नुका साथै खोला किनारामा रिटेनिङ वाल निर्माण गरिरहेको, खोला किनारबाट तोकिएको मापदण्ड कायम गरेर मात्रै घर निर्माणको नक्सा स्वीकृत गरेको, ठाउँ ठाउँमा जग्गा अतिक्रमण गरिरहेकाहरूबाट जग्गा फिर्ता लिने क्रम सुरु भएको र भनपा ८ र २ मा फोहर पानी प्रशोधन केन्द्र निर्माण भइरहेको बताएको थियो । खोला किनारामा रहेका पाटी, ढुङ्गेधारा, पोखरीलगायतका सम्पदाहरू नपाले पुन:निर्माण र जीर्णोद्धार गरिसकेको र कतिपय निर्माणाधीन अवस्थामा रहेको समेत सर्वोच्च अदालतमा लिखित जवाफ पेश गरिसकेको छ ।

खोलाहरू प्रदूषित हुनुको मुख्य कारण अनियन्त्रित रूपमा अव्यवस्थित प्लटिङहरू निर्माण गर्नु पनि हो । काठमाडौँ उपत्यका विकास प्राधिकरणले निजी 'प्लटिङलाई कुनै अध्ययन विना धमाधम स्वीकृत गर्नु नै ठुलो समस्या हो । उपत्यकाका स्थानीय तहहरूले आफ्नो आवश्यकताअनुसार आवास क्षेत्रहरू विकास गर्न सक्छन् । स्थानीय तहहरूलाई आवास क्षेत्र विकासको अधिकार पनि कानुनले प्रदान गरेको छ । नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य मा. प्रेम सुवालले ७५३ पालिकामा सहर विकास गर्न सरकारले नै आवश्यक बजेटको व्यवस्था गरी दिनुपर्नेमा जोड दिनुभएको छ । उपत्यका विकास प्राधिकरणले उपत्यकाभित्रै १ लाख रोपनीको १ वटा र १० हजार रोपनीको ३ वटा गरी १ लाख ३० हजार रोपनीमा बस्ती विकास गर्ने योजना अगाडि बढाएको छ । त्यसले उपत्यकामा खानेपानीको हाहाकार, ट्राफिक जामको समस्या, अपराधको सङ्ख्यामा वृद्धि हुनुका साथै वायु प्रदूषण बढ्ने पनि निश्चित छ ।

काठमाडौँ उपत्यका देशकै सांस्कृतिक केन्द्र हो । लिच्छविकालीन र मल्लकालीन थुप्रै सम्पदाहरू उपत्यकामा अहिले पनि जीवित छन् । यहाँका भाषा र संस्कृतिको जीवन्तताले उपत्यका एक खुला सङ्ग्रहालयको रूपमा अवस्थित छ । राज्यले देशको सन्तुलित विकासको लागि उपत्यका बाहिर स-साना शहरहरूको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसले देशको सन्तुलित विकासलाई पनि मद्दत गर्छ र जनसङ्ख्या विकेन्द्रीकृत पनि हुन्छ । उपत्यकामा बि.सं. १९९० र २०७२ सालका जस्तो ठूल्ठूला भूकम्प गएमा धेरै जनधनको क्षति हुने सम्भावना भएको हुँदा त्यसबाट जोगिन पनि राजधानी सार्नुपर्ने प्रस्ताव अगाडि आएको हो ।

संविधानसभामा नेपाल मजदुर किसान पार्टीले सङ्घीय राजधानी दाङमा सार्नुपर्ने र काठमाडौँ उपत्यकालाई सांस्कृतिक राजधानी बनाउनुपर्ने प्रस्ताव अगाडि बढाएको थियो । शासक दलहरूले त्यसलाई गम्भीरतापूर्वक लिएनन् । नेमकिपाको त्यो प्रस्तावअनुसार अघि बढेको भए पूर्वजस्तै पश्चिम नेपालको पनि विकास हुने थियो ।

वाग्मती नदीसँग कैयौँ सम्पदाहरू जोडिएका छन् । धेरै ठाउँहरूमा सम्पदा नासिसकेको अवस्था छ भने कैयौँ सम्पदाहरू अतिक्रमणको चपेटामा छन् । सम्पदाहरूको संरक्षण गर्न जनतामा चेतना जागृत गर्नु आवश्यक छ । साथै राज्यले त्यसो अग्रसरता नलिएसम्म त्यो सम्भव हुँदैन । खोला किनाराका कैयौँ पर्ती र सार्वजनिक जग्गा धेरैले निजी गरी खाइरहेका छन् । ती सबैलाई एक एक गरी फिर्ता लिएर कारबाही नगरेसम्म सम्पदा र संस्कृतिको उचित संरक्षण हुन सक्दैन ।

उपत्यकामा जनसङ्ख्या नियन्त्रण गरी सम्पदा र संस्कृतिको संरक्षण गर्न स्थानीयहरूबीच मात्रै जग्गा किनबेच गर्न पाउने कानुनी व्यवस्था हुनुपर्छ । स्थानीय तहलाई संविधानले त्यस्तो अधिकार प्रदान गर्न सके सम्पदा संरक्षणलाई मद्दत पुऱ्याउनेछ । भक्तपुर नगरपालिकाले ऐन बनाएरै स्थानीय जनताले मात्रै अचल सम्पत्ति किनबेच गर्न पाउने कानुन निर्माण गर्यो तर केही सम्पदा विरोधी मानिसहरू अदालतमा गए । उनीहरूको कारण त्यो प्रावधान बदर भयो । नत्र देशका सांस्कृतिक क्षेत्र संरक्षणमा भक्तपुरले देखाएको बाटो नमूना हुने थियो । संविधान संशोधन गरेरै भए पनि उपत्यकामा स्थानीयले बाहेक घर जग्गा किनबेच गर्न नपाउने व्यवस्था गर्न आवश्यक छ । उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा सुरक्षित गर्ने यही एउटा उचित विकल्प हो ।

# क्युवाको कृषि - ४

✍ रामरतन चौधरी

**क्युवाले जमिनको स्वामित्व भएकाहरूलाई आफ्नो जमिन बाँझो छोड्न नपाउने नीति बनायो । जमिन बाँझो राख्ने जमिनको मालिकहरूलाई स्थानीय अधिकारीहरूले ६ महिनाभित्र खेती गर्न सूचित गर्थे । यदि ६ महिनाभित्र पनि खेती गरेन भने स्थानीय नगरपालिकामा खेती गर्न आवेदन दिने जो कोहीलाई सो जमिन हस्तान्तरण गरिदिन्थ्यो । यो नीतिले आफ्नो जमिन कसैले बाँझो छोडेनन् । सबैले उत्पादन गर्न थाले । यसले कृषि उत्पादन बढ्यो । सन् १९९६ मा क्युवाले सहरी क्षेत्रको कृषि क्षेत्रमा रासायनिक पदार्थ प्रयोग गर्न प्रतिवन्ध लगायो । सबैले अनिवार्य रूपमा जैविक खेती गर्नुपर्ने भयो । परिणाम : क्युवाको राजधानी हवाना कृषि बगैँचाको जैविक क्षेत्र बन्यो ।**

सन् १९५९ को क्युवाली क्रान्तिपश्चात्को करिब ३० वर्ष राज्यको वितरण संयन्त्रले आफ्ना नागरिकलाई चाहिने आवश्यक खाद्यवस्तु अन्य मुलुकबाट आयात गरेर भए पनि पुऱ्याएको थियो । तर, सन् १९९० तिर सामना गर्नुपरेको खाद्य सङ्कटले क्युवाको राज्यको वितरण संयन्त्रलाई नै प्रभावित तुल्यायो । खाद्य सङ्कटले क्युवाको राजधानी हवानालाई झन् धेरै आच्छु आच्छु पाऱ्यो । हवानाका जनताले आफूलाई चाहिने खाद्यान्नको निम्ति निकै सङ्घर्ष गर्नुपऱ्यो । हवानामा मात्रै क्युवाको करिब २० प्रतिशत जनसङ्ख्याको बसोबास रहेको छ ।

सन् १९८९ भन्दा अगाडि क्युवाको सहरी कानुनले घरअगाडिको खाली जमिनमा खाद्यान्न लगाउन निषेध गरेको थियो । आफूले भोग्नुपरेको खाद्यान्न सङ्कटपछि भने क्युवाले यो नीतिमा हेरफेर गऱ्यो । त्यसपछि हवानाका हरेक खाली जमिनमा खेती गर्नैपर्ने नीति लियो । यसको परिणामत: हवानाभरि सहरी करेसाबारी सुरु भयो । पाँच वर्षको अवधिभित्र हवानाभरि २८ हजार करेसाबारीका टुक्राहरू देखापरे ।

सहरमा बसेका सबै मानिसहरूलाई कसरी कृषि गर्ने भन्ने ज्ञान थिएन । यस्तो बेलामा क्युवाली महिला सङ्घ र टोल नागरिक समितिजस्ता सामुदायिक सङ्गठनहरूले खेतीपाती गर्ने काममा सहरका मानिसहरूलाई सहयोग गर्न थाले । अब सहरका मानिसहरू पनि बाध्यता र आवश्यकताले गर्दा एकाएक कृषक बन्न पुगे । स्थानीय स्तरमा जे जस्ता औजार र बीउ पाए उनीहरू त्यसैलाई प्रयोग गरेर खाली ठाउँमा उत्पादन गर्नेतर्फ लागे । त्यसले राम्रै परिणाम दियो । क्युवाले सञ्चालन गरेको सहरी कृषिबाट सन् १९९३ मा केही सय टन खाद्य उत्पादन हुन्थ्यो भने सन् २००६ सम्म पुग्दा ३० लाख टन खाद्यान्न सहरी कृषिबाट उत्पादन भयो । यसले गरे के नहुँदो रहेछ ? भन्ने सिद्ध गऱ्यो ।

सन् १९९४ मा सहरका जमिनबाट खाद्यान्न उत्पादन गर्ने उद्देश्यका साथ हवानामा 'अठोटपूर्ण अग्रगामी सहरी कृषि विभाग' गठन भयो । यसले सहरका खेतीवालहरूलाई कृषि उत्पादनको निम्ति सहयोग, मार्गदर्शन र आधारभूत स्रोतहरू उपलब्ध गराउने काम गऱ्यो । यो कृषि विभागले सहरी जोताहाहरूलाई भूमिमाथिको अधिकार दिलाउने काम पनि गऱ्यो । क्युवामा स्थानीय नगरपालिकालाई भूमि उपयोगको अधिकार दिइएको थियो । नगरवासीहरूले आफ्नो घर वरपर कृषि बगैँचा बनाउनको निम्ति स्थानीय नगरपालिकामा आवेदन गर्न पाउँथे । नगरका स्वायत्त जन परिषद् अर्थात् तल्लो तहका स्वायत्त सरकारका इकाइहरूले नगरवासीलाई कृषि बगैँचाको निम्ति भूमि उपलब्ध गराउने काममा नगरपालिकासँग समन्वय गर्थे । सन् १९९७ डिसेम्बर १० मा कृषिमन्त्री अल्फ्रेड जोर्डनले सन् २००२ सम्ममा सहरवासीलाई सघन खेती गर्नको निम्ति १० वर्गमिटर जमिन उपलब्ध गराउने सात बुँदे सहयोग कार्यक्रम घोषणा गरे । यस घोषणाबाट नगरवासीले सहज ढङ्गले जमिन पाउन थाले । यसले नगरवासीहरूमा कृषि उत्पादन गर्ने उत्साह थप्यो ।

क्युवाले जमिनको स्वामित्व भएकाहरूलाई आफ्नो जमिन बाँझो छोड्न नपाउने नीति बनायो । जमिन बाँझो राख्ने जमिनको मालिकहरूलाई स्थानीय अधिकारीहरूले ६ महिनाभित्र खेती गर्न सूचित गर्थे । यदि ६ महिनाभित्र पनि खेती गरेन भने स्थानीय नगरपालिकामा खेती गर्न आवेदन दिने जो कोहीलाई सो जमिन हस्तान्तरण गरिदिन्थ्यो । यो नीतिले आफ्नो जमिन कसैले बाँझो छोडेनन् । सबैले उत्पादन गर्न थाले । यसले कृषि उत्पादन बढ्यो । सन् १९९६ मा क्युवाले सहरी क्षेत्रको कृषि क्षेत्रमा रासायनिक पदार्थ प्रयोग गर्न प्रतिवन्ध लगायो । सबैले अनिवार्य रूपमा जैविक खेती गर्नुपर्ने भयो । परिणाम : क्युवाको राजधानी हवाना कृषि बगैँचाको जैविक क्षेत्र बन्यो ।

क्युवाले हवाना सहरमा पानी आपूर्ति गर्ने विभिन्न ठाउँका जलाधार क्षेत्रमा वृक्षरोपनको अभियानलाई पनि अगाडि बढायो । साथै, ठाउँ ठाउँमा पानी जम्मा हुने जलाशयहरू निमार्ण गर्न थाल्यो । वृक्षरोपन र जलाशयको निर्माणले जमिनमुनिको पानीको सतहलाई उकास्ने काम गऱ्यो । यसले खेतीबारीमा पानी लगाउन सजिलो भई बाली उत्पादनमा पनि राम्रै प्रभाव पाऱ्यो । यी विविध प्रयासले गर्दा अहिले क्युवा उच्च गुणस्तरयुक्त सहरी कृषि कार्यक्रम भएको देशको रूपमा चिनिन्छ ।

क्युवाले सधैँ एकै किसिमको बाली लगाउने प्रथालाई छोडेर बहुबाली प्रथालाई अपनायो । सानो क्षेत्रफलमा सघन रूपमा करेसाबारीको विकास गऱ्यो । हवानाको साना पारिवारिक बगैँचामा गरिएको कृषि उत्पादन संसारमै राम्रो भएको अभिलेख छ । सन् २००३ मा हवानामा मात्रै प्रतिदिन प्रतिव्यक्ति खाद्यान्न उत्पादन ९४३ ग्राम पुगेको थियो । यस क्षेत्रले क्युवामा उपभोग हुने तरकारीको ६० प्रतिशत उत्पादन गरेर देखायो । क्युवाले वातावरण तथा पर्यावरणलाई ध्यान दिई सहरी तथा ग्रामीण दुवै क्षेत्रमा साना स्तरका जैविक खेती प्रणालीलाई अपनाउँदै विश्वमै नमूनाको रूपमा प्रस्तुत भयो ।

नेपालमा पनि जनसङ्ख्या सहर केन्द्रित हुँदै छ । खेतीयोग्य भूमिमा कङ्क्रिटका महल ठडिँदै छन् । पुर्खाले बनाएका सार्वजनिक पोखरीहरू पनि मासिने क्रम बढ्दै छ । यसले उपत्यकाको भूमिगत पानीको सतह घट्दै छ । हामीले पनि क्युवाको सहरी कृषिको निम्ति निर्माण गरिएका जलाशय र वृक्षरोपनबाट सिक्नु जरुरी छ । अहिले सहरका मानिसहरूले खेती गर्न छोड्दै छन् । काठमाडौँ उपत्यकालाई चाहिने दाल, चामल, तरकारी विदेशबाट आयात हुँदै छ । बढ्दो यातायातका साधनहरूको कर्कश ध्वनि, धुलो, धुवाँले काठमाडौँ उपत्यकाको पर्यावरण दिनप्रतिदिन खस्किँदै छ । यो समस्यालाई सरकारले बेलैमा ध्यान पुऱ्याउन क्युवाको सहरी कृषि प्रणालीबाट सिक्न उपयुक्त हुनेछ ।


*(२०८० माघ २१ गते)*

# ‘स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा’ सरसरती पढ्दा

✍ समा

नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको दिन माघ १० गते ‘स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा’ पुस्तक सार्वजनिकीकरण भयो । वास्तवमै राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा पुस्तक या पत्रपत्रिका प्रकाशन, अध्ययन र विचारविमर्शले समाजलाई उज्यालोतिर अघि बढाउँछ । तर, अन्तर्राष्ट्रिय जगतमा भएका देशक्तिपूर्ण मुक्ति आन्दोलन, उपनिवेशवाद र साम्राज्यवादविरोधी सङ्घर्षबारे सत्यतथ्य जानकारी दिने पुस्तक नेपालको साहित्यिक वृत्तमा अभाव छ । विश्वका प्रगतिशील र क्रान्तिकारी व्यक्तित्वहरू चिनाउने साहित्यहरूको कमी नै छ । नेपाली समाजको यो अभाव पूर्ति गर्न र समाजलाई बुद्धिजीवीकरणतर्फ अघि बढाउन नेमकिपा र भ्रातृ सङ्गठनहरूले निरन्तर प्रकाशन र छलफलहरूमा जोड दिँदै आइरहेको अवगतै छ । यो पटक नेपाल क्रान्तिकारी मजदुर सङ्घले अफ्रिकी महादेशमा भएका उपनिवेशवाद र रङ्गभेदविरोधी आन्दोलन र अगुवाहरू चिनाउने पुस्तक पाठकमाझ पुऱ्याएको छ ।

पुस्तक ‘स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा’ ले अफ्रिकी महादेशको भूगोल, अर्थतन्त्र र राजनीतिक इतिहासबारे नेपाली समाजलाई सुसूचित गर्छ । दोस्रो विश्वयुद्धपछि स्वतन्त्रता र मुक्ति आन्दोलनका कारण निकै चर्चामा रहेको संसारकै दोस्रो ठुलो महादेश अफ्रिकाको भौगोलिक विविधतासँगै प्राकृतिक स्रोत र साधनमा सम्पन्नता र प्रचुरताबारे जानकारी दिन्छ । युरोपका साना ठुला देशहरूले लामो समयसम्म उपनिवेश बनाएको अफ्रिकालाई इतिहासदेखि आजसम्म उपनिवेशको घाउ दुख्छ । अफ्रिकाको हीरा, युरेनियम, कोबाल्ट, तामा, म्याग्निन, टीन, कोइला र पेट्रोललगायतका प्राकृतिक खनिज आज पनि संरा अमेरिका, बेलायत र अन्य युरोपेली उपनिवेशवादी देशहरूको पञ्जामा छ । पुस्तकले




अफ्रिकाको जनशक्ति अर्थात् मानव शक्तिमा तिनको कब्जा र अफ्रिकी जमिनमाथि हस्तक्षेपको सिलसिला बोध गराउँछ । संरा अमेरिका, बेलायत र अन्य उपनिवेशवादी युरोपेली देशहरूको समृद्धि अफ्रिका र अफ्रिकी जनताको रगत पसिनाबाट प्राप्त भएको हो भन्ने सत्य बुझ्न सघाउँछ । अफ्रिकाको सभ्यता, भाषा र संस्कृतिमाथि हस्तक्षेप र अतिक्रमण आज पनि छ ।

दोस्रो विश्वयुद्धपछि जब संरा अमेरिका विश्वमा पहिलो शक्तिको रूपमा उदायो तब अफ्रिकामाथि लुटपाट अझ तीव्र भयो । फ्रान्स र बेलायतले गरेको दास व्यापारको फरक ढङ्गले निरन्तरता दिइयो । संरा अमेरिकाले अफ्रिकामा मानवीय सहयोग, ऋण, वित्तीय सहयोग, अनुदानजस्ता डलरको उपनिवेश खडा गर्यो । त्यसकारण, आज पनि अफ्रिका आर्थिकरूपमा पराधीन छ । प्राकृतिक स्रोतसाधन र सभ्यताको हिसाबले अत्यन्त समृद्ध अफ्रिकामा आर्थिक रक्तस्राव छ । मृत सहायता अर्थात् ‘Dead Aid’ नामको एउटा पुस्तकले प्रश्न गरेको थियो, “अफ्रिकामा संरा अमेरिकाको आर्थिक सहायता हुँदाहुँदै अफ्रिका किन गरिब छ ?” दोस्रो विश्वयुद्धपछि संरा अमेरिकाले अफ्रिकामा गरेको हरेक किसिमको सहयोग अफ्रिकी प्राकृतिक स्रोतसाधनमाथि अमेरिकी दोहनको लाइसेन्स बन्यो । अमेरिकी डलरमा अफ्रिकाका शासकहरू बिके । राजनीतिक बन्दोबस्त अस्थिर बन्यो । भ्रष्टाचार र बेइमानी बढ्यो । अमेरिकाको सहयोगले अफ्रिकी जनतालाई अल्छी मात्र होइन माग्नेसमेत बनायो भन्ने विश्लेषण झूटो होइन भन्ने थप पुष्टि यो पुस्तकले गर्छ । सन् २०१० अघिको तथ्याङ्क या आँकडामा हेर्ने हो भने अफ्रिकामा जतिजति अमेरिकी सहयोग वृद्धि भयो उही अनुपात या त्योभन्दा तीव्ररूपमा गरिबी दर बढ्यो । भोकमरी, बेरोजगारी, दीर्घकालीन आर्थिक मन्दी अफ्रिकाको महारोग बन्यो । अफ्रिकाले अबको शताब्दीमै तिर्न नसक्ने वैदेशिक ऋणको भारी बोक्न पर्यो । भएका केही राष्ट्रिय पुँजी पलायनको समस्या बढ्यो । अफ्रिकाको अर्थतन्त्रलाई विदेशको हातमा सुम्पनको निम्ति थुप्रै बहुराष्ट्रिय कर्पोरेसनहरूको मिलेमतो रह्यो । ती कम्पनीहरूले अमेरिकालाई अफ्रिकामा लुटपाट गर्न सघायो । पुस्तकमा जोमो क्वामे सुन्दरम्को लेखमा उल्लेख छ -“१९८० को दशकको आरम्भमा ऋण सङ्कट देखिएपछि अफ्रिकामा बाहिरबाट संरचनात्मक समायोजन कार्यक्रम ‘स्याप’ थोपरियो । त्यस नीतिले अफ्रिकी अर्थतन्त्रलाई झन हवाङ्गै पारिदियो ।” स्यापकै कारण अफ्रिका खाद्यान्नमा अत्यन्त परनिर्भर बन्दै गयो । अफ्रिकाको तेलमा बहुराष्ट्रिय कम्पनीहरूकै रजाइँ स्थापित भयो । कमिसनतन्त्रको जालो निकै जटिल बन्यो । अफ्रिकी मुद्राको अवमूल्यन र मुद्रास्फीतिबाट अमेरिकाले निर्माण गरेको अवस्था हो । त्यतिमात्र होइन अफ्रिकामा संरा अमेरिकी आर्थिक उपनिवेशका हतियारहरू विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष सक्रिय रह्यो । दाता राष्ट्र र तिनको असमान या अन्यायपूर्ण सर्तहरूको जालोमा पर्यो अफ्रिका । उत्पादनका साधनमाथि अमेरिका र बहुराष्ट्रिय कम्पनीहरूको हालीमुहाली बढ्यो ।

के परनिर्भरता र गरिबी अफ्रिकाको परिचय हो ? पुस्तक भन्छ -“अफ्रिका जन्मजात गरिब होइन । बरु लुटपाटले अफ्रिकालाई गरिब बनाइएको हो ।” आजको उज्यालो पक्ष भनेको अफ्रिका आफूमाथिको लुटपाट र नियोजित ऋण पासोबाट उन्मुक्तिका लागि चीनसँग सहाकार्य गर्दै छ । अफ्रिकाका निम्ति पछिल्लो दशक निकै सुखद रहेको विश्लेषण छ । चीनसँगको मित्रताले शताब्दीदेखि उपनिवेश र अपमान भोगिरहेको अफ्रिका मुक्त होला ? संसारको चासो यतातिर छ । अफ्रिका भने आफ्नो युग पुरानो रक्तस्राव रोक्न अग्रसर देखिन्छ । यसलाई आजको विश्वमा आर्थिक उपनिवेशविरुद्ध एक खालको अफ्रिकी सङ्घर्ष नै मान्नुपर्छ ।

हिजो अफ्रिकामा पराधीनता र उपनिवेशविरुद्धको सङ्घर्ष नउठेको होइन । अफ्रिकालाई आर्थिक, राजनीतिक, सांस्कृतिकरूपले स्वतन्त्र बनाउन थुप्रै प्रगतिशील क्रान्तिकारी नेताहरूले योगदान गरेको इतिहास छ । अफ्रिकालाई गरिबी र दरिद्रताबाट माथि उठाउन थुप्रै अफ्रिकी कम्युनिस्ट नेताहरूले सङ्घर्ष गरेको इतिहास छ । इतिहासका ती केही नायक अर्थात् अगुवाहरूसँग पुस्तकले पाठकलाई साक्षात्कार गराउँछ ।

अहमद बेन बेल्ला अल्जेरियाका प्रथम राष्ट्रपति हुन् । सन् १९६० को दशकमा अफ्रिकी महादेशमा स्वतन्त्रता आन्दोलनको उभार उठ्यो । अल्जेरियालाई त्यही दशकमा स्वतन्त्र गर्न नेता बेन बेल्लाहरूले सङ्घर्ष गरे । सन् १८३० देखि करिब १३० वर्ष फ्रान्सेली साम्राज्यवादले उपनिवेश बनाएको अल्जेरियाको मुक्तिका लागि लडाकु र सङ्घर्षशील स्वभावका स्वतन्त्रता सेनानी बेन बेल्लाको योगदान अतुलनीय मानिन्छ । १३० वर्षमा धुजाधुजा बनाइएको अल्जेरियाली जनताको सामाजिक र आर्थिक जीवन सुधार्न उनले निकै मेहनेत गरे ।

पुस्तकमा उनको बाल्यकालदेखि सङ्घर्षका जीवनसम्मको सङ्क्षिप्त चर्चा छ । उनलाई इजिप्टका प्रगतिशील प्रधानमन्त्री एवम् राष्ट्रपति अब्देल नासिरको प्रभाव थियो । बेल्लाले सन् १९५४ मा फ्रान्सेली उपनिवेशवादविरुद्ध सशस्त्र सङ्घर्ष नै सुरु गरे । पुस्तकमा उल्लेख छ -“लाठी, भाला, घरेलु बम र अन्य हातहतियार लिएर सारा अल्जेरियाली जनता उठे । अल्जेरियाली जनताको यो विद्रोह दबाउन फ्रान्सले पाँच लाख सेना अल्जेरिया पठायो ।” मुक्ति सङ्घर्ष त्यति सजिलो थिएन । उनले पछि निर्वाचनमा भाग लिए । जनताको माया र मतले उनी अल्जेरियाको पहिलो राष्ट्रपतिसम्म बने । उनी आफ्नो देशलाई प्रगतिशील र समाजवादी बाटोमा लान चाहने कुशल नेता थिए । तर, साम्राज्यवादी तत्त्व र प्रतिक्रियावादीहरू सर्वत्र रहेको व्यवस्थामा समाजवादी विशेषताहरू लागु गर्न कठिन भयो । उनी विश्वका समाजवादी क्रान्ति र नेताहरूबाट प्रभावित थिए । चेग्वेभारा, चाउ एन लाईसँग भेट गरेको तस्बिर पुस्तकमा छ । उनले भनेका थिए, “म मार्क्सवादी होइन तर म आफूलाई पूरै वामपक्षमा राख्छु । म आफूलाई उपनिवेशवादी र साम्राज्यवादविरोधी सङ्घर्षको नेतृत्व गर्ने क्युवा, चीन, प्रजग कोरियाजस्ता संसारका समाजवादी देशहरू र संसारका सबै वामपन्थी आन्दोलनको पक्षमा राख्छु ।” अल्जेरिया र अल्जेरियाली जनताको हित र सेवामा लड्दा लड्दै उनी कहिले गिरफ्तार परे, कहिले भूमिगत बसे । उनले कहिले सशस्त्र सङ्घर्ष त कहिले वैचारिक सङ्घर्ष गरे । सन् २०१२ अप्रिल ११ मा भएको उनको मृत्युले अल्जेरिया मात्र होइन सिङ्गो अफ्रिकी महादेशको स्वतन्त्रता आन्दोलनमा अपूरणीय क्षति पुग्यो ।

अफ्रिकी महादेशको मुक्ति आन्दोलनका अर्का सेनानी हुन् क्वामे एनक्रुमा । उनले घाना मात्र होइन सिङ्गो अफ्रिकाको मुक्तिका लागि नेतृत्व र वैचारिक खुराक प्रदान गरे । अफ्रिकी महादेशको पछौटेपन र गरिबीको कारण साम्राज्यवादी लुट र पुँजीवादी व्यवस्था नै हो भन्ने विषयमा उनी स्पष्ट थिए । त्यसकारण, उनले साम्राज्यवाद र उपनिवेशवादविरुद्धको लडाइँ सँगै देशभित्रको पुँजीवादी व्यवस्थाविरुद्ध सङ्घर्ष गरे । निर्वाचनमा भाग लिएर घानाको पहिलो प्रधानमन्त्री बने । देशका ठुल्ठुला उत्पादनका साधनमाथि बेलायती एकहट्टीविरुद्ध लड्दै उनले सामाजिकीकरणको बाटो अपनाए । बेलायतको उपनिवेश भोगिरहेको घानामा त्यो तत्काल सम्भव भएन । एनक्रुमा र उनको सङ्घर्ष दबाउन साम्राज्यवादीहरूले अनेक षडयन्त्र गरे । उनको कम्युनिस्ट विचार दबाउन एकखाले शीतयुद्ध चलाए । तर, उनी पछिल्लो निर्वाचनमा पनि जिते । जनताको लागि प्राथमिक शिक्षा निःशुल्क गर्दै केटाकेटीलाई विद्यालय जान उत्साहित गरे । उनले निरक्षरता र अशिक्षाविरुद्धको आन्दोलन चलाए । ६ मार्च १९५७ को दिन घाना उपनिवेशबाट स्वतन्त्र भयो । एनक्रुमा देशका राष्ट्रपति निर्वाचित भए । एनक्रुमालाई घानाका मुक्तिदाता र उद्धारकको रूपमा जनताले पुज्न थाले । घानाको पिछडिएको अर्थतन्त्र र सामाजिक संरचना सुधार्न उनले गरेको योगदान बेजोडको छ । सरल र सादा जीवन रोज्ने एनक्रुमाले कहिल्यै सरकारी सुखसुविधा खोजेनन् । तर, उनी शत्रु र आफ्नो सरकारका हरिया सर्पहरूबाट घेरिए । पेचिङ भ्रमणमा निस्केका एनक्रुमालाई २४ फ्रेबअरी १९६६ को दिन बिहान ५ बजे विद्रोही सेनाको एक कर्नेलले रेडियो स्टेसन कब्जा गरी सेना र प्रहरीले सरकार र संसद् भङ्ग गरेको तथा राष्ट्रपति एनक्रुमालाई अपदस्थ गरेको घोषणा गर्यो । तर, चीनमा एनक्रुमालाई एक राष्ट्राध्यक्षकै हैसियतमा स्वागत गरियो । गिनीका राष्ट्रपति सेकु तुरेले पनि उनलाई आफ्नो देशमा राष्ट्रपतिकै रूपमा स्वागत गरे । गिनीमा उनी सह-राष्ट्रपतिको रूपमा काम गरे । एनक्रुमा अत्यन्त अध्ययनशील स्वभावका थिए । महात्मा गान्धी र भारतको स्वतन्त्रता आन्दोलनबाट उनी प्रभावित थिए । समाजवादी व्यवस्था नै पुँजीवादी व्यवस्थाको एक मात्र विकल्प हो भन्ने एनक्रुमा वैज्ञानिक समाजवाद र सशस्त्र सङ्घर्षको विचारबाट टाढा थिए । “अफ्रिका एक हुनुपर्छ” भन्ने आवाज दिने एनक्रुमाको मृत्यु र समाधिको कथा बेग्लै छ । उनको राजनीतिक जीवन र मृत्यु दुबै ठुलो शिक्षा बन्यो । उनलाई आज पनि अफ्रिकी शैलीको समाजवादका विचारक, घानाका मुक्तिदाता, अफ्रिकी एकताका प्रनेता र साम्राज्यवादविरुद्धको सङ्घर्षका योद्धाको रूपमा स्मरण गरिन्छ ।

प्याट्रिस इमेरी लुमुम्बा अफ्रिकी स्वतन्त्रता र मजदुर आन्दोलनका एक लडाकु हुन् । कङ्गोका लुमुम्बाको बाल्यकालदेखि सङ्घर्षका दिन र व्यक्तित्वको चर्चा पुस्तकमा छ । सानैदेखि भोल्टाएर, रुसो, भिक्टोर ह्युगो र मोलायरजस्ता दार्शनिकहरू पढ्ने लुमुम्बाले कङ्गोको स्वतन्त्रता लडाइँमा नेतृत्व गरे । कङ्गोमा खानी मजदुरहरूको अवस्था दासभन्दा तल्लो दर्जाको थियो । उनले मजदुरहरूसँग सङ्गत गरे, सङ्गठन गरे, उपनिवेशवादविरुद्ध लड्न तिनलाई तयार गरे । मजदुरहरूको हडताल र आन्दोलनहरू सिङ्गो देशको स्वतन्त्रताका लागि आधार बन्यो । उनले कङ्गोमा विदेशी एकाधिकारको विरोध गरे । लुमुम्बाले उपनिवेशका जनतामाथि गरिने चरम शोषण, अन्याय, अत्याचार र बर्बरताको विरुद्ध जनतालाई एकतामा ल्याए । समाजमा वर्गीय चेतना फैलाए । एक लोकप्रिय नेताको रूपमा उदाए । देशभित्र र सिङ्गो अफ्रिकामा जातजाति र भाषाभाषीको नाममा हुने कलह निर्मूल गर्ने बाटो देखाए । उनी साँचो देशभक्त, जातीय र क्षेत्रीय साम्प्रदायिकताविरोधी कङ्गोली नेताको रूपमा स्थापित भए । आफ्नो नेतृत्वमा ‘कङ्गो राष्ट्रिय आन्दोलन’ नामक राजनीतिक दलको स्थापना गरे । लुमुम्बा र उनको दलको लोकप्रियता बढ्दै गएपछि बेल्जियमेली अधिकारीहरू आत्तिए । हतियार या गोलीबाटै जनदमन सुरु गरियो । त्यसको जवाफमा जनता विद्रोह र हडतालमा उत्रे । पुस्तकमा लुमुम्बाको राजनीतिक जीवन र कङ्गो राष्ट्रिय आन्दोलनका गतिविधिबारे मिहीन चर्चा छ । १९६० जून ३० मा लुमुम्बाले देशको स्वाधीनताको घोषणा गरे । तर, साम्राज्यवादीहरूले देशको आर्थिक, सैन्य र कर्मचारी संयन्त्र आफ्नै हातमा राखेका थिए । स्वाधीनताको घोषणापछि पनि अफ्रिकी देशहरू स्वतन्त्र थिएनन् । उनले देशलाई सम्पूर्णतः स्वतन्त्र गर्ने प्रयत्न रोकेनन् । लुमुम्बाले एक स्वतन्त्र र सार्वभौम देशको प्रधानमन्त्रीको रूपमा ४ महिना सङ्घर्ष गरे । ४ महिनापछि बेल्जिमेली उपनिवेशवादीहरू र स्थानीय प्रतिक्रियावादीहरूमार्फत साम्राज्यवादीहरूले उनको निर्मम हत्या गरे । त्यो घटनाबाट लिनुपर्ने शिक्षाबारे पुस्तकमा बुँदागत विश्लेषण छ । प्याट्रिस लुमुम्बाको इच्छापत्र छापिएको छ । पत्रमा लुमुम्बाको देश र जनताप्रतिको प्रेम, सङ्घर्षप्रतिको समर्पण महसुस हुन्छ ।

साम्राज्यवादविरोधी अफ्रिकी नेता जुलियस न्येरेरेको चर्चाबिना अफ्रिकी मुक्ति आन्दोलनको इतिहास अध्ययन अपुरो होला । तान्जानियामा बेलायती उपनिवेशविरुद्ध नेता जुलियसको सङ्घर्षबारे पुस्तकमा छोटो चर्चा छ । समाजवादी विचारबाट प्रभावित उनी तान्जानियालाई समाजवादी राज्य बनाउन चाहन्थे । न्युरेरे अफ्रिकी एकता र साम्राज्यवादविरुद्ध व्यापक दृष्टिकोण राख्थे । तान्जानिया उनकै कारण दक्षिण अफ्रिका, जिम्बावे, मोजाम्बिक, अङ्गोला र युगान्डाका स्वतन्त्रता सेनानी र नेताहरूको सङ्गमस्थल बन्यो । न्युरेरे अफ्रिकी महादेशको स्वतन्त्रताविना कुनै एक देशको स्वाधीनताको अर्थ छैन भन्थे ।

अफ्रिकी स्वतन्त्रता आन्दोलनका योद्धा तथा कम्युनिस्ट नेता एवम् दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीका महासचिव क्रिस हानीको जीवन, व्यक्तित्व र योगदानबारे पुस्तकमा चर्चा छ । क्रिस हानीको चिन्तन र सङ्गठन कौशल गज्जबको थियो । अध्ययनशील हानीलाई साम्राज्यवादी र फासीवादीहरू आफ्नो आँखाको कसिङ्गर मान्थे । अफ्रिकामा कम्युनिस्ट आन्दोलन उठ्ने डरले प्रतिक्रियावादीहरूले हानीमाथि अनेक आक्रमणहरू गरे । ल्याटिन अमेरिका र अन्य समाजवादी देशहरूसँग हानीको सम्बन्ध राम्रो थियो । अफ्रिकामा कम्युनिस्ट आन्दोलनको जग उनैले हाले भन्दा फरक नपर्ला । कम्युनिस्ट आन्दोलन मात्रले अफ्रिकाको साँचो स्वतन्त्रता सम्भव हुने विचार उनको थियो । प्रखर वक्ता र असल विचारक थिए क्रिस हानी । उनको जीवन र आचरणबाट कम्युनिस्ट कार्यकर्ताहरूले प्रेरणा लिन आवश्यक महसुस हुन्छ ।

गिनीका राष्ट्रपतिसमेत बनेका शेकु तुरेको सङ्घर्ष र गिनीको स्वतन्त्रता आन्दोलनबारे पुस्तकले जानकारी दिन्छ । शेकु तुरे पनि समाजवादका पक्षपाती थिए । अफ्रिकी स्वतन्त्रता सेनानीहरूसँग र समाजवादी देशहरूसँग राम्रो सहकार्य गर्थे । उनलाई पनि साम्राज्यवादी र प्रतिक्रियावादीहरूले षड्यन्त्रपूर्वक हत्या गरेको अनुमान गरिएको छ ।

लिबियाका एक देशभक्त मुअम्मर गद्दाफीको चर्चा नेपालको राजनीतिक वृत्तमा बेलामौकामा भइरहन्छ । संरा अमेरिकी साम्राज्यवाद र नाटोविरुद्ध गद्दाफीको सङ्घर्ष र अडान बेमिसाल थियो । लिबियामा जनताको शिक्षा, स्वास्थ्य, उत्पादन र आर्थिक उन्नयनमा उनले पुऱ्याएको योगदान र उनको शोषणमा जनताले पाएका सुख सुविधाको लेखाजोखा पुस्तकमा छ । उनको काम नरुचाउने साम्राज्यवादीहरूले उनको हत्या गरे ।

थोमस सङ्कारा बुर्किना फासोली क्रान्तिका नायक थिए । फ्रान्सको उपनिवेश र रङ्गभेदविरोधी सङ्घर्षका योद्दा सङ्कारा एक प्रखर वक्ता, आकर्षक र साह्रै उत्साही व्यक्तित्व थिए । उनको सङ्घर्षशील राजनीतिक यात्रा र योगदानबारे पुस्तकमा चर्चा छ । महिला मुक्ति, क्रान्ति र परराष्ट्र नीतिबारे उनको विचार पढ्न छुटाउनु हुँदैन ।

आठ जना अफ्रिकी स्वतन्त्रता सङ्घर्षका योद्धाहरूलाई चिनाउने यो पुस्तक पठनीयमात्र होइन सङ्ग्रहणीयसमेत छ । नेपालको राजनीतिक परिवेशमा अफ्रिकी स्वतन्त्रता आन्दोलनको शिक्षाले सकारात्मक सन्देश दिने निश्चित छ । अफ्रिकाको इतिहास र वर्तमानको तुलनात्मक अध्ययन गर्न सघाउने यस पुस्तकले अफ्रिकामा वर्गसङ्घर्ष र सशस्त्र क्रान्तिका सम्भावनाबारे थप उत्सुक बनाउँछ । संरा अमेरिकाको नवउपनिवेश लुटपाट तथा डकैतीको सामना गरिरहेको आजको अफ्रिकालाई क्रिस हानी, लुमुम्बा, एनक्रुमाहरूले पक्कै बाटो देखाइरहेको हुनुपर्छ भन्ने विश्वास पनि पुस्तकले दिलाउँछ । नेपाली साहित्यको क्षेत्रमा अफ्रिकाको इतिहास र सङ्घर्षबारे कम मात्र पुस्तक भेटिन्छ । पुस्तक ‘स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा’ नेपाली पाठकका निम्ति अनुपम उपहार अनुभव हुन्छ । पुस्तक प्रकाशकप्रति साधुवाद !

# नेमकिपाको ५० औं स्थापना दिवस मनाउने क्रम जारी

**कञ्चनपुर**

नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिका वडा नं. १ बैशाखीमा स्थानीय किसान तथा महिलाहरूको मङ्गलबार भेला भयो ।

भेलामा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले वर्गीय समाजमा राजनीति पनि वर्गीय हुने प्रस्ट पार्दै उहाँले सबै राजनैतिक दलहरूलाई एउटै आँखाले हेर्न नहुने बताउनुभयो । उहाँले नेमकिपा स्थापना कालदेखि नै काम गरिखाने किसान र मजदुरहरूको हकहितको लागि सङ्घर्ष गर्दै आएको चर्चा गर्दै भन्नुभयो, "सरकारमा गएका दलहरूले कहिल्यै पनि गरिबको विषयमा नसोचेको हुँदा नेपाली जनताले दुःख पाएका हुन् ।"

केन्द्रीय सदस्य शाहीले उत्पादनका साधनहरूमाथिको स्वामित्व र उत्पादन सम्बन्ध पुँजीपतिवर्गमा केन्द्रित हुँदा शोषण कायम हुने उल्लेख गर्दै समाजवादी व्यवस्थामा उत्पादनका साधनहरू राज्यको स्वामित्वमा जाने बताउनुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले समाजवादी व्यवस्थामा नागरिकको जन्मदेखि मरणोपरान्तसम्मको सम्पूर्ण व्यवस्था राज्यले गर्ने बताउनुभयो । उहाँले साँचो कम्युनिस्टहरू जनताको सेवामा समर्पित हुने चर्चा गर्दै राज्य व्यवस्था परिवर्तन गर्न शोषित पीडित जनता आफैं सङ्गठित हुनुपर्नेमा जोड दिनुभयो ।

पार्टीका कैलाली जिल्ला अध्यक्ष रमेशकुमार रावलले नेमकिपाको इतिहासबारे उल्लेख गर्दै भारतीय शासकवर्गले सदैव नेपालमाथि हेपाहा दृष्टिकोण राख्दै आएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य सुरेन्द्र था श्रेष्ठले राजनैतिक दर्शन र वर्गीय आधारबिना कुनै पनि दलको दिशानिर्देश नहुने बताउनुभयो ।

भेलाले कटकबहादुर शाहीको अध्यक्षतामा पार्टीको प्रारम्भिक समिति र रत्ना शाहीको अध्यक्षतामा नेपाल क्रान्तिकारी महिला सङ्घको प्रारम्भिक समिति गठन गर्‍यो ।



कञ्चनपुर

**कैलाली**

नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा धनगढी उप महानगरपालिका वडा नं. ४ बोराडाँडीमा महिलाहरूको भेला सोमबार सम्पन्न भयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका नन्दा रानामगरको सभापतित्वमा सम्पन्न उक्त भेलामा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेपाली जनता राजनैतिकरूपमा सचेत नहुँदा शासक दलहरूले जनतालाई झुक्याएर देशघात गरिरहेका छन् भन्नुभयो ।

उहाँले देशघाती महाकाली सन्धिका कारण महाकाली नदीको सम्पूर्ण पानी र बिजुलीमाथि भारतीय एकाधिकार पुँजीको नियन्त्रण कायम भएको र नेपाली भूमिमा भारतीय चेकपोस्ट बसिरहेको उल्लेख गर्दै सीमा अतिक्रमणविरुद्ध आवाज उठाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो, "शासक दलहरू भारतीय विस्तारवादसामु नतमस्तक भएको कारण सिमानाका जनताले दुःख पाइरहेका छन् ।"

सीमा रक्षा गर्न नसक्ने सरकार देशभक्त हुनै नसक्ने उल्लेख गर्दै उहाँले देशको सार्वभौमिकता रक्षाको लागि न्यायप्रेमी जनता एकजुट हुनुको विकल्प नरहेको स्पष्ट पार्नुभयो ।

पार्टीका कैलाली जिल्ला अध्यक्ष रमेशकुमार रावलले वर्गीय मुक्तिसँगै महिला मुक्ति सम्भव हुने चर्चा गर्दै कामदारवर्गको सङ्घर्षलाई रोक्न सरकारले नेपाली युवाहरूलाई विदेश पलायन गरिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य रोशनमैया सुवाल र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय सदस्य सेमसल तामाङले सरकारले कहिल्यै पनि कामदार महिलाहरूको हितमा काम नगरेको चर्चा गर्दै कमैया मुक्तिको नाममा किसानहरूलाई जग्गाको स्वामित्वबाट वञ्चित गराएको दाबी गर्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य सुरेन्द्र था श्रेष्ठले नेपाली जनताले राजनैतिक दलका नेताहरूलाई जिताए पनि भारतीय शासकवर्गको निर्देशनमा मात्र सरकार गठन हुने चर्चा गर्नुभयो । उहाँले नेपाल सरकार सार्वभौमसत्ता सम्पन्न नभएको औँल्याउनुभयो ।

त्यसैगरी नेमकिपा पार्टीको स्थापना दिवसको अवसरमा नेमकिपा कैलाली जिल्ला समितिको आयोजनामा बिहीबार **लम्की**मा कार्यकर्ता प्रशिक्षण सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेपाली जनताले कम्युनिस्टलाई भनी चुनावमा मतदान गरेको तर सरकारमा गएका पार्टीहरूले भारतीय विस्तारवादलाई खुसी पार्न कम्युनिस्ट चरित्रविपरीत कार्य गरिरहेको बताउनुभयो ।

उहाँले कम्युनिस्टको नाम भजेर जनतालाई छलछाम गर्नेहरू जनविरोधी भएको चर्चा गर्दै भन्नुभयो, "नामले कम्युनिस्ट भन्ने, तर निजीकरणलाई बढावा दिने, देशका नदीनाला भारतीय एकाधिकार पुँजीलाई सुम्पने र एमसीसी सम्झौता गर्नेहरू कम्युनिस्ट हुनैसक्दैनन् ।"

केन्द्रीय सदस्य शाहीले पार्टीको सही दृष्टिकोण र विचार कामदार जनतामाझ पुर्‍याएर समाजवाद स्थापनाको अभियानमा लाग्न कार्यकर्ताहरूलाई निर्देशन दिनुभयो ।

अर्का केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले पार्टीको इतिहास र स्थापनाका सैद्धान्तिक आधारहरूबारे प्रशिक्षण दिनुभयो ।

आयोजक समितिका अध्यक्ष रमेशकुमार रावलको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य सुरेन्द्र था श्रेष्ठले कठिन परिस्थितिमा पनि पार्टीलाई बचाउने र जनताबिच फैलाउने कार्यमा निरन्तर लाग्ने अग्रज कार्यकर्ताहरूप्रति सम्मान व्यक्त गर्नुभयो ।

कार्यक्रममा पार्टी जिल्ला समितिका गगनबहादुर थापामगर, लक्ष्मी पुन र प्रेम बडुवालले पार्टी गतिविधिबारे जानकारी दिनुभयो ।


कैलाली

**उदयपुर**

नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा त्रियुगा नगरपालिका-३, सगरमाथा टोल मोतिगडामा पार्टी समर्थित व्यक्तिहरूको भेला भयो ।

नेमकिपाका केन्दीय सदस्य एवम् कोसी प्रदेश संयोजक उकेश कवांले समाजवादी व्यवस्थामा मात्र कामदार जनताको भलो हुने बताउनुभयो ।

नेमकिपा जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादमा पुग्ने लक्ष्यका लागि सङ्घर्ष गरिरहेको उल्लेख गर्दै उहाँले समाजवादमा योग्यतानुसारको काम र कामअनुसार ज्यालाको बन्दोबस्त, शिक्षा, स्वास्थ निःशुल्क, व्यक्तित्व विकासमा समान अवसर, सबैलाई रोजगारको बन्दोबस्त हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "पुँजीवादको छाया भ्रष्टाचार हो । पुँजीवादी व्यवस्थाको अन्त्य नभएसम्म देश र जनताको समस्या समाधान नहुने हुँदा त्यसको विकल्प समाजवाद हो ।"

नेमकिपा उदयपुरका अध्यक्ष विष्णु खत्रीले तल्लो वर्ग सङ्गठित भएर नलडेसम्म शोषक र सामन्तले दुःख दिने हुँदा सङ्गठित हुन आग्रह गर्नुभयो । भेलाले गोविन्द कटुवालको अध्यक्षतामा ५ सदस्यीय नेमकिपा त्रियुगा ३ वडा समिति गठन गर्‍यो ।

त्यस्तै, **कटारी** नगरपालिका-३ मा पनि प्रशिक्षण कार्यक्रम भएको थियो ।

**सुर्खेत**

नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा 'श्रमिक' साप्ताहिकको अन्तरक्रिया कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले 'श्रमिक' साप्ताहिक नेमकिपाको मुखपत्र भएको र यो आस्थाको पत्रिका भएको बताउनभुयो ।

कामदार वर्गको पक्षमा र देशभित्रका दलाल पुँजीपति, भ्रष्टाचार, अन्याय, अत्याचार र भारतीय विस्तारवाद तथा अमेरिकी साम्राज्यवादको विरूद्धमा निरन्तर आवाज उठाउने र कामदार जनतालाई शिक्षित पार्ने काम 'श्रमिक' साप्ताहिकले गरिरहेको उहाँले बताउनुभयो ।

नेक्रायुसङ्घका लालबहादुर थापाले युवा विद्यार्थीहरू राजनीतिक गतिविधि र अध्ययनमा सक्रिय हुनुपर्ने धारणा राख्नुभयो ।

नेक्रामहिला सङ्घ सुर्खेतका अध्यक्ष तुल्सी खड्काको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रेमकुमार थापा, अक्कलबहादुर राना, विजुकला राना, चेतन पौड्याल, अङ्गबहादुर शाही, गोविन्दनाथ योगी, शिवराज दाहाल, अमर भण्डारी, इन्द्रप्रसाद न्यौपाने, ऐनबहादुर शाही, कविराम खड्का, टिकाराम कँडेल, जानकी सुनार र कल्पना शाहलगायले बोल्नुभएको थियो ।

साथै पार्टी स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी मजदुर सङ्घ सुर्खेतको आयोजनामा 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' पुस्तकको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले बेलायतका मजदुरहरूले आफ्नो रोजगारी खोस्ने काम मेसिनहरूले गरेको र मेसिनहरू नै आफ्नो शत्रु सम्झिएर मेसिन तोडफोडको आन्दोलन गरेको स्मरण गर्दै पुँजीपतिवर्गले मेसिन फोर्नेलाई ज्यान सजायको कानुन बनाएपछि मजदुरहरूले आफ्नो शत्रु मेसिन नभएर कलकारखानाका मालिक पुँजीपतिवर्ग भएको निस्कर्षमा पुगेको बताउनुभयो ।

आयोजक समितिका संयोजक निरकबहादुर शाहीको सभापतित्वमा भएको कार्यक्रममा नेपाल कान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य लालबहादुर थापाले पार्टी कार्यकर्ताहरूले विश्वका समाजवादी क्रान्तिको विषयमा गहिरो अध्ययन गरी स्पात भएर गाउँगाउँमा पुगेर जनतालाई शिक्षित र सङ्गठित गर्न आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सदस्य अकलबहादुर राना, महिलासङ्घका केन्द्रीय सदस्य विजुकला राना, तुल्सी खड्का, धनेन्द्र विक, अङ्गबहादुर शाही, अमरबहादुर भण्डारी, गोविन्दनाथ योगी, कविराम खड्का, ऐनबहादुर शाहीलगायतले बोल्नुभएको थियो ।



सुर्खेत

**काठमाडौं**

नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा पार्टी स्थापना दिवसको अवसरमा 'श्रमिक' साप्ताहिकबारे मङ्गलबार अध्ययन गोष्ठी भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक कामदार जनतालाई राजनीतिकरूपले सचेत बनाउने लक्ष्यका साथ प्रकाशित आस्थाको पत्रिका भएको बताउनुभयो ।

नेमकिपाको स्थापनाका वामपन्थी र दक्षिणपन्थी अवसरवाद र संशोधनवादको विरूद्ध भएको उहाँले बताउनुभयो ।

श्याम महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा कीर्तिपुर नगर समितिका अध्यक्ष अशोक डंगोल, अविरमान महर्जन, विन्दु महर्जन, सर्जु महर्जन र मनुषा महर्जनलगायतले बोल्नुभएको थियो ।

**नेक्राकिसङ्घद्वारा पार्टी स्थापना दिवस**

त्यस्तै नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौं जिल्ला समितिको आयोजनामा पार्टी स्थापना दिवसको अवसरमा मङ्गलबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले पार्टी स्थापनाको आधारहरूबारे स्पष्ट पार्नुभयो ।

नेपालको राजनीतिमा नेमकिपा 'प्रकाश स्तम्भ' को रूपमा रहेको उहाँले बताउनुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य राजवीर डंगोलले पार्टीका कार्यकर्ताहरू जनताबिच जान सधैँ अग्रसर हुनुपर्ने बताउनुभयो ।

हरिशरण श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा गुणदास महर्जन, बालमङ्गल डंगोल, काशीनारायण डंगोल, ज्ञानुमाया दराईलगायतले बोल्नुभएको थियो ।

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-२

✍ द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो। यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ। यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' (जिएसआई) बाट लिइएको हो। यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इस्कग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो। दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ। पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा उल्लेख टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने सन्दर्भ सामग्रीहरू दिइएको छैन। अनुवादक)*

खण्ड १ : अमेरिको पूर्ण नेतृत्वमा उत्तरी गोलार्द्धको सैन्य गठबन्धनको उदय

## परिवर्तन र सुगठन

विगत तीन दशकमा अमेरिकी नेतृत्वको सैन्य खेमामा दुई भित्री परिवर्तन आएको छ :

१. (बेलारुसबाहेक) पश्चिम युरोपका सम्पूर्ण मुलुकलाई समावेश गर्न यस खेमाको थप विस्तार।

२. वास्तवमै स्वतन्त्रता गुमाएका वा स्वतन्त्र रहेको ढोँग गरिरहेका देशहरूमाथि पश्चिम युरोपका पुँजीवादी देशहरूको पूर्ण प्रभुत्व कायम गर्ने चुनौती।

दोस्रो परिवर्तन सन् २०१८ मा टडकारो बन्यो। डोनाल्ड ट्रम्प इरानसँगको आणविक सन्धि (सन् २०१५) बाट बाहिरिँदा पश्चिम युरोपेली मुलुकहरूले घुँडा टेके। यस प्रक्रियाबारे पछि हामी सविस्तार चर्चा गर्नेछौँ।

अमेरिका नेतृत्वको सैन्य खेमाको केन्द्रलाई हामी नेटो भन्छौँ। यसमा जापान, अस्ट्रेलिया, इजरायल, न्युजील्यान्ड, दक्षिणी गोलार्द्धका तीन देश तथा नेटो सदस्यता लिइनसकेका अन्य केही युरोपेली देशहरू पनि छन्।

अमेरिका नेतृत्वको सैन्य खेमा संसारको एकमात्र यस्तो खेमा हो जसको केन्द्रीय कमान्डसँग व्यवहारिक र वैधानिक दुवै स्तरमा सैन्य गठबन्धन छ। यसखाले गठबन्धन दुनियाँमा अर्को छैन। यसको उद्देश्यमा एकता र स्पष्टता दुवै छ। गत १० मा संरा अमेरिकाले धेरै महत्त्वपूर्ण आणविक अप्रसार सन्धिहरू लत्याएको छ। (यसमा सन् २००२ को ब्यालेस्टिक मिसाइलविरोधी सन्धि, सन् २०१९ को मध्यम दूरीको आणविक बल सन्धि तथा सन् २०२० को खुला आकाश सन्धि पर्छन्।)

यसैकारण सैन्य योजनाकारहरूले मस्कोलाई मिनेटभरमै धुलोपिठो पार्नसक्ने गरी मध्यम दूरीका आणविक मिसाइलहरू तैनाथ गर्ने तयारी गर्न पाएका हुन्।

## सैनिक खर्च

'मन्थ्ली रिभ्यू' को नोभेम्बर २०२३ अङ्कमा गिसेला केर्नाड्स र जोन बेलामी फोस्टरको विस्तृत अनुसन्धानयुक्त आलेख छापियो। यसमा केवल अमेरिकी सरकारकै आर्थिक आँकडालाई आधार बनाइएको थियो। ती आँकडा 'आर्थिक विश्लेषण एवम् व्यवस्थापन तथा बजेट कार्यालय ब्युरो' (ओएमबी) ले जारी गरेको थियो। अमेरिकी सरकार वा स्टकहोम विश्व शान्ति अनुसन्धान संस्थान (सिप्री) ले भनेभन्दा अमेरिकाको सैन्य खर्च दोब्बर छ भन्ने कुरामाथिको अध्ययनबाट खुलेको थियो।

सन् २०२२ मा संरा अमेरिकाको वास्तविक सैन्य खर्च १५ खर्ब ३७ अर्ब डलर थियो। (यो निष्कर्ष केवल वाम धारका अनुसन्धानकर्मीहरूको मात्र होइन। जर्ज सोरोसजस्ता अर्बपतिहरूकै लगानी रहेका अध्ययन संस्थानहरूबाट पनि यस्तै कुरा बाहिर आएका छन्।)

विश्वभरिको कूल सैन्य खर्चको हिसाब निकाल्न हामीले सिप्रीले दिएको तथ्याङ्कलाई मूल स्रोत मानेका छौँ। संरा अमेरिकालाई छोडेर संसारका सम्पूर्ण देशको सैन्य खर्च हामीले त्यहीँबाट लिएका हौँ।

संरा अमेरिकाको हकमा हामी 'मन्थ्ली रिभ्यू' को तथ्याङ्क प्रयोग गर्छौं। सन् २०२२ मा सिप्रीले चीन सरकारको राष्ट्रिय रक्षा बजेट २२९ अर्ब डलरमा २७.५ प्रतिशत बढेर २९२ अर्ब पुगेको बतायो। सन् २०२१ मा सिप्रीले चीनको सैन्य खर्च अद्यावधिक गर्ने नयाँ विधि अपनायो। सिप्रीले अघिल्लो र सो वर्षमा चीनले गरेको सैन्य खर्चको आँकडा बदल्यो। (सिप्रीले चीनको सन् २०२१ को औसत सैन्य खर्च चीनको आधिकारिक राष्ट्रिय रक्षा बजेटभन्दा १.३६ गुना बढी रहेको बतायो। अघिल्लो वर्ष उसले अर्कै तथ्याङ्क जारी गरेको थियो। उसको नयाँ तथ्याङ्कअनुसार चीनको सैन्य खर्च उसको कूल गार्हस्थ उत्पादनको १.६ प्रतिशत थियो। जब कि चीन सरकारको आधिकारिक आकडाअनुसार गार्हस्थ उत्पादनको १.३ प्रतिशत थियो। चीनको गार्हस्थ उत्पादनको आँकडा अन्तर्राष्ट्रिय मुद्राकोषबाट लिइएको थियो।)

अमेरिकाको वार्षिक सैन्य बजेटको हकमा भने 'ओएमबी' ले जारी गरेकै आँकडालाई सिप्रीले सदर गर्‍यो। यसअनुसार सन् २०२२ मा अमेरिकी सैन्य खर्च ७६५.८ अर्बमा १४.५ प्रतिशत बढेर ८७६.९ अर्ब पुग्यो। यसरी हेर्दा चीनले सेनामा बढाएको खर्चको तुलनामा अमेरिकी वृद्धि झन्डै आधा मात्र देखिन आयो।

यसरी अमेरिकाको तुलनामा सिप्रीले चिनियाँ सैन्य खर्चलाई अर्कै नजरले हेरेको स्पष्ट भयो। उसले अमेरिकी हिसाबलाई सतही पारामा लिएको देखियो।

सिप्रीले चिनियाँ सैन्य खर्चलाई सरकारी आँकडाभन्दा पर गएर अमेरिकी खर्चभन्दा दोब्बर पार्‍यो। उसैको कुरा मान्ने हो भने पनि ४५८ अर्ब डलर बराबरको अमेरिकी सैन्य खर्च उसको गार्हस्थ उत्पादनको २.६ प्रतिशत हो। (अमेरिकाको वास्तविक सैन्य खर्च उसको गार्हस्थ उत्पादनको ६ प्रतिशत हुन आउँछ। यस हिसाबले सिप्रीको आँकडा निकै न्यून हुन आउँछ।) सिप्रीकै कुरा मान्ने हो भने पनि चीनको सैन्य खर्च अमेरिकाको तुलनामा २९.८ प्रतिशत बढी हुन आउँछ। जब कि चीनको जनसङ्ख्या अमेरिकाको भन्दा ४ गुणा बढी छ।

साथै, विदेशी भूमिमा चीनका ९०२ वटा सैनिक अखडा छैनन्; अमेरिकाका छन्।

अमेरिकी सैन्य अखडा र हस्तक्षेपका कारण उसको वार्षिक बजेटमा पैसाको खोलो बगाउनुपर्छ। यसकै कारण ऊ दीर्घकालीन आर्थिक ऋण लिन्छ।

हाम्रो अध्ययनबाट केही स्पष्ट कुराहरू बाहिर आएका छन्। पहिलो, अमेरिकाले नेटो र अन्य माध्यमबाट विश्वभरि सैन्य क्षेत्रमा हुने ७४.३ प्रतिशत खर्चमाथि नियन्त्रण जमाउँदै आएको छ। (चित्र २) यो खर्च २० खर्ब डलरभन्दा बढी हुन आउँछ।

चित्र ३ बाट विश्वका उच्च १६ सैन्य बजेटयुक्त देशमध्ये १२ देश साम्राज्यवादी देश हुन् भन्ने स्पष्ट हुन्छ।

चित्र ४ बाट विश्वका १६ उच्च प्रतिव्यक्ति सैन्य खर्च गर्ने उत्तरी गोलार्द्धका देशसँग दक्षिणी गोलार्द्धबाट सबैभन्दा बढी सैन्य खर्च गर्ने उच्च ३ देशको तुलना गरिएको छ। प्रतिव्यक्ति सैन्य खर्चका हिसाबले संरा अमेरिकाले चीनको भन्दा २१ गुना बढी खर्च गर्छ। (चिनियाँ सैन्य खर्च उसको सरहदमै सीमित छ। त्यसलाई सैन्य विस्तारमा खर्च गरिएको छैन। विदेशमा उसको उल्लेख्य सैन्य अखडा छैन। जब कि सन् २०२२ मा अमेरिकाका सीमापार सैन्य अखडाको सङ्ख्या ९०२ पुगेको छ। क्वीन्सी संस्थान नामक अमेरिकी थिङ्क ट्याङ्क संस्थाले चिनियाँ सरहदबाहिर जिबौटीमा चीनको सैनिक अखडा भएको र कम्बोडियामा एउटा जलअखडा हुनसक्ने अनुमान गरेको छ। एक अर्को कार्नेगी संस्थानका अनुसार प्रजग कोरियासँगको अनौठो सम्बन्धबाहेक चीन कुनै औपचारिक सैन्य गठबन्धनमा छैन र भविष्यमा पनि चीन यस दिशामा अग्रसर हुनेमा आशङ्का छ। संरा अमेरिकालाई डाक्ने गरी चिनियाँ सेनालाई आफ्नो भूमिमा आमन्त्रण गर्न संसारका बिरलै देश राजी होलान् भन्ने उक्त संस्थानको ठहर छ।)


यी निष्कर्षहरूमाथि शङ्का गर्ने ठाउँ छैन।


चित्र ५ मा २० अर्ब डलरभन्दा बढी सैन्य बजेट भएका सबै देशको सूची छ। यीमध्ये ११ देश उत्तरी गोलार्द्धमा पर्छन् र ६ देश मात्र दक्षिणी गोलार्द्धमा पर्छन्। जब कि दक्षिणी गोलार्द्धमा १४५ देश छन्। यो चित्रमा दक्षिण कोरियालाई अमेरिकी नेतृत्वको सैन्य खेमाको सूचीमा राखिएको छ।


यसबाट हामी स्पष्ट भन्न सक्छौँ - उत्तरी गोलार्द्धको दाँजोमा दक्षिणी गोलार्द्ध कुनै खेमा होइन र सैन्य खेमा त हुँदै होइन। यसकारण दक्षिणी गोलार्द्धले अमेरिका नेतृत्वको सैन्य खेमाले गर्ने सैन्य खर्चमाथिको चरम एकाधिकारको सामना गरिरहेको छ। यो एकाधिकार अहिले दक्षिणी गोलार्द्धका सम्पूर्ण मुलुकसामु स्पष्ट खतरा बनेर तेर्सिएको छ। प्रकारान्तरले उक्त एकाधिकार समग्र मानव जाति तथा पृथ्वीकै अस्तित्वका लागि जल्दोबल्दो खतरा बन्न पुगेको छ।

राज्यसत्ताको सबैभन्दा अहम पक्ष सैन्य शक्ति हो। संसारभरि सबै देशका कामदार जनताको लागि प्रमुख खतरा हो। खासगरी विश्वका कुख्यात देशहरूको हकमा सैन्यसत्ता निरङ्कुश साबित हुँदै आएको छ। अहिले यो शक्ति अमेरिका नेतृत्वको साम्राज्यवादी खेमाको हातमा छ। व्यवहारमा अर्धसाम्राज्यवाद वा गैरपश्चिमा साम्राज्यवादी शक्ति नामको कुनै चीज छैन। (यी धारणा भ्रामक छन् र यिनले वास्तविक तथ्यलाई ढाकछोप गर्दै छन्।)

***अनुवाद : सम्यक***




| Country Name (GS | Military Spending | Percentage of GDP (CER) | Per Capita>world avg. (times) |
|---|---|---|---|
| US-Led Military Bloc | | | |
| United States | 1536859 | 0.06 | 12.6 |
| United Kingdom | 68463 | 0.022 | 2.8 |
| Germany | 55760 | 0.014 | 1.9 |
| France | 53639 | 0.019 | 2.3 |
| Rep. Korea | 46365 | 0.028 | 2.5 |
| Japan | 45992 | 0.011 | 1 |
| Ukraine | 43998 | 0.274 | 3.1 |
| Italy | 33490 | 0.017 | 1.6 |
| Australia | 32299 | 0.019 | 3.4 |
| Canada | 26896 | 0.013 | 1.9 |
| Israel | 23406 | 0.045 | 7.2 |
| Spain | 20307 | 0.014 | 1.2 |
| Global South | | | |
| China | 291958 | 0.016 | 0.6 |
| Russia | 86373 | 0.038 | 1.7 |
| India | 81363 | 0.024 | 0.2 |
| Saudi Arabia | 75013 | 0.068 | 5.7 |
| Brazil | 20211 | 0.011 | 0.3 |
| Source: Global South Insights elaboration based on IMF, UN, SIPRI & Mont | | | |

# बलको दुरूपयोगले ठूलो सङ्कट मात्र निम्त्याउँछ

✍ हुआन युपिङ

हालै संयुक्त राज्य अमेरिका र बेलायतको गठबन्धन सेनाले यमनमा हुथी लक्ष्यहरूमा नयाँ आक्रमणहरू सुरु गर्‍यो । लाल सागरमा सङ्कटको वृद्धिले यस क्षेत्रको समग्र सुरक्षा जोखिम थप वृद्धिको बारेमा अन्तर्राष्ट्रिय समुदायमा व्यापक चिन्ता पैदा गरेको छ । बल प्रयोगले समस्या समाधान गर्न मद्दत गर्दैन, बरु तनाव मात्र बढाउँछ ।

लाल सागरको पानी वस्तु र ऊर्जाको लागि महत्त्वपूर्ण अन्तर्राष्ट्रिय यातायात मार्ग हो । जलमार्गमा निर्बाध पहुँच र आवतजावत गर्ने जहाजहरूको सुरक्षा सुनिश्चित गर्नु अन्तर्राष्ट्रिय समुदायको साझा हितमा छ । पानीको सुरक्षाका लागि सबै पक्ष मिलेर काम गर्नुपर्छ । लाल सागरको पानीमा ढुवानी लेनहरू सुरक्षित राख्न प्रमुख देशहरूले रचनात्मक र जिम्मेवार भूमिका खेल्नुपर्छ । कुनै पनि कार्यले अन्तर्राष्ट्रिय सम्बन्धलाई नियन्त्रित गर्ने मापदण्डहरूको पालना गर्नुपर्छ र यमन र लाल सागरको सिमानामा रहेका अन्य देशहरूको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्छ ।

संरा अमेरिका र बेलायतले गरेको सैन्य कारबाहीले पूर्वाधारमा क्षति पुर्‍याएको छ र सर्वसाधारणको हताहत भएको छ । तिनीहरूले व्यापारिक ढुवानीको सुरक्षाको रक्षा गर्न मद्दत गर्न सकेनन् र यस क्षेत्रमा समग्र सुरक्षा जोखिमहरू पनि बढाए । यो अन्तर्राष्ट्रिय समुदायले हेर्न नचाहेको स्थिति हो ।

संरा अमेरिका र बेलायतले सैन्य हमला गरेपछि अन्तर्राष्ट्रिय समुदायले चिन्ता र विरोध व्यक्त गरेका छन् ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले लाल सागर र फराकिलो क्षेत्रमा शान्ति र स्थायित्वको हितमा परिस्थितिलाई झनै चर्काउन नदिन सम्बन्धित सबै पक्षलाई आग्रह गर्नुभएको छ । उहाँले यमनले शान्तिको बाटो पछ्याउने र यमनमा जारी द्वन्द्व अन्त्यका लागि हालसम्म भएका कामहरू हराउन नपरोस् भन्ने सुनिश्चित गर्न सबै प्रयास गर्न आह्वान गर्नुभयो ।

साउदी अरेबियाले एक विज्ञप्तिमा क्षेत्रको सुरक्षा र स्थायित्व कायम गर्नुपर्नेमा जोड दिएको छ । यसले लाल सागरमा नेभिगेसन (जहाजहरूको आवागमन) को स्वतन्त्रताको माग गर्‍यो र संलग्न सबै पक्षहरूलाई संयमता अपनाउन र वृद्धिबाट बच्न आह्वान गर्‍यो ।

इजिप्टले यस क्षेत्रमा तनाव कम गर्न र लाल सागरमा नेभिगेसन (जहाजहरूको आवागमन) को सुरक्षा सुनिश्चित गर्न अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रयासहरूलाई एकताबद्ध गर्न आह्वान गरेको छ । स्वेच्छाचारी आक्रमणले मध्यपूर्वलाई थप असुरक्षित र अस्थिर बनाउने इरानको विश्वास थियो ।

इराकले एक विज्ञप्तिमा भनेको छ कि लक्ष्यहरूको दायरा विस्तार गर्नाले समस्याको समाधानको प्रतिनिधित्व गर्दैन, बरु यसले निरन्तर फैलावट र जोखिमको प्रसारलाई निम्त्याउनेछ ।

अन्तर्राष्ट्रिय समुदायले क्षेत्रीय स्थितिमा सैन्य हमलाले ल्याएको नकारात्मक प्रभावको स्पष्ट बुझाइ छ । यसले लक्षण र मूल कारण दुवैलाई सम्बोधन गर्ने राजनीतिक माध्यमबाट सङ्कट समाधान गर्ने आशा राखेको छ ।

लाल सागरमा बढ्दो तनावले बलको दुरुपयोगले मात्र ठूलो सङ्कट निम्त्याउने सङ्केत गर्छ । विश्वले प्यालेस्टाइन र इजरायलबिचको नयाँ चरणको द्वन्द्वको फैलावट प्रभावहरू देखिरहेको छ र यस क्षेत्रमा अस्थिरताका कारकहरू स्पष्ट रूपमा बढ्दै जाँदा थप शक्तिहरू द्वन्द्वमा तानेको जोखिम बढ्दै गएको छ ।

यो स्पष्ट रूपमा विरोधाभासपूर्ण छ कि केही देशहरूले वास्तवमा द्वन्द्वको फैलावट रोक्नको महत्त्वलाई जोड दिँदै सैन्य बलको दुरुपयोग गरिरहेका छन् । संयुक्त राष्ट्र सुरक्षा परिषदले यमनविरुद्ध बल प्रयोग गर्न कुनै पनि देशलाई अधिकार दिएको छैन । यमनविरुद्ध गरिएको सैन्य कारबाहीले लाल सागरमा सुरक्षा जोखिम मात्र बढाएको छैन, बरु यमनको राजनीतिक प्रक्रियालाई पनि असर पार्न सक्छ ।

२१ औं शताब्दीदेखि बलको दुरुपयोगले मध्यपूर्वमा अशान्ति र मानवीय प्रकोप मात्र ल्याएको छ, जसको प्रमाण अफगानिस्तान, इराक, लिबिया र सिरियामा भएको छ ।

अमेरिकी पत्रिका 'फरेन पोलिसी'ले मध्यपूर्वमा हालको दृष्टिकोणप्रति वाशिङटनको अटल समर्पणले एउटा दुष्चक्र जन्माएको बताएको छ: क्षेत्रीय अस्थिरताको जरामा आफूलाई प्रतिबद्ध गरेर संरा अमेरिकाले बारम्बार चुनौतीहरूको सामना गर्न खोजेको छ जुन ठूलो मात्रामा आफ्नै उत्पादन हो ।

लाल सागरमा बढ्दो तनावले न्यायको अज्ञानताबाट अन्तिम समाधान कहिल्यै आउँदैन भन्ने सङ्केत गर्छ । मध्यपूर्वको द्वन्द्व जटिल छ । मध्यपूर्व मामिलाहरूमा अतिरिक्त क्षेत्रीय देशहरूको सहभागिताले क्षेत्रको वास्तविकतालाई विचार गर्नुपर्छ, सबै सम्बन्धित पक्षहरूको हितलाई समन्वय गर्नुपर्छ र निष्पक्षता तथा न्यायको सिद्धान्तमा अडिग हुनुपर्छ ।

यद्यपि, केही देशहरूले लामो समयदेखि मध्यपूर्वमा आफ्नो भूराजनीतिक स्वार्थका लागि 'एउटालाई बलियो बनाउने गर्ने र अर्कोलाई प्रहार गर्ने' र 'फुटाउ र शासन गर्ने' जस्ता रणनीतिहरू लागू गरेका छन्, जसले यस क्षेत्रलाई स्थिर सुरक्षा व्यवस्था स्थापना गर्न गाह्रो बनाइरहेको छ ।

लाल सागरमा हालको सङ्कट गाजामा द्वन्द्वको एक फैलावट हो र गाजा द्वन्द्वको समाधान गर्न लामो समयसम्म असफल हुनुको कारण केही देशहरूको स्पष्ट पूर्वाग्रह र संयुक्त राष्ट्र सुरक्षा परिषद्को मस्यौदा प्रस्तावहरूको बारम्बार अवरोध हो ।

लाल सागरमा तनावको आधारभूत समस्याहरू मूल कारणको अज्ञानताका साथ 'कट-द-नट' सैन्य कार्यहरूद्वारा समाधान गर्न सकिँदैन । अल जजीराको वेबसाइटमा प्रकाशित एक टिप्पणीअनुसार, सैन्य हमलाहरू "बाइडेन प्रशासनको डे-एस्केलेसनको बताएको लक्ष्यसँग टकराव र यस क्षेत्रमा बढ्दो तनावको मूल कारणलाई सम्बोधन गर्न असफल भयो ।

मध्यपूर्व चरम खतराको किनारमा छ । अहिले सबैभन्दा जरुरी कुरा गाजामा युद्धविराम गर्नु हो र प्रमुख देशहरूले हिंसा रोक्न रचनात्मक भूमिका खेल्नुपर्छ ।

कतारी प्रधानमन्त्री तथा विदेशमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीले सम्बोधन गर्नुपर्ने केन्द्रीय मुद्दा गाजामा रहेको र गाजा समस्याको समाधान गरेर मात्रै अन्य सबै समस्या समाधान गर्न सकिने बताउनुभयो ।

युद्धविराम प्रचलित प्राथमिकता हो, र मानवीय सहायता अनिवार्य नैतिक जिम्मेवारी हो । गाजाको भावी व्यवस्थाले प्यालेस्टिनी जनताको आकाङ्क्षालाई पूर्ण रूपमा सम्मान गर्नुपर्छ र दुई-राज्य समाधान प्यालेस्टिनी मुद्दाको न्यायोचित समाधानको लागि सुनिश्चित मार्ग हो । न्याय ढिलो भइसकेको छ, तर यसलाई कहिल्यै नकार्न हुँदैन ।

भूराजनीतिक स्वार्थ त्यागेर मध्यपूर्वका जनताको वास्तविक हितलाई ध्यानमा राखेर राजनीतिक माध्यमबाट विवाद र द्वन्द्वको समाधान गरी क्षेत्रको शान्ति प्रवर्द्धनमा रचनात्मक भूमिका निर्वाह गर्दै प्रमुख देशहरूले आफ्नो प्रभाव प्रयोग गर्नुपर्छ ।

सबै पक्षहरू शान्ति र न्यायको पक्षमा उभिएर दुई-राज्य समाधानलाई कार्यान्वयन गर्ने र प्यालेस्टाइनको प्रश्नको प्रारम्भिक मितिमा व्यापक, न्यायोचित र दिगो समाधानको लागि जोड दिएमा मात्र मध्यपूर्वले दिगो शान्ति र स्थायित्व हासिल गर्नसक्छ ।

*- पिपुल्स डेली अनलाइन*
*अनुवाद : प्रकाश*

# ढुङ्गादेखि मिसाइलसम्म, प्यालेस्टिनी प्रतिरोधको अभूतपूर्व सैन्य क्षमता वृद्धि

✍ इवान केसिक

अल-अक्सा तुफान अपरेसनले युद्ध क्षेत्रको गतिशीलतालाई अपरिवर्तनीयरूपमा पुनः परिभाषित गरेको छ । विशेषगरी प्यालेस्टिनी प्रतिरोधले पश्चिममा सैन्य पण्डितहरूलाई आफ्नो तयारी र इजरायली कब्जाकारी शासनमा भारी र अपूरणीय प्रहारहरू गर्ने क्षमताका साथ अचम्मित पारेको छ ।

विगत पन्ध्र हप्ता गाजापट्टीमा इजरायली नरसंहारकारी आक्रमणविरूद्ध प्यालेस्टिनी प्रतिरोधद्वारा चिह्न लगाइएको छ । प्यालेस्टिन प्रतिरोधी समूह हमासको सशस्त्र शाखाले सबैलाई चकित पारेको छ । यसको विशाल हतियार शस्त्रागार सबै स्थानीयरूपमा निर्मित छन् ।

सन् २०२३ को अन्त्यतिर, हमासको सैन्य शाखा सहिद इज्ज एड-दिन अल-कसाम ब्रिगेडले एक भिडियो जारी गर्‍यो । जसमा उसले आफ्नो क्षेप्यास्त्र हतियार देखाउँछ जुन कब्जा गरिएको क्षेत्र गाजाको प्रत्येक कुनाकुनामा पुग्न सक्षम छ । यहुदी शासनले आक्रमण सुरु गरेको तीन महिनाभन्दा बढी समय बितिसक्दा पनि यो हतियार भण्डार कायमै छ ।

संयुक्त राज्य अमेरिका र युरोपबाट आयात गरिएका सबै उन्नत र अत्याधुनिक हतियार प्रणालीका साथमा इजरायली शासन प्यालेस्टिनी प्रतिरोधी समूह र उनीहरूका लडाकुहरूको सशस्त्र शाखालाई माटोमा मिलाउन असमर्थ भएको पश्चिमका सैन्य विशेषज्ञहरूले स्वीकार गर्छन् ।

इजरायली शासनले अक्टोबर ७ देखि गाजामा ६७००० टन बम खसाले तापनि प्यालेस्टिनी प्रतिरोध बढ्दै गइरहेको छ र यहुदीवादी इजरायली कब्जाको संरचनामा भारी प्रहारहरू भइरहेका छन् ।

**चोटपटकदेखि बलिदानसम्म**

प्यालेस्टिनी मिसाइल कार्यक्रमको कथा दशकौँको बलिदान, चतुरता, समर्पित काम र सफल व्यवस्थापनको कथा हो र सबैभन्दा माथि अपमानको प्रतिरोधको भावना हो । रङ्गभेदी शासनको विरुद्धको प्रतिरोधको यो लामो र कठिन मार्ग दुई इन्तिफादाको समयमा इजरायली सशस्त्र गाडीहरूमा प्यालेस्टिनी ढुङ्गा प्रहारबाट सुरु भयो र एक दिनमा ५,००० रकेट प्रक्षेपण गर्ने क्षमता र महिनौँ युद्धको लागि पर्याप्त रकेट शस्त्रागारको साथ जारी छ ।

हमास र अन्य प्यालेस्टिनी समूहहरूले प्रदर्शन गरेको मिसाइल क्षमता र कार्यक्षेत्रले सबै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू, इजरायली खुफिया सेवाहरूलाई समेत चकित पारेको थियो । विशेषगरी चाखलाग्दो कुरा के हो जुन सर्तहरूमा अपरेसन गरिएको थियो ।

यहाँ यो तथ्य स्मरण गर्न सान्दर्भिक छ कि गाजापट्टी १९६७ देखि २००५ सम्म इजरायली कब्जामा थियो र त्यसबेलादेखि एक भयङ्कर भूमि, समुद्री र हवाई नाकाबन्दीअन्तर्गत रहेको छ । उक्त नाकाबन्दीले हतियारमात्र होइन तर तिनीहरूको उत्पादनका लागि जरुरी सामग्री साथै आधारभूत वस्त्रहरूको आयातलाई पनि रोक्छ ।

इजरायली शासनले प्यालेस्टिनको स्वतन्त्रताको लागि लडिरहेका समूहहरूलाई सजिलै हटाउन सकून् भनेर प्रतिरोधलाई कमजोर पार्न र सैन्य प्राविधिक फाइदा कायम राख्न सबै प्रयास गर्‍यो ।

यस असमानतालाई चित्रण गर्ने एउटा उदाहरण १५ वर्ष पहिलेको गाजा नरसंहार हो जब इजरायली बमबाट सयौँ प्यालेस्टिनी नागरिकहरू मारिएका थिए । सयौँ इजरायली नागरिकहरू, तथाकथित 'युद्ध पर्यटकहरू' नजिकैका पहाडहरूमा भेला भए र हर्षोल्लास गरे । जे होस्, इजरायली ट्याङ्कमा चट्टान हान्ने प्यालेस्टिनी युवकहरूको प्रतिष्ठित तस्बिरलाई पछ्याएका यहुदीवादीहरू बसोबास गर्नेहरूको त्यो भीषण रक्तपिपासु जयजयकारबाट समय परिवर्तन भएको छ ।

**हतियारमा हात मिलाउँदै**

तस्करी वा घरेलुरूपमा उत्पादित, नजिकको लडाइँ र आफ्नै माटोमा आक्रमणकारी सेनाहरूको सामना गर्ने उद्देश्यसहितका प्यालेस्टिनी प्रतिरोध प्रारम्भमा सामान्य र मौलिक हतियारहरूमा निर्भर थियो ।

आक्रमण राइफल र विस्फोटकहरूको वर्षौं प्रयोगपछि, एक साधारण कासम रकेट २००१ मा देखा पर्‍यो । मुट्ठीभर किलोमिटरको दायरा र कम विनाशकारी शक्तिको साथ, जसले पहिलोपटक इजरायली कब्जाविरुद्ध प्रतिशोधात्मक हमला सम्भव बनायो ।

समयको साथसाथै, कसम मोडेलको दक्षता बढ्दै गयो र पहिलो इजरायली सैन्य अड्डाहरू र कब्जा गरिएका सहरहरू २०१० मा प्रहारको दायराभित्र आए, जसले गाजाको सिमानामा 'युद्ध पर्यटकहरू' को घटना अचानक विस्मृतिमात्र रहन पुग्यो । इजरायली शासनले चेतावनी प्रणालीको विकास गरेर यी रकेट आक्रमणहरूको प्रभावकारिता रोक्न प्रयास गर्‍यो । यसले आयरन डोमको विकासमा ठूलो रकम लगानी गर्‍यो, सैन्य प्रणाली जून अक्टोबर ७ मा दयनीयरूपमा असफल भयो ।

यसले कसम विकासको लागि जिम्मेवार हमास रकेट इन्जिनियरहरूको हत्याको बारेमा पनि घमण्ड गर्‍यो, यसले प्यालेस्टिनी 'मस्तिष्क विश्वास' लाई अपाङ्ग पार्न सक्छ वा नयाँ पुस्तालाई विकासमा संलग्न हुनबाट रोक्न सक्छ, जुन प्रतिगामी मूल्याङ्कन साबित भयो ।

आज, प्यालेस्टिनी प्रतिरोधसँग सयौँ किलोमिटरको दायरा भएका रकेटहरू र सयौँ किलोग्रामको पेलोडका साथ वारहेडहरू छन्, जुन कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रहरूमा कुनै पनि बिन्दुमा पुग्न सक्षम छन् । तिनीहरूको आकारको कारण, यी रकेटहरू विदेशबाट गाजापट्टीमा तस्करी गर्न सम्भव छैन । विशेषगरी, यति ठुलो परिमाणमा होइन । त्यसले प्रमाणित गर्दछ कि तिनीहरू स्थानीय उत्पादनका परिणाम हुन् ।

आवश्यक सामग्रीको अभाव र इजरायली हवाई आक्रमणको जोखिममा औद्योगिक उत्पादन आफैँमा एउटा महत्त्वपूर्ण उपलब्धि हो । उत्पादन सुविधाहरू भूमिगत छरिएका छन् र राम्ररी लुकेका छन्, जसको लागि असाधारण तार्किक कौशल आवश्यक छ ।

सामग्रीको आपूर्तिमा पनि यही कुरा लागू हुन्छ, जुन मुख्यतया पुरानो पानीको पाइप, भत्किएका भवनका लङ्गरहरू, सडक बत्तीका पोलहरू र अन्य कच्चा पदार्थहरू पुनः प्रयोग गर्दा आउँछ ।

**मिसाइल र रकेट प्रचुर मात्रामा**

२०२० बाट एक आश्चर्यजनक उपलब्धिमा हमास नौसेना कमान्डोहरूले ब्रिटिश युद्धपोतबाट १७० किलोग्रामका नौसेना गोलाहरू बचाउन सफल भए जुन पहिलो विश्वयुद्धको समयमा १०० भन्दा बढी वर्ष पहिले समुद्रमा डुबेका थिए र तिनीहरूलाई नयाँ मिसाइलहरूको लागि पुनः प्रयोगयोग्य बनायो ।

रकेट इन्जिन र निर्देशन प्रणालीहरू यस क्षेत्रका विशेषज्ञहरू, विशेषगरी इरानले प्रदान गरेको सहयोग र सैन्य ज्ञानको उत्पादन हो ।

नयाँ भिडियोमा खुलासा गरिएका क्षेप्यास्त्रहरूमा माकादमा र जबरी रकेट परिवार, दुवै ९० किलोमिटर र ५० किलोग्राम वारहेडहरू छन्, जून २०१० को सुरुमा सेवामा राखिएको थियो ।

उही दशकको मध्यमा भएका विकासले ९० किलोमिटर र ५० किलोग्राम वारहेडको साथमा अत्तार रकेट परिवारको साथै १७० किलोमिटर र १०० किलोग्राम वारहेडको दायरा भएको रेन्टिसी रकेट परिवारको निर्माण देखेको थियो ।

अन्ततः २०१० को अन्त्यमा अय्यास रकेट प्रतिरोधी सैन्य सेवामा राखिएको थियो । अलअक्सा तुफान सञ्चालन गर्न २५० किलोमिटरको दायरा र २५० किलोग्रामको पेलोड, प्यालेस्टिनी शस्त्रागारको सबैभन्दा शक्तिशाली रकेट, अल-दौडान सफेद र इलातमा स्ट्राइकहरूको लागि प्रयोग गरिएको थियो ।

सोही क्रममा ५५ किलोमिटर रेन्ज र ५० केजी वारहेडसहितको सिज्जिल रकेट परिवार पनि प्रयोगमा ल्याइयो, त्यसपछि ८० किलोमिटर र १५० केजी वारहेडसहितको शमला रकेट परिवार पनि अगाडि ल्याइयो ।

सिज्जिल रकेट शृङ्खलाबाहेक जसलाई कुरानिक पदको नाममा राखिएको छ, अन्य सबै प्यालेस्टिनी सहिदहरू, इब्राहिम अल-मकादमा, अहमद अल-जबारी, रैद अल-अत्तार, अब्देल अजीज अल-रन्तिसी, मोहम्मद अबू शामला र आयश याह्याको नामबाट राखिएको छ ।

तीन दशकसम्म, इजरायली शासनले सोचेको थियो कि यी हत्याहरूले प्रतिरोधको भावना र तिनीहरूको प्राविधिक विकासलाई भत्काउनेछ । जसले कल्पना गर्न नसक्ने तरिकामा उल्टो भयो । सहिदहरू र तिनीहरूको नाममा राखिएका क्षेप्यास्त्रहरूले आज सत्तारूढ नेताहरूलाई रातको निद्रा हराम भइरहेका छन् ।





# देशको सार्वभौमिकता जोगाउन सङ्गठित युवा-विद्यार्थी शक्तिको खाँचो




भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भक्तपुर बहुमुखी एकाइले गत पुस २२ गतेदेखि माघ १२ गतेसम्म सञ्चालित विभिन्न तालिमको समापन गरेको छ । नेक्राविसङ्घले शनिबार एक कार्यक्रमको आयोजना गरेर वेब डिजाइनिङ, बेसिक ट्याली तथा वक्ता प्रशिक्षणमा सहभागीलाई प्रमाणपत्र गरेको हो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले युवाहरू विदेश पलायन हुँदा देशको राजनीतिमा खराबको हालिमुहाली हुन गएको तर्क गर्नुभयो । उहाँले लिपुलेकमा भारतीय सेना तैनाथ भएको चर्चा गर्दै लिम्पियाधुरादेखि नेपाल - भारत सीमाका कैयौँ ठाउँमा भारतीय अतिक्रमण भएको उल्लेख गर्दै युवाविद्यार्थीको सङ्गठित शक्तिले मात्र अब देशको सार्वभौमिकता जोगाउन सकिने भनाइ राख्नुभयो ।

केन्द्रीय सदस्य गोसाईले विद्यार्थीले पुस्तकको अध्ययन गरेरमात्र नपुग्ने बरु समाजमा हुने विभिन्न क्रियाकलापबाट बढी सिक्न सकिने धारणा राख्नुभयो । उहाँले किताबको कीरा भएर नसिक्ने भन्दै अनुभवबाट सिकेका कुरा कहिल्यै नभुल्ने धारणा राख्नुभयो ।

उहाँले सामाजिक सञ्जालमा आएको गलत ज्ञान तथा सूचनाको कारण अपरिपक्व युवाहरूले गलत निर्णयहरू गरेको भन्दै सचेत हुन सुझाव दिनुभयो ।

प्रतिस्पर्धात्मक युगमा विभिन्न सीपहरू सिकेर तिनको उपयोग गर्नसक्नुपर्ने आवश्यकतामाथि जोड दिँदै अतिथि गोसाईले इमानदारीपूर्वक राजनीति गर्दै देश र जनताको सेवामा लाग्न प्रेरित गर्नुभयो ।

नेक्राविसङ्घका केन्द्रीय सचिव दिनेश खड्गीले नयाँ पुस्तालाई आमूल परिवर्तनका लागि सचेत र सङ्गठित हुन जोड दिंदै सही राजनीतिक ज्ञानले विद्यार्थीहरूलाई हरेक क्षेत्रमा योग्य परिपक्व बनाउने भएकोले क्रान्तिकारी विचार र सिद्धान्तलाई आत्मसात गर्दै सङ्घर्षको मैदानमा उत्रनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले त्रिविका विकृति विसङ्गति राजनीतिक भागबन्डाको कारण सिर्जित भएको गुनासो पोख्नुभयो । शिक्षा, स्वास्थ्य र रोजगारीको उचित व्यवस्थाका लागि समाजवादी बन्दोबस्तको अपरिहार्यता रहेको उहाँले बताउनुभयो ।

नेपाल प्राध्यापक समाज भबक्या एकाइ समिति संयोजक हरिसुन्दर सुवालले व्यावहारिक र वैज्ञानिक शिक्षा नै आजको आवश्यकता भएको चर्चा गर्दै देशको निम्ति केही गर्ने सोचका साथ अघि बढ्नुपर्ने खाँचो औँल्याउनुभयो ।

नेक्राविसङ्घ भबक्या एकाइ समिति अध्यक्ष उमेश शाहीको सभापतित्वमा भएको उक्त कार्यक्रममा आयोजक समितिकी निरु विश्वकर्मा, सुजन दुवाल, प्रशिक्षक रवीन्द्र कुसी, रोजिना वनमाला, प्रशिक्षार्थी प्रजिता बासुकला, विपना खत्रीलगायतले तालिमबारे आ-आफ्नो अनुभव सुनाउनुभयो ।

# मार्क्सवादलाई देशको परिस्थितिअनुसार लागु गर्नु आवश्यक

बाँके । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले मार्क्सवादलाई देशको परिस्थितिअनुसार लागु गरेरमात्र निकास पाउने विचार राख्नुभएको छ ।

मङ्गलबार बिहान कोहलपुरस्थित रेडियो मिसनका वैकुण्ठ अधिकारीसँगको प्रत्यक्ष प्रसारित रेडियो कुराकानीमा केन्द्रीय सदस्य गोसाईले भारतीय विस्तारवाद तथा भारतीय एकाधिकार पुँजी, अमेरिकी साम्राज्यवाद र तिनका समर्थक, तथाकथित कम्युनिस्ट पार्टीविरुद्ध लडेरमात्र नेपाली क्रान्तिलाई अगाडि बढाउन सकिने तर्क गर्नुभयो ।

नेमकिपाले साम्राज्यवाद तथा विस्तारवादी शक्तिविरुद्धको आन्दोलनलाई देशव्यापी बनाएको चर्चा गर्दै एमसीसी, सीमा अतिक्रमण तथा नेपालको आन्तरिक मामिलामा वैदेशिक हस्तक्षेपविरुद्धको सङ्घर्षलाई अगाडि बढाइरहेको प्रकाश गर्नुभयो ।

पुँजीवादी गणतन्त्रले कामदारवर्गको सेवा गर्दैन भन्ने विषयमा दोस्रो जनआन्दोलनको क्रममा नेमकिपाले स्पष्ट पारेको भन्दै उहाँले नेमकिपाले समाजवादी गणतन्त्रको पक्षमा वकालत गरेको बताउनुभयो ।

केन्द्रीय सदस्य गोसाईले राष्ट्रिय पुँजीपतिवर्गलाई साथमा लिएर देशको स्वतन्त्रता तथा स्वाधीनता जोगाउन नेमकिपाले जनताको प्रजातन्त्रको कार्यक्रम अगाडि बढाएको भन्दै कामदारवर्गको आन्दोलन रोक्न नै रोजगारीको नाममा विदेश पठाउने काम गरिरहेको तर्क गर्नुभयो ।

# जनताले समाजवादी व्यवस्थामा मात्र सेवा सुविधा पाउने

नेपाल मजदुर किसान पार्टी सूर्यविनायक ७ वडा एकाइ समितिको आयोजनामा नेमकिपाको ५० औं स्थापना दिवसको अवसरमा विचार गोष्ठी भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य अनुराधा थापामगरले नेमकिपाले राजनीतिक र सैद्धान्तिकरूपमा जनतालाई सचेत र सङ्गठित बनाउँदै कम्युनिस्ट पार्टीको दायित्व पूरा गरेको बताउनुभयो ।

क्युवा, चीन, प्रजग कोरियामा भएका गतिविधिहरूको चर्चा गर्दै उहाँले समाजवादी व्यवस्थामा मात्र जनताले उचित सेवा र सुविधा उपभोग गर्न पाउँछ भन्नुयो ।

उहाँले भन्नुभयो, “समाजवादी व्यवस्थामा नागरिकले जीवन निर्वाहको लागि पाउनुपर्ने अत्यावश्यक सेवा सुविधाहरू शिक्षा, रोजगारी, सुरक्षा आदि पाउँछन् ।

अमेरिकी साम्राज्यवादी शक्तिले विश्वमा विभिन्न आतङ्क मच्चाइरहेको उल्लेख गर्दै उहाँले जनता सचेत नभएसम्म साम्राज्यवादले टाउको उठाइरहने सङ्केत गर्नुभयो । देश अधोगतितर्फ गइरहेको प्रस्ट्याउँदै उहाँले देशमा विद्यमान स्रोत तथा साधनहरूको समुचित प्रयोग गरी युवा श्रमशक्तिलाई विदेश पलायन हुनबाट बचाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले कार्यकर्ताले पार्टी प्रकाशनको अध्ययन गोष्ठी, अन्तरक्रिया, छलफल आदि कार्यक्रममार्फत सैद्धान्तिक र राजनीतिक विचार मजबुत बनाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र पसेर




जनताको सेवा गर्ने लेनिनवादी नीतिअनुसार नेमकिपाले निर्वाचनको उपयोग गर्दै आएको स्पष्ट पार्दै उहाँले जनताको राजनीतिक चेतनाको विकाससँगै जनविरोधी दलहरूलाई उदाङ्ग्याउँदै जाने स्पष्ट पार्नुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य रमेश वैद्यले कम्युनिस्ट घोषणापत्रको अध्ययन र यसको महत्त्व सबैलाई बुझाउनुपर्छ भन्नुभयो । “पार्टीका कार्यकर्ताहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा भएका घटनाको अध्ययन गरी समुदायमा बुझाउनुपर्दछ ।” उहाँले भन्नुभयो ।

नेमकिपा सूनपाका सदस्य राजेन्द्र बखुन्छेँले मोहियानी हक प्राप्त गर्न नेमकिपाले ठुलो सङ्घर्ष गरेको चर्चा गर्दै बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन आदिको बारेमा चर्चा गर्नुभयो ।

नेक्राकिसङ्घका केन्द्रीय सदस्य श्याम विसुङ्खेले देशमा ठुला कहलिएका कम्युनिस्ट पार्टीहरूले कम्युनिष्ट सिद्धान्तको बदनाम गर्दै हिँडेको बताउनुभयो । “देशमा नै अत्यावश्यक सेवाको उपलब्ध गराउन तथाकथित कम्युनिस्ट सरकारहरू असफल भएको र सैद्धान्तिक स्खलनले देश बर्बादीतिर धकेलेको छ ।” उहाँले भन्नुभयो । नेमकिपा सूनपा ७ वडा एकाइका संयोजक सूर्यबहादुर पञ्चको सभापतित्वमा भएको उक्त कार्यक्रममा काजीबहादुर पञ्च र न्हुछेभक्त पञ्चले पनि बोल्नुभएको थियो ।

## कविता

# तिमी नभएको भए !

✍ एसआर

*हिजोआज घरिघरि फर्केर हेर्छु*
*एक्लै बस्दा गम्भीर भई सोच्छु*
*५०-६० वर्ष अगाडिका घटना सम्झिन्छु !*
*५-६ दिन अगाडिका कुरा पनि कोट्याउँछु !*
*साँच्चै !*
*तिमी नभएको भए*
*भियतनाममा अमेरिकी क्रूर हमलाको विरोध*
*हुन्थ्यो या हुँदैनथ्यो*
*म भन्न सक्दिनँ*
*तर तिमी आयौ,*
*र त भन्ने हिम्मत गर्यौं–*
*भियतनाम युद्ध बन्द गर !*
*अमेरिकी साम्राज्यवाद मुर्दावाद !*
*एक्लै बस्दा सोच्छु*
*तिमी नआएको भए*
*नेपालको कम्युनिस्ट आन्दोलनका खोटा विचारको कसले गर्थ्यो खण्डन ?*
*रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन कसले गर्थ्यो घोषणा ?*
*तर तिमी आयौ,*
*र त सैद्धान्तिक सङ्घर्षको शङ्खनाद भो*
*अवसरवादीहरूको सिंहासन डग्मगियो !*
*गर्वले छाती फुलाएर सम्झन्छु*
*तिमी नभएको भए*
*सुस्ता, कालापानी, लिम्पियाधुरा*
*नेपालीलाई दुख्थ्यो या दुख्दैनथ्यो*
*म भन्न सक्दिनँ*
*तर तिमी आयौ,*
*र त भन्ने हिम्मत गर्यौं–*
*सुस्ता हाम्रै, कालापानी हाम्रै*
*लिपुलेक हाम्रै, लिम्पियाधुरा हाम्रै ।*
*तिमी नभएको भए,*
*कोशी, गण्डक, महाकाली, कर्णालीको विरह*
*नेपालीले बुझ्थे या बुझ्दैनथे*
*म भन्न सक्दिनँ*
*तर तिमी आयौ,*
*र त गगनभेदी नारा गुन्जियो–*
*नदी बेच्न पाइँदैन ! भारतीय दलाल मुर्दावाद !*
*भारतीय एकाधिकार पुँजी मुर्दावाद !*
*तिमी नभएको भए,*
*नागरिकता विधेयक सिक्किमीकरणको गलपासो हो*
*नेपालीले बुझ्थे या बुझ्दैनथे*
*म भन्न सक्दिनँ*
*तर तिमी आयौ,*
*र त सच्चाइ छताछुल्ल भो–*
*सिक्किमीकरणको षड्यन्त्र भो*
*फिजीकरणको चालबाजी हो !*
*तिमी नभएको भए,*
*एमसीसी, एसपीपीको तरवार नचाएको*
*नेपालीले देख्थे या देख्दैनथे*
*म भन्न सक्दिनँ*
*तर तिमी आयौ,*
*र त सदन-सडक थर्कमान भो–*
*एमसीसी देशघात हो*
*एसपीपी देशको काल हो !*
*तिमी नभएको भए,*
*इराक, सिरिया, युक्रेन, प्यालेस्टाइनका युद्धको विरोध*
*हुन्थ्यो या हुँदैनथ्यो*
*म भन्न सक्दिनँ*
*तर तिमी आयौ,*
*र त भन्ने हिम्मत गर्यौं–*
*नरसंहार बन्द गर !*
*युद्धसरदार बाइडेन मुर्दावाद !*
*हो,*
*एक हूल देशद्रोहीहरू सिंहदरबार घुसिरहँदा*
*तिमी हतारहतार आयौ*
*एक हूल कपूतहरू बालुवाटार पसिरहँदा*
*तिमी हतारहतार आयौ*
*एक हूल पाखन्डहरू दूतावासमा शरण परिरहँदा*
*तिमी हतारहतार आयौ*
*एक्लै भए पनि आयौ, साहसका साथ आयौ*
*स्वच्छ भएर आयौ, सफा भएर आयौ*
*मौनता तोडेर आयौ, सन्नाटा चिरेर आयौ !*
*र त,*
*आज हाम्रो कोही छ, आशा बाँकी छ*
*हामी थोरै भएनि इज्जत बाँकी छ*
*हाम्रो जर्जर नै सही, देश बाँकी छ !*
*तसर्थ,*
*तिमीलाई सच्चा देशभक्त नभनी कसलाई भनूँ ?*
*तिमीलाई सच्चा जनभक्त नभनी कसलाई भनूँ ?*
*तिमीलाई सच्चा कम्युनिस्ट नभनी कसलाई भनूँ ?*

*२०८० माघ १०, हेटौडा*

# सरकारी जग्गा र ढुकुटी गैरकानुनीरूपमा हात पार्ने चौधरी परिवारको विषाक्त व्यापारिक विरासत



✍ रामप्रसाद प्रजापति

### चौधरी परिवारको विषाक्त विरासत

चौधरीको विरासतको बारेमा नेपालमा केही वर्षदेखि चर्चा हुने गरेको पाइन्छ । कहिले एमालेबाट, कहिले काङ्ग्रेसबाट प्रतिनिधिसभा सदस्य हुँदा आफ्नो फाइदाका निम्ति जे पनि गर्ने मानिसको वर्गमा चौधरी पनि पर्ने हुन् भन्ने आँकलन गर्न कसैलाई गाह्रो भएन ।

त्यही चौधरीको विरासतको विषाक्त जगको बारेमा यस साता केन्द्रीय अनुसन्धान ब्युरो (सिआईबी) ले एउटा महत्त्वपूर्ण प्रकरण उजागर गर्‍यो ।

सिआईबीले बिहीबार साँझ विनोद चौधरीका भाइ अरुणकुमार चौधरीलाई पक्राउ गरी अदालतबाट थप अनुसन्धानका लागि चार दिन हिरासतमा राख्ने अनुमति पायो । सिआईबीले आफ्नो भाइलाई पक्राउ गरेपछि विनोद चौधरीले वर्तमान सरकारका मन्त्री, बहालवाला न्यायाधीशदेखि विभिन्न उच्च पदस्थ पदाधिकारीहरूलाई दबाब दिन थालेपछि त्यसको प्रभाव प्रहरीलाई पनि पर्‍यो । उद्योग वाणिज्य सङ्घले विज्ञप्ति नै जारी गरी सामान्य छलफल विना नै पक्राउ गरेकोमा आपत्ति जनायो ।

त्यसैले सिआईबीले शुक्रबार पत्रकार सम्मेलन नै गरी अरुणकुमार चौधरी, अजितनारायण सिंह थापा र सञ्जय ठाकुरलाई तीन महिनाभन्दा बढी समयदेखि अनुसन्धान गरी पक्राउ गरेको हुँदा ती व्यवसायीहरूलाई घटनाको सम्बन्धमा वास्तविकता नबुझी विवादास्पद नबनाउन प्रस्ट गर्‍यो ।

### कसरी हात पारे सरकारी जग्गा र ढुकुटी

पञ्चायत सरकारले २०३७ सालमा चिनियाँ सरकारको सहयोगमा काठमाडौँको बाँसबारीमा रहेको १८ रोपनी ३ आना २ पैसा जग्गामा छाला जुत्ता कारखाना निर्माण गर्ने निर्णय गर्‍यो । निर्णयबमोजिम मालपोत कार्यालयले २०३७ कार्तिक २७ गते उक्त जग्गा बाँसबारी छाला तथा जुत्ता कारखाना लिमिटेडको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम गरेको थियो ।

छाला जुत्ता कारखानाको कार्यकारी अध्यक्ष अजितनारायण सिंह थापा थिए । सरकारी छाला जुत्ता कारखाना सञ्चालन भइरहेको थियो ।

यसैबिच करिब २०४२/४३ सालतिर सरकारी छाला जुत्ता कारखानाको सम्पत्तिमा चौधरी समूहको आँखा लाग्यो ।

योजनाबद्धरूपमा बाँसबारी छाला जुत्ता कारखाना बर्सेनि घाटा देखाउँदै लगियो । कारखानाको प्रवर्द्धन गर्न भनी बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष अजितनारायण सिंह थापा र चौधरी परिवारको तर्फबाट अरुणकुमार चौधरीबिच एउटा प्रवर्द्धन सम्झौता भयो । सम्झौतामा बाँसबारीमा क्यानभास जुत्ता उत्पादन गर्ने भन्दै च्याम्पियन फुटवेयर लिमिटेड खोल्ने सहमति भयो । कम्पनी खोल्दा ५१ प्रतिशत शेयर अरुणकुमार चौधरीको, २५ प्रतिशत शेयर बाँसबारी छाला जुत्ता कारखानाको र २४ प्रतिशत सर्वसाधारणका लागि शेयर जारी गर्ने भनियो ।

२०४३ कार्तिक २७ गते अरुणकुमार चौधरीले 'च्याम्पियन फुटवेयर लिमिटेड' दर्ता गरेको देखिन्छ । त्यसअघि नै भदौ १३ गते उक्त कम्पनीको २५ प्रतिशत शेयर रहने गरी बाँसबारी छाला जुत्ता कारखाना र अरुणकुमार चौधरीको बिचमा दुईपक्षीय सम्झौता भएको रहेछ ।

सोही २५ प्रतिशत शेयर बराबरको रकमबापत पहिलो चरणमा तत्कालीन कार्यकारी अध्यक्ष अजितनारायण सिंहको एकल निर्णयमा बाँसबारी छाला जुत्ता कारखानाको ६ रोपनी जग्गा च्याम्पियन फुटवेयरको नाममा हस्तान्तरण गरियो । त्यसबेला उक्त ६ रोपनी जग्गाको सरकारी न्यूनतम मूल्य १५ लाख रुपैयाँ रहेको देखिन्छ ।

त्यसपछि पनि बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडले २०४४ मङ्सिर १८ गते थप २६ लाख रुपैयाँ चौधरीको च्याम्पियन फुटवेयर लिमिटेडमा लगानी गरेको देखिन्छ ।

चौधरीको "च्याम्पियन फुटवेयर लिमिटेड" को सुरु पुँजी ५० लाख रहेकोले बाँसबारी छाला जुत्ता कारखानाले आफ्नो २५ प्रतिशत शेयर हकहिस्साका लागि १२ लाख ५० हजार रुपैयाँ मात्रै लगानी गर्नुपर्नेमा ६ रोपनी जग्गा हस्तान्तरण गर्नुका साथै २६ लाख २७८ रुपैयाँ लगानी गरेको देखियो । पछि पुनः ४ रोपनी सहित १० रोपनी जग्गा चौधरी परिवारले हात पारेको देखियो ।

तर अर्कोतिर ५१ प्रतिशत लगानी गर्ने भनेका अरुणकुमार चौधरीले ७४ लाख रुपैयाँ लगानी गर्नुपर्नेमा जम्मा ८ लाख मात्रै लगानी गरेको देखियो ।

चौधरी परिवारको मूल उद्देश्य बाँसबारी छाला जुत्ता कारखानाको प्रवर्द्धन गर्ने वा जुत्ता कारखाना सञ्चालन गर्नु थिएन । बरु सरकारी जग्गा र सरकारी धन सम्पत्ति हात पार्नु रहेको देखियो । किनभने जुन कारखाना बनेको थियो, त्यो दुई तीन वर्षमै बन्द गरियो ।

जुत्ता कारखाना बन्द भइसकेपछि २०४९ असार ३० गते अर्थ मन्त्रालयले बाँसबारी छाला जुत्ता कारखानालाई निजीकरण गर्ने औपचारिक योजना अघि बढायो । त्यही मौकामा चौधरी परिवारले बाँसबारी छाला जुत्ता कारखानाको २५ प्रतिशत शेयर अरुणकुमार चौधरीकै नाममा खरिद गरेका थिए । २०५२ साउन ११ गते अरुणकुमार चौधरीले बाँसबारी छाला जुत्ता कारखानाको शेयर आफ्नो नाममा ल्याए । यसरी चौधरी परिवारले बाँसबारी छाला जुत्ता कारखानाको पुरै जग्गा र शेयर हक समेत आफ्नो हात पारेको प्रस्ट देखियो ।

लगत्तै बाँसबारी छाला जुत्ता कारखाना पब्लिक लिमिटेडबाट २०५२ साउन १२ गते प्राइभेट लिमिटेड कम्पनीमा परिवर्तन गर्ने प्रक्रिया अघि बढाइयो । पुस ४ गते कम्पनी निजी कम्पनीमा परिवर्तन भयो ।

सम्पूर्ण सरकारी जग्गा यसरी चौधरी परिवारको नाममा गएको देखिन्छ भने च्याम्पियन फुटवेयर प्रा.लि.को नाम परिवर्तन गरेर सिजी चाँदवाग रेजिडेन्सी बनाएको अनुसन्धानबाट देखिएको सिआईबीले जनाएको छ ।

यसरी चीन सरकारले अनुदानमा निर्माण गरी दिएको सरकारी कारखानालाई ध्वस्त बनाउन निजीकरण गर्ने योजना अनुरूप कारखाना घाटा हुन थालेको देखाउँदै निजीकरण मात्र गरेन सरकारी कम्पनीको जग्गा कम्पनीका तत्कालिन कार्यकारी अध्यक्षको एकल निर्णयमा निजी कम्पनीलाई जग्गा हस्तान्तरण गर्नुका साथै घाटामा चलेको भनिएको सरकारी कम्पनी (बाँसबारी छाला जुत्ता कारखाना) को त्यसबेलाको २६ लाखभन्दा बढी रुपैयाँ अरुणकुमार चौधरीको निजी कम्पनीले हात पारेको रहेछ ।

यसरी २०४३/४४ सालदेखि २०५२ सालसम्ममा चौधरी परिवारले सरकारी कम्पनी र सरकारी जग्गालाई आफ्नो निजी सम्पत्ति बनाएको देखियो ।

यी र यस्तै प्रकृतिका कारोबारबाटै चौधरी परिवारले अहिलेको आफ्नो व्यापारिक विरासत निर्माण गरेको हुँदा चौधरी परिवारको र चौधरी जस्तै अन्य दर्जनौँ व्यापारिक घरानाका मानिसहरूको आधारशीला अर्थात् जग विषाक्त रहेको जानकारहरू बताउँछन् ।

### नीजीकरण गरिएका अरू उद्योगको पनि अनुसन्धान जरुरी

हुन त चीन सरकारले नेपाल सरकारलाई अनुदान सहयोग स्वरूप देशका विभिन्न भागमा निर्माण गरी दिएका दर्जनौँ सरकारी उद्योग कलकारखानाहरूमा विभिन्न व्यापारी व्यवसायीहरूले आँखा लगाएको र पछि क्रमशः निजीकरणका नाममा सरकारले ती सबै उद्योगहरू कौडीको मूल्यमा बिक्री गरेको यथार्थ सबैलाई अवगत नै छ ।

सँगसँगै स्थापना भएका निजी कलकारखानाले ठूलो धनराशी नाफा गरिरहेकै अवस्थामा सरकारी कलकारखानाहरूले भने सधैँ घाटा ब्यहोर्ने गरेको हिसाब किताब देखाउन सरकारी कर्मचारीहरू मात्र होइन, निजी व्यापारी व्यवसायीहरूको पनि संलग्नता थियो भन्ने कुरामा शङ्का थिएन ।

अहिले पनि सरकारी लगानीका ४४ संस्थानहरूमध्ये विद्युत् प्राधिकरणबाहेक अरू सबै संस्थानहरू घाटामा छन् ।

यसरी सरकारी उद्योग कलकारखानाहरूलाई घाटामा देखाउँदै निजीकरण गर्न सरकार भित्र र बाहिरी तत्त्व लागिपरेको र विभिन्न कालखण्डमा चिनियाँ सरकारले नेपाल सरकारलाई अनुदानमा निर्माण गरी दिएका १८ उद्योगहरू निजीकरण गरेको पाइन्छ ।

नेपाल सरकारले २०८० जेठमा चीन सरकारद्वारा बनाइएका कलकारखानाहरू बन्द हुँदा देशलाई निकै ठूलो क्षति हुने थाहा हुँदाहुँदै जानीजानी ती उद्योगहरू निजीकरण गरिएको थियो । ताकि नेपालमा चिनियाँ प्रभाव कम होस् र भारतीय तथा अमेरिकी प्रभाव र दबाबमा कमजोर नेपालमाथि आफ्नो स्वार्थ अनुकूलको सरकार गठन गर्न सहज होस् । यसरी भारतीय विस्तारवादी र अमेरिकी साम्राज्यवादी तत्त्वसँग सरकारभित्र रहेका नेता र उच्च पदस्थ पदाधिकारीहरू देशका केही व्यापारी दलालहरू पनि लागेकै थिए भन्ने स्पष्ट बुझ्न सकिन्छ ।

### नेपाल ड्रिलिङ्ग कम्पनी

चीन सरकारले बनाइदिएको भक्तपुरको सूर्यविनायकदेखि काठमाडौँको त्रिपुरेश्वरसम्म विद्युत्बाट चल्ने ट्रलीबस सेवा पनि नेपाल सरकारले बन्द गरेको छ ।

जसरी चौधरी परिवारले विषाक्त जगको आधारशीलामा जसरी सरकारी जग्गा तथा धन सम्पत्ति हात पारेर



र सरकारी धन सम्पत्ति गैरकानुनी तवरबाट आफ्नो हात पारेको हुन सक्ने सम्भावना प्रबल देखिएको छ । त्यसैले सरकारी कलकारखानाहरू कौडीको भाउमा निजीकरण गरिएकोमा बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडको फाइल सार्वजनिक गरिएको एउटा प्रतिवेदनअनुसार नीजीकरण गरिएका १८ सार्वजनिक संस्थानहरूमध्ये ८ वटा नाफामा, ४ वटा घाटामा र ६ वटा बन्द अवस्थामा छन् ।

**नीजिकरण गरिएका सरकारी कम्पनीहरुको अवस्था**

| चालु अवस्थामा रहेको | घाटामा रहेको | बन्द गरिएको | खारेज गरिएको |
|---|---|---|---|
| नेपाल बिटुमिन तथा ब्यारेल उद्योग | **श्री रघुपति जुट मिल** | बाँसबारी छाला जुत्ता कारखाना | **नेपाल जुट विकास तथा व्यापार कम्पनी** |
| नेपाल ल्युब आयल | **लुम्बिनी चिनी कारखाना** | हरिसिद्धि ईट्टा टायल कारखाना | **कृषि आयोजना सेवा केन्द्र** |
| नेपाल ढलौट उद्योग लिमिटेड | **नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड** | भृकुटी कागज कारखाना | **सुर्ती विकास कम्पनी** |
| नेपाल बैंक लिमिटेड | **विराटनगर जुट मिल** | चलचित्र विकास कम्पनी लिमिटेड | **हिमाल सिमेन्ट उद्योग लिमिटेड** |
| नेपाल चिया विकास निगम | | बालाजु कपडा उद्योग | **घरेलु शिल्पकला बिक्री भण्डार** |
| बुटवल पावर कम्पनी | | काँचो छाला संकलन तथा बिक्री केन्द्र | **नेपाल कोल लिमिटेड** |
| नेपाल दूरसञ्चार कम्पनी | | | **हेटौँडा कपडा उद्योग** |
| भक्तपुर ईट्टा टायल कारखाना | | | **वीरगंज चिनी कारखाना** |
| | | | **नेपाल यातायात संस्थान** |
| | | | **कृषि चुन उद्योग मिमिटेड** |
| | | | **नेपाल ड्रिलिङ्ग कम्पनी** |

अहिलेको व्यापारिक विरासत बनाए त्यसरी नै, अरू धेरै व्यापारिक घराना, सरकारी कर्मचारी, मन्त्री, प्रधानमन्त्रीहरू प्रत्यक्ष संलग्न भई चौधरी परिवारका अरुणकुमार चौधरीले जस्तै सरकारी जग्गा अनुसन्धान भएझैँ थप अन्य निजीकरण गरिएका उद्योग कलकारखानाहरूको फाइलहरू पनि पुनः अनुसन्धान गरी वास्तविकता सार्वजनिक गर्नु जरुरी छ ।

*२०८० माघ २१*

# निजीकरण र उदारीकरण नीतिकै कारण बेरोजगारी समस्या

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी डकर्मी सङ्घ, भक्तपुर जिल्ला समितिले शनिबार एक कार्यक्रमको आयोजना गरेको छ ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले कार्ल मार्क्सले पुँजीवादी व्यवस्थाले मानिसलाई वस्तुको रूपमा लिएकै कारण मजदुर एकता र आन्दोलनको आह्वान गर्नुभएको भनाइ राख्नुभयो । जसरी बजारमा माग र आपूर्तिको आधारमा वस्तुको मूल्य घटबढ हुन्छ त्यसरी नै मानिसको ज्याला पनि माग र आपूर्तिको आधारमा तोकिनु मानिसलाई पनि वस्तुको रूपमा लिनु हो भन्दै केन्द्रीय सदस्य गोसाईले २०४६ सालको राजनीतिक परिवर्तनपछि बनेका सबै सरकारले निजीकरण तथा उदारीकरणको नीति लिएको कारण बेरोजगारी समस्या चर्किएको भनाइ राख्नुभयो ।

केन्द्रीय सदस्य गोसाईले राजनीतिक आन्दोलन तथा सङ्घर्षको कारण भक्तपुरमा राम्रो थिति बस्न सकेको भन्दै जनताको राजनीतिक तथा वर्गीय चेतनाको स्तर नउठेसम्म परिवर्तन नहुने विचार राख्नुभयो । उहाँले निर्वाचनमा भोट किन्ने पार्टी कार्यकर्ता र भोट बेच्ने जनता रहेसम्म देशको अग्रगमन सम्भव नभएको भनाइ राख्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सदस्य उपेन्द्र सुवालले नेक्रामजदुरसङ्घले मजदुरमाथि भइरहेका अन्याय तथा शोषणको विरोधमा सङ्घर्षका गतिविधि अगाडि बढाइरहेको प्रस्ट पार्नुभयो । उहाँले मजदुर वर्गको एकताबाटै विश्वमा ठूलो राजनीतिक परिवर्तन भएको भन्दै अधिकारको निम्ति आफै सचेत हुनुपर्ने भनाइ राख्नुभयो ।

आयोजक समितिका अध्यक्ष विष्णुराम दुमरुको सभापतित्वमा भएको उक्त कार्यक्रममा रमेश दुमरुले पनि बोल्नुभएको थियो ।

# वैजनाथ गाउँपालिकामा विद्यार्थी प्रशिक्षण

बाँके । नेपाल मजदुर किसान पार्टीको स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ बाँकेको आयोजनामा वैजनाथ गाउँपालिकामा शनिबार विद्यार्थी भेला तथा प्रशिक्षण कार्यक्रम भयो ।

भेलामा नेमकिपा बाँकेका अध्यक्ष बखत थापाले विद्यार्थीहरूले पढाइमा ध्यान दिनुका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे जानकारी राख्नुपर्नेमा जोड दिनुभयो ।

निःशुल्क, अनिवार्य र वैज्ञानिक शिक्षाको लागि नेक्राविसङ्घ सङ्घर्षरत रहेको धारणा राख्दै उहाँले न क्राविसङ्घमा आबद्ध विद्यार्थीहरू कुलतबाट जोगिनुपर्ने र देश र जनताको सेवामा इमानदारीपूर्वक लाग्नुपर्ने बताउनुभयो ।

कामदार जनताको भविष्य समाजवादी व्यवस्थामा सुनिश्चित हुने भएकोले नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "उत्पादनका स्रोत र साधन राष्ट्रियकरण हुने, योग्यताअनुसारको काम र श्रमअनुसार ज्यालाको बन्दोबस्त हुने, शिक्षास्वास्थ्य निःशुल्क हुने, शोषणविरुद्धको हक हुने अर्थ व्यवस्था नै समाजवादी व्यवस्था हो ।"

दीपा बुढाको अध्यक्षतामा भएको सो भेलामा नेमकिपा बाँकेका अञ्जिरबहादुर शाही, नेक्राविसङ्घ बाँके अध्यक्ष भावना थापा र भावनासिंह ठकुरीले पनि बोल्नुभएको थियो । भेलाले निराजन वीसीको अध्यक्षतामा नेक्राविसङ्घ वैजनाथ गाउँ समिति गठन गरेको छ ।

# साइन्स र डाक्टरी पढ्ने भाइबहिनीलाई चिठी-२

✍ हरिबहादुर श्रेष्ठ

इतिहासलाई राम्रोसँग पढेको खण्डमा तिमीले देख्नेछ्यौ -विज्ञानले राजनीतिमा ठूलो मद्दत मात्रै गरेको होइन, राजनीतिको धारलाई नै व्यापक र वैज्ञानिक बनाइदिएको छ । चुम्बक र दिशा पत्ता लगाउने यन्त्र (कम्पास) को आविष्कारले टाढा-टाढासम्म जहाजको आवतजावत भयो । पृथ्वी गोलो छ भन्ने सिद्धान्तका कारण कोलम्बस कम्पासकै सहाराबाट एकै दिशातिर लाग्दै अमेरिका पुगे । त्यसपछि, युरोपबाट भारत र चीन पुग्ने समुद्री बाटो पत्ता लाग्यो । नयाँ देशहरू पत्ता लागेपछि युरोपेली राजाहरूले एसिया, अफ्रिका र अमेरिकी देशहरूमा लुटपाट गर्ने, बस्ती बसाल्ने र देशहरू कब्जा गर्ने उपनिवेशवादी नीति लिँदै गए । उपनिवेशकै निम्ति युरोपेली देशहरूबिच आपसमा लडाइँ हुन थाल्यो । नयाँ-नयाँ उपनिवेशले व्यापारमा ठूलो वृद्धि गऱ्यो । बेलायत र फ्रान्सजस्ता युरोपका देशमा पुँजीपतिवर्गको विकास भयो, कलकारखानाको आविष्कार भयो । बाफको शक्ति पत्ता लाग्यो । बाफले कलकारखाना एवम् जहाज चल्न थाल्यो र त्यसले गर्दा कपडा तथा अरू सामानको उत्पादन गर्न साह्रै कम ज्याला लाग्यो । कम ज्याला र काम छिटो सिधिनाले सामान सस्तो भयो । सस्तो सामानले भारत, चीन, नेपालजस्ता देशको घरेलु उद्योग खत्तम गरिदियो । युरोपले एसिया, अफ्रिका र अमेरिकी देशहरूमा सस्तो सामान बेच्न र कच्चा सामान सस्तोमा ल्याउन ती देशहरू कब्जा गर्ने काममा तीव्रता ल्याउन थाल्यो । अब एक देशको राजनीति अरू देशहरूसँग सम्बन्धित हुन थाल्यो । बारुदको



लु सुन

उपयोग गर्न सिके । वाण, तरबार र भालाले लड्ने ठाउँमा अब लुकेर बन्दुकले लड्न सकिने भयो । त्यसको मद्दतले कम मानिसले पनि ठूलो सेनासँग लड्न सक्ने भए ।

बेलायतको पुँजीपति वर्गले सामन्त वर्गलाई गद्दीबाट फालिदियो । उपनिवेश कब्जा गर्न तोप र बन्दुकको प्रयोग झन् बढ्यो । एकैजना मजदुरले पनि नयाँ-नयाँ मेसिन प्रयोग गरेर १०० जना मजदुरको काम गर्न सक्ने भयो । अब ९९ प्रतिशत मजदुरहरूले कम ज्याला पाउन थाले र बेरोजगार हुन थाले । यसले मजदुर आन्दोलन बढ्दै गयो । डार्विनले जीव विकासको नियम पत्ता लगाए । त्यसकै आधारमा समाज विकासको नियम पनि पत्ता लाग्यो । भौतिकवादी सिद्धान्त अगाडि बढ्यो । मार्क्स र एँगेल्सले द्वन्द्वात्मक भौतिकवादी दर्शनअघि सार्नुभयो र त्यसलाई मजदुर आन्दोलनसँग गाँस्नुभयो । मजदुर आन्दोलनले समाजवाद र साम्यवादी सिद्धान्त आविष्कार गऱ्यो । त्यसैलाई मार्क्सवाद भन्छन् ।

जहाज, रेल, मोटर, हवाइजहाज, टेलिफोन, छापाखाना, कलकारखानाले सबै ठाउँमा मजदुर र पुँजीपति वर्ग जन्माइदियो र त्यही बाटोबाटै सबै ठाउँमा मार्क्सवाद पनि पुग्यो । यसरी विज्ञानले राष्ट्रिय राजनीतिलाई अन्तर्राष्ट्रिय राजनीतिमा फेरिदियो । त्यतिमात्र होइन, डाक्टर एडवर्ड जेनरले बिफरको किटाणु पत्ता लगाउनुका साथै 'सितला माजु' जस्ता अन्धविश्वास हट्यो । अन्धविश्वासविरोधी विज्ञानको प्रचारले ईश्वर र राजा-महाराजाको सामन्तवादी व्यवस्था ध्वस्त पारिदियो । बहिनी, अब तिमी नै भन विज्ञानले समाजमा कस्तो ठूल्ठूलो उथलपुथल ल्याउँदो रहेछ र राजनीतिलाई कसरी त्यसले व्यापक बनाउँदो रहेछ ! भन, के विज्ञान र वैज्ञानिकहरूलाई राजनीतिबाट अलग्याउन सकिन्छ ?

तिम्रो मनमा फेरि खुल्दुली र शङ्का उठ्नेछ - "डाक्टरको काम त रोगीको उपचार गर्नु हो; उसलाई धनी र गरिब वर्ग, शासक र शोषितसँग कुनै सरोकार कसरी हुन सक्छ र ! डाक्टरहरू राजनीतिमा लाग्ने प्राणी नै होइनन् ।"

बहिनी, तिम्रो ठम्याइ अवैज्ञानिक छ । समाजमा रहेसम्म कुनै पनि मानिस प्रत्यक्ष वा अप्रत्यक्षरूपले कुनै न कुनै वर्गको वा राजनीतिको पक्षमा रहेकै हुन्छ, उसले जुनसुकै पेशा लिएको किन नहोस् । व्यापार, सरकारी नोकरी, ज्यामी, खेतीपाती, अध्यापन आदि सबै पेशा हुन् । मानिसको पेशा, आर्थिकस्तर अथवा उत्पादनको सम्बन्धले ऊ कुन वर्गमा छ भन्ने प्रस्ट्याउँछ । डाक्टरी पनि एक पेशा हो । डाक्टरहरूलाई पनि माथिल्लो र तल्लो वर्गमा विभाजित गर्न सक्छ्यौ । ठूलो, सानो र बिचको पुँजीपति वर्ग भएजस्तै डाक्टर, इन्जिनियर, वकिल आदि बुद्धिजीवीहरू पनि विभिन्न वर्गमा विभाजित छन् । साधारण हिसाबले डाक्टर, वकिल, इन्जिनियर, प्राध्यापक, लेखक, कवि, कलाकारहरू बौद्धिक मजदुरहरू हुन् । तिनीहरू महिनाको ४०-५० हजार रुपियाँ कमाउँछन् । तिनीहरू धनी हुन त चाहन्छन् तर आफूभन्दा ठूलाले तिनीहरूलाई उठ्नै दिँदैनन्; जस्तो, ठूलो पुँजीको अगाडि सानो पुँजी उठ्न सक्दैन ।


बौद्धिक पेशा गर्नेहरूलाई मध्यम, सानो पुँजीपति र अर्ध-सर्वहारा वर्गमा विभाजित गर्न सकिन्छ । त्यस्तै, क्रान्तिप्रति तिनीहरूको दृष्टिकोण पनि अलग-अलग नै हुन्छ । मध्यम र साना पुँजीपति वर्गले क्रान्तिप्रति चमेरो नीति लिन्छन् । क्रान्ति सफल होलाजस्तो देखेमा क्रान्तिकारी बन्छन् र क्रान्ति असफल हुन थालेपछि क्रान्तिबाट पर भाग्छन् अनि



एडवर्ड जेनर

क्रान्तिविरोधी पनि हुन पुग्छन् । तिनीहरूले मजदुर-किसानलाई अलि तल्लो आँखाले हेर्छन् । अर्ध-सर्वहारा बुद्धिजीवी वर्ग चाहिँ मजदुर, किसान र क्रान्तिकारीहरूको अलि नजिक हुन्छन् किनभने क्रान्तिले मात्रै तिनीहरूको जीवनलाई सुखमय र इज्जतपूर्ण बनाइदिन्छ । सरल भाषामा भन्ने हो भने - डाक्टर पनि धनी अथवा गरिब परिवारको हुन्छ । उसमा आफ्नो परिवारको वा साथीभाइ (परिस्थिति) र गरिबहरूको प्रभाव पनि परेको हुन्छ । ऊ धनी वर्गको प्रभावमा छैन भने गरिब वर्गको प्रभावमा छ भन्ने बुझ्नुपर्छ र ऊ गरिबको पक्षमा छैन भने धनीको पक्षमा छ भन्ने कुरा बुझ्नुपर्छ ।

कुनै व्यक्तिले गरिबको राजनीतिको विरोध गर्छ भने उसले घुमाउरो वा सोझो हिसाबले धनी वर्गको राजनीतिलाई समर्थन गर्छ । उसले धनी वर्गको राजनीतिको विरोध गर्छ भने उसले गरिब वर्गको राजनीतिलाई समर्थन गरेको हुन्छ । यसकारण, वर्गभेद भएको समाजमा डाक्टर, इन्जिनियर, प्राध्यापक, लेखक, कवि, कलाकार कोही पनि व्यक्ति वर्गीय राजनीतिबाट अलग्ग बस्न सक्दैन । कहिलेकाहीँ आफूले थाहा नपाइकनै पनि उसले एक न एक वर्ग र राजनीतिको समर्थन वा विरोध गरिरहेकै हुन्छ । हावामा बस्ने प्राणी हावाविना जसरी अलग्ग बस्न सक्दैन, त्यस्तै समाज र समाजमा बस्ने मानिस, चाहे त्यसले जुनसुकै पेशा गरेको होस्, वर्ग र वर्गीय राजनीतिबाट अलग्ग रहन सक्दैन ।





यसकारण, डाक्टर पढ्नेहरू पनि वर्ग र राजनीतिबाट अलग्ग हुन्नन् ।

के तिमीले लु सुनको नाम सुनेकी छ्यौ ? लु सुन हाम्रो उत्तरतिरको छिमेकी देश चीनका




नर्मन बेथुन

ठूला क्रान्तिकारी लेखक हुनुहुन्छ । विद्यार्थी जीवनमा उहाँ जापानमा डाक्टरी पढ्न जानुभएको थियो । छात्रवृत्ति पाएर डाक्टरी पढ्न त थाल्नुभयो तर जापानमा चिनियाँहरूलाई साह्रै हेला गरेको देख्नुभयो । त्यसबेला चीनलाई सबै साम्राज्यवादी देशहरूले थिचोमिचो गरिराखेका थिए । सुगौली सन्धिमा नेपाल हारेर नेपाली जनता थिचोमिचोमा परेजस्तै चीन पनि सुगौली सन्धिजस्ता थुप्रै सन्धिहरूले हारेको थियो । गोर्खालीहरू भारतको गल्ली-गल्लीमा काम खोजेर हिँडेजस्तै चिनियाँहरू पनि विदेशमा काम खोजी-खोजी हिँड्थे । गोर्खालीहरू जस्तै तिनीहरू पनि दरबान, कुल्ली, पिउन र पल्टनमा भर्ती भएर विदेशीको खटन-पटनमा दलिनु र मर्नुपर्थ्यो । आज नेपालीहरूलाई हेला गरिएजस्तै चिनियाँहरूलाई पनि विदेशमा हेला गरिन्थ्यो । लु सुनको युवा मन कमलो थियो । आफ्नो देश र देशवासीलाई हेला गरिएको उहाँले सहन सक्नुभएन । एक मामुली डाक्टरमात्र भएर आफ्नो देश र जनतालाई उठाउन सकिएला जस्तो उहाँलाई लागेन । आफ्नो देश र जनतालाई हेला गरिन्छ भने जाबो डाक्टर भएरै के इज्जत हुने होला भन्ने मनमा पऱ्यो । मनमा धेरै कुरा खेलाउनुभयो, अन्तमा डाक्टरीको पढाइ छोड्नुभयो, चिरफार गर्ने कैँची र रोगी जाँच्ने स्टेथेस्कोपको सट्टा कलमलाई रोज्नुभयो ।

साहित्यले अनपढलाई शिक्षित बनाउँछ, सुतेकालाई उठाउँछ, हेपिएका र पछाडि परेका देश र जनतालाई उठाउँछ । गहिरिएर विचार गऱ्यो भने देख्नेछौँ - जुन देश र जातिको साहित्य गरिब छ, त्यो देश र जाति पछाडि परेको हुन्छ र अरूको थिचोमिचोमा परेकै हुन्छ । साहित्य समाजको गिदी हो । सबै लिखित कागजपत्र साहित्य हो - चाहे त्यो राजनीति होस् वा विज्ञान । साहित्यविना कुनै ज्ञानविज्ञान अगाडि बढ्न सक्दैन । यसकारण, लु सुनले कलम रोज्नुभयो र क्रान्तिकारी साहित्यमार्फत चिनियाँ जनतालाई उठाउन घचघच्याउनुभयो । उहाँकै साहित्य अध्ययन गरेर हजारौँ डाक्टर, इन्जिनियर, रसायनशास्त्री र वैज्ञानिकहरू क्रान्तिको पक्ष लिएर क्रान्तिकारी बने । क्रान्तिले आज चीनमा हजारौँ-लाखौँ डाक्टर, इन्जिनियर, वैज्ञानिक र कृषि वैज्ञानिक तयार पार्दै छ । लु सुनले गरिबको राजनीति र क्रान्तिको राजनीति अपनाउनुभएको थियो । आज संसारमा लाखौँ-करोडौँ पढेलेखेका जनताले लु सुनका रचना पढ्छन् र उहाँलाई मन पराउँछन् । नेपाली भाषामा पनि लुसुनका केही रचना उल्था भएका छन् । लु सुनजस्ता क्रान्तिकारी साहित्यकारको रचनालाई क्रान्तिकारी साहित्यकारले मात्रै जिउँदो ढङ्गले उल्था गर्न सक्छ । प्रतिक्रान्तिकारीले प्रगतिशील साहित्यको उल्था गर्दा त्यसको चमक र तिखारलाई धमिलो र काम नलाग्ने बनाइदिन सक्छ । नेपालीमा गरिएको उल्था त्यस्तै भएको छ । उल्थाकार 'नक्कली नागको सौखिन' हो । उसले क्रान्ति गर्न होइन, पैसा कमाउन लु सुनका रचना उल्था गरेको हो । त्यस्ता उल्थाकारलाई क्रान्तिकारी साहित्यकारहरूले प्रगतिशील साहित्यको फाँटबाट दुधमा परेको झिँगालाई जस्तै टिपेर फालिदिनुपर्छ । 'नक्कली नागका सौखिनहरू' लाई क्रान्तिकारी साहित्य उल्था गर्ने अधिकार छैन ।

बहिनी, यो त भयो डाक्टरी पढ्ने विद्यार्थीको कथा । अब सुन, डाक्टर नर्मन बेथुनको कथा । नर्मन बेथुन क्यानडाका साह्रै नाउँ चलेका र चिरफार गर्ने एक खप्पिस डाक्टर हुनुहुन्थ्यो । सन् १९३६ मा जर्मनी र इटालीका फासिस्टहरूले स्पेनको गृहयुद्धमा हस्तक्षेप र आक्रमण गरेका थिए । स्पेनी जनताले अत्याचारी शासकको विरोधमा सङ्घर्ष गर्दै थिए । क्यानडाको कम्युनिस्ट पार्टीको आदेशमा डा. बेथुन स्पेन पुग्नुभयो । दिलोज्यानले क्रान्तिकारी जनताको सेवा गर्नुभयो । त्यस लडाइँमा जनताको हार भयो र अत्याचारीहरूको जित भयो । दोस्रो विश्वयुद्ध चर्किँदै गइरहेको थियो । स्पेनी क्रान्तिको हारपछि पार्टीको आदेशमा उहाँ चीन पुग्नुभयो । चिनियाँ जनताले जापानी आक्रमणको विरोधमा सङ्घर्ष गरिरहेका थिए । डा. बेथुनले त्यहाँ घाइते र रोगीहरूको रातदिन सेवा गर्नुभयो । लडाइँको नजिकै पुगेर उहाँले घुम्ती अस्पतालको बन्दोवस्त गर्नुभयो । बम र बन्दुकको गड्गडाहट र लडाइँको कोलाहलबिच उहाँले आफ्नो चिरफारको काम अगाडि बढाउनुभयो । घाइतेहरूको चिरफारको बेला उहाँ आफै अघि सरेर आफ्नो रगत दिनुहुन्थ्यो । बम खस्ने खतरा हुँदाहुँदै पनि उहाँ घाइतेहरूलाई छाडेर भाग्नुहुन्थेन र भन्नुहुन्थ्यो, "डाक्टर रोगीको निम्ति बाँच्छ, ऊ रोगीहरू छोडेर भाग्दैन ।" काम गर्दागर्दै उहाँ चीनमै बित्नुभयो । आज चीनका लाखौँ डाक्टर उहाँकै निःस्वार्थरूपले सेवा गर्ने र अन्तर्राष्ट्रिय भावनाबाट सिक्छन् अनि प्रेरणा प्राप्त गर्छन् । उहाँ क्यानडाको कम्युनिस्ट पार्टीको एक सदस्य हुनुहुन्थ्यो ।

तिमीले चे ग्वेभाराको नाम सुनेकी हौली । उहाँ अर्जेन्टिनाका डाक्टर हुनुहुन्थ्यो । सानैदेखि उहाँको मन क्रान्ति र समाजवादतिर ढल्केको थियो । उहाँ कुष्ठरोगबारे अनुसन्धान गर्न चाहनुहुन्थ्यो । उहाँले ग्वाटेमालाको अस्पतालमा काम गर्नुभयो । संयुक्त राज्य अमेरिकी साम्राज्यवादको एकलौटी पुँजीले ग्वाटेमालामा थिचोमिचो गरिरहेको थियो । त्यसको विरोधमा उहाँले भित्रभित्र युवा-विद्यार्थीहरूलाई सङ्गठित गर्नुभयो । ग्वाटेमालामा साम्राज्यवादविरोधी सङ्घर्ष चर्किँदै गयो । शत्रुका दलालहरूले त्यो सङ्घर्ष दबाइदिए र चेको सुराक पनि पत्ता लगाए । चे शत्रुको गिरफ्तारीबाट जोगिएर मेक्सिको पुग्नुभयो र त्यहाँ फोटोग्राफरको रूपमा काम गर्नुभयो । विद्यार्थी जीवन विदेश भ्रमण जाँदा आफ्नो खर्च टार्न उहाँ भरिया, कुल्ली, माझी, फुटबल सिकाउने प्रशिक्षक (कोच) बन्नुहुन्थ्यो र भाँडा माझ्ने काम पनि गर्नुहुन्थ्यो । काम कहिले पनि सानो हुँदैन भन्ने उहाँको विचार थियो ।



घाइतेहरूको उपचार गर्दै डाक्टर बेथुन

# बुद्धिजीवीहरू देश र जनताको सेवा गर्नेभन्दा व्यापारतर्फ लाग्नु गलत

भक्तपुर । बाल विकास सेकेन्डरी स्कुलको ३६ औँ वार्षिकोत्सव तथा सांस्कृतिक कार्यक्रम शनिबार सम्पन्न भयो । कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले विश्वविद्यालय र कलेजको पढाइले मात्र कोही बुद्धिजीवी नहुने भन्दै देश र जनताको समस्या बुझ्ने र समाधानमा पनि राजनीतिक कक्षामार्फत सचेत एवम् सङ्गठित गरिने उहाँले प्रस्ट पार्नुभयो ।

उहाँले नयाँ पुस्तालाई व्यक्तिवादी सोचबाट टाढा राख्नुपर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको बारेमा कक्षा सञ्चालन गर्नुपर्ने कुरामा जोड दिनुभयो । देशमा विकृतिको रूपमा फैलिएको भ्रष्टाचारविरुद्ध लड्न प्रेरित

उहाँले अभिभावक र शिक्षकबिच समन्वय, सहकार्य तथा आपसी सहयोग बालबालिकाको विकासको निम्ति अनिवार्य हुने र आपसी विश्वास तथा आदानप्रदानको माध्यमबाट बालबच्चाको हुर्काइमा सकारात्मक परिवर्तन सम्भव हुने बताउनुभयो ।




साथ दिने नै वास्तविक बुद्धिजीवी हुने बताउनुभयो । अध्यक्ष बिजुक्छेँले बुद्धिजीवीहरूले देश र जनताको सेवा गर्नेभन्दा व्यापारतर्फ लाग्नु गलत भएको विचार व्यक्त गर्नुभयो ।

वास्तविक बुद्धिजीवीहरूले पत्रपत्रिका तथा पुस्तक प्रकाशन गरेर देश र समाजको हितमा लाग्नुपर्ने र तल्लो वर्गलाई आवश्यक राजनीतिक कक्षाहरू सञ्चालन गरेर कामदार जनताको लागि काम गर्नुपर्ने विचार व्यक्त गर्दै उहाँले भन्नुभयो, "अहिले पनि रात्रि कक्षाको सञ्चालन आवश्यक छ ।"

समाजवादी देशमा मजदुरहरूको कारखानामा पुगेर राजनीतिक कक्षा सञ्चालन गरिने र किसानहरूको निम्ति गर्नुपर्ने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भक्तपुरलाई 'टेस्ट ट्युब' अर्थात् 'प्रयोगशाला' बनाएर यहाँको असल अभ्यास तथा उपलब्धि देशभरि पुऱ्याउन सके महत्त्वपूर्ण योगदान हुने विचार राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईले सन्तानको उचित लालनपालन तथा हुर्काइ अभिभावकको पहिलो सरोकारको विषय भएको र आफ्नो व्यस्त दैनिक कार्यतालिकाको यथोचित बन्दोबस्त मिलाउँदै हरेक दिनको एउटा निश्चित समय बालबच्चालाई दिने भावना तथा संस्कारको विकास हुँदै गएकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले थप्नुभयो, "हाम्रा बालबच्चा सुरुदेखि नै यसरी हुर्कियून् कि तिनीहरूको मनमस्तिष्कमा जन्मभूमि होस् र मातृभूमिले सदासर्वदा गर्व गर्नलायक बनून् ।" शिक्षकशिक्षिका अध्ययनशील तथा सिर्जनशील भए त्यसको छाप विद्यार्थीमा पर्ने कुरामा जोड दिँदै उहाँले दोस्रो अभिभावक मानिने शिक्षकशिक्षिकाहरूको भूमिकालाई कम आँक्न नमिल्ने बताउनुभयो ।

बालबालिकाको निम्ति शिक्षकशिक्षिका साथी, संरक्षक, पथप्रदर्शक मात्र होइन 'रोलमोडल' हुने र शिक्षकशिक्षिकाहरूले बालबालिकाहरूलाई जीवनमा कहिल्यै नबिर्सिने प्रभाव दिन सक्ने कुरामा उहाँले जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजूले स्कुल, कलेज, सहकारी, अस्पताललगायतका सामाजिक क्षेत्रमा सामाजिक गतिविधिमा महिलाहरू सक्रिय छन्, अझ राजनीतिकरूपमा सचेत र सङ्गठित हुँदै अघि बढ्न सके समाज यो भन्दा तीव्ररूपमा परिवर्तन हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले आमाहरूले दुःख नपाउने, महिलाहरूले समतामूलक जीवन बाँच्न पाउने, बालबच्चाहरूले यथोचित अवसर पाउने, शिक्षादीक्षा पाउने, ज्येष्ठ नागरिकहरूले सम्मानजनक जीवन पाउने र युवाहरूले रोजगारी स्वदेशमै पाउने, शिक्षा, स्वास्थ्य राज्यले जिम्मा लिने समाज खोजेको कुरा प्रस्ट पार्नुभयो । त्यस्तो व्यवस्थालाई राजनीतिक भाषामा समाजवादी व्यवस्था भनिने र समाजवादी समाजमा राज्यले नै बालबालिका, महिला र ज्येष्ठ नागरिकको सुन्दर एवम् सुरक्षित जीवन सुनिश्चित हुने उहाँले बताउनुभयो ।

कार्यक्रममा शिक्षिका सीता प्रजापतिले विद्यालयको विभिन्न क्रियाकलाप तथा गतिविधिहरूको प्रतिवेदन प्रस्तुत गर्नुभयो । विद्यालयका अभिभावक डा. अमर प्रजापतिले मुटु रोगसम्बन्धी जानकारी दिनुभयो र हृदयाघातबारे सचेत गराउनुभयो ।

विद्यालयका अभिभावक एवम् आँखा रोग विशेषज्ञ राजु कैटीले अहिलेको परिस्थितिमा विभिन्न कारणले बालबालिकाहरूमा दृष्टिदोष भयावह किसिमले बढ्दै गएको र बालबालिकाहरूको आँखालाई सुरक्षित राख्न अपनाउनुपर्ने उपायहरूबारे प्रस्ट पार्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्लेग्रुपदेखि कक्षा ४ सम्मका विद्यार्थीहरूले विभिन्न सन्देशमूलक गीत, नाटक तथा नृत्यहरू प्रस्तुत गरेका थिए ।

# नुवाकोटमा पार्टी स्थापना दिवस : प्रवचन कार्यक्रम

नुवाकोट । नेमकिपा नुवाकोट जिल्ला समितिको आयोजनामा पार्टी स्थापना दिवसको अवसरमा शनिबार प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले तत्कालीन कम्युनिस्ट पार्टीभित्रको सैद्धान्तिक विचलनपछि नेमकिपा स्थापना भएको चर्चा गर्दै पुँजीवादी व्यवस्थाभित्र छिरेका कम्युनिस्ट भनिने दलले देश र जनताको निम्ति कुनै मौलिक कार्य गर्न नसकेको धारणा राख्नुभयो ।

भारतले नेपाली भूमि सुस्तामा सीमा अतिक्रमण गर्दा नेमकिपाले विरोध जुलुस र सभा गरेको उल्लेख गर्दै उहाँले रातो झन्डा खसाल्न रातो झन्डा उठाउने नक्कली कम्युनिस्टहरूदेखि सावधान हुनुपर्नेमा जोड दिनुभयो ।

बहुदल पुनः स्थापना भएताका नै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले एक चम्चा पानीले जनताको प्यास नमेटिने विचार व्यक्त गरेको स्मरण गराउँदै सचिव सुवालले भन्नुभयो, "पार्टी विश्वविद्यालय हो; पार्टीमा रहेर राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको ज्ञान प्राप्त हुन्छ ।"

कार्यक्रममा उठेका विभिन्न जिज्ञासाको पार्टी सचिव सुवालले जवाफ दिनुभएको थियो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य नारायणबहादुर दुवालले भारतीय एकाधिकार पुँजी, विदेशी दलालको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउँदै शासकहरूले युवाहरूलाई सस्तो ज्यामी बनाएर बिदेसिन बाध्य पारेको उल्लेख गर्नुभयो ।

शासकहरूले देश र जनताको पक्षमा काम नगरेको औँल्याउँदै उहाँले राज्य सत्ताका नेता असल, इमानदार, निःस्वार्थी, देशभक्त, दूरदर्शी भए मात्र जनताले सुख पाउने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले नेमकिपा स्थापनाकालदेखि सिद्धान्त र विचारमा विचलित नभई देश र जनताको पक्षमा काम गरिरहेको उल्लेख गर्नुभयो । नेमकिपाले विदेशी हस्तक्षेप र नेपालको अहितमा भएको सन्धि-सम्झौताको विरोध गरिरहेको उहाँले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा रवीन्द्र डंगोलले किसान, मजदुर, शिक्षक व्यवसायीहरूले राजनीति गरेन भने देशमा जनताले सधैँ दुःख पाइरहने बताउनुभयो । कार्यक्रममा सुजी हेङ्ग्जुले पनि बोल्नुभएको थियो ।

# स्व. शाक्यप्रति श्रद्धाञ्जली

सुर्खेत, २२ माघ । नेपाल मजदुर किसान पार्टी सुर्खेतका पूर्वसदस्य जीवनकुमार शाक्यको असामयिक निधनको पैतालीसौँ दिनको तिथिका अवसरमा आइतवार श्रद्धाञ्जली सभा भयो ।

सभामा नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले स्व. शाक्यले समाजमा पुऱ्याएको योगदानबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा अकल राना, टीकाप्रसाद पोखरेल, धनेन्द्र विक, लालबहादुर थापा र जीवनकुमार शाक्यकी जीवन सङ्गीनी रमा शाक्यलगायतले शाक्यको व्यक्तित्वबारे चर्चा गर्नुभएको थियो ।

# हतियार उठाउँदैमा कम्युनिस्ट नहुने

भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा शनिबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालले बहुमत कामदार जनतालाई राजनैतिक र सैद्धान्तिकरूपले सचेत र सङ्गठित गर्न, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादले कमजोर देशहरूमाथि आफ्नो हैकम कायम गर्न गरिएको अतिक्रमण, थिचोमिचो र आक्रमणको विरोध गर्नुपर्नेमा जोड दिनुभयो ।

प्यालेस्टिनी जनताको नरसंहार, यहुदी फासीवादले गरेको दमन, विश्वकै नक्साबाट प्यालेस्टिन देश मेटाउने इजरायलको षड्यन्त्र र जातीय हिंसा, युक्रेनमा नाटो सैनिक पठाएर रूसमाथि गरिएको आक्रमणको निन्दा गर्दै उहाँले त्यहाँको प्राकृतिक स्रोतसाधनमाथि अमेरिकाले कब्जा गर्ने कुनियतको विरोधमा जनतालाई सचेत पार्नु आवश्यक छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष एवं भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालले मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्त मानी देश र जनताको निःस्वार्थरूपले सेवा गरी बहुमत कामदार जनताको हकहितको निम्ति किसान सङ्घ सङ्घर्षरत छ भन्नुभयो ।

उहाँले देशको सार्वभौमिकता रक्षा गर्न, अतिक्रमित भूमि फिर्ता लिन, कालापानीमा रहेका भारतीय सेना फर्काउन, देशघाती नागरिकता विधेयक, एमसीसी सम्झौता आदिविरुद्ध आन्दोलन अझै जारी रहेको बताउनुभयो ।

भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले भनपाले सप्ताहव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता गरेको र किसानहरूलाई उन्नत जातको बीउबिजन वितरण गरेको, कम्पोस्ट मल सहुलियत दरमा बिक्री गरी कृषि उत्पादन बढाउन किसानहरूलाई उत्साहित गरेको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष गङ्गाराम ज्याख्वको सभापतित्वमा भएको उक्त कार्यक्रममा पूर्णगोपाल राजचल, कृष्णगोपाल चगुठीले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना

जन्म
वि.सं. १९९६



निधन
२०८० माघ १८

यस नेमकिपा रौतहट जिल्ला समितिका सचिव वैद्यनाथ कल्वार चौधरीका पुजनीय पिता **अनुप कल्वार**को दुःखद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**नेपाल मजदुर किसान पार्टी**
**रौतहट**


# शिक्षक सङ्घ आठविसको तेस्रो सम्मेलन सम्पन्न

दैलेख । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ आठबिसको तेस्रो नगर सम्मेलन शनिबार सम्पन्न भयो ।

सम्मेलनमा नेमकिपा दैलेखका उपाध्यक्ष लक्ष्मीकुमार विकले शिक्षकहरूले समाजलाई बाटो देखाउने बत्तीको रूपमा काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

समाजमा व्याप्त कुरीति, अन्धविश्वासविरुद्ध जनतालाई सचेत पार्ने काममा शिक्षकहरूको भूमिका महत्त्वपूर्ण हुने कुरामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा पार्टी र जनवर्गीय सङ्गठनका विभिन्न व्यक्तिहरू टीकाराम कठायत, जयबहादुर बडुवाल, मनोज दाहाल, रतनबहादुर कठायत, दलबहादुर सिजापति, लोकप्रसाद आचार्य, नवीनकुमार बडुवाल, रामबहादुर बडुवाल, रणबहादुर कठायत, रेशमाकुमारी सिजापति, लोमनकुमार बडुवाल, टेकबहादुर सिजापति, कलमबहादुर सिजापतिलगायतले बोल्नुभएको थियो ।

सम्मेलनले लोमनकुमार बडुवालको अध्यक्षतमा १४ सदस्यीय नेक्राशिसङ्घ आठबिस नगर समिति चयन गरेको छ ।

**शासक...**

छोराछोरीले पाठ्यपुस्तक समयमा पाएका छैनन् । मुद्रण बोर्डले सोझै अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट सहयोग लिने विधेयकको व्यवस्था हटाउनु जरुरी छ । विदेशी सहयोग सङ्घीय सरकार मातहत लिने व्यवस्था गर्नुपर्दछ ।

वैशाख १६ र १७ गते तेस्रो लगानी सम्मेलन काठमाडौँमा हुने समाचार छ । यसैको लागि एक दर्जनभन्दा बढी ऐन र नियम बनाउने वा संशोधन गर्ने ठीक होइन । विदेशी लगानीसँगै विदेशी सेना पनि आउनेतर्फ सरकार सचेत हुनुपर्दछ । सरकारले नेपालीलाई शिक्षा स्वास्थ्य निःशुल्कसहित स्वदेशमै रोजगारी दिने ऐन नियम बनाउनु आवश्यक छ ।

बहुदलयता ३-४ पटक मन्त्री खाएकाले 'मन्त्री भनेकै भ्रष्टाचारी' भएको उल्लेख गरी पुस्तक प्रकाशित गरे । सार्वजनिक संस्थानहरू घाटामा पठाई सस्तोमा बिक्री गरी कमिसन खाने अधिकारीहरूलाई मृत्युदण्डको सजाय समेत हुने कानुन बनाउनु जरुरी छ । तीन प्रधानमन्त्री (शेरबहादुर देउवा, ओली र दाहाल) का प्रिय भएका दुई पौडेल भ्रष्टाचार आरोपमा पक्राउ परेको तर्फ समितिको ध्यान जानु आवश्यक छ । विदेशी सहयोगी संस्था डीएफआईडीको सहयोगमा कन्ट्री रेटिङ सुरु गर्नु पनि गलत हो । विधेयकमा गरिबी न्यूनीकरण उल्लेख गर्नु पर्याप्त होइन गरिबी अन्त्य गर्ने वाचा हुनु जरुरी छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाल भ्रष्टाचार हुने १०८ औँ स्थानमा परेको सार्वजनिक गऱ्यो । यसकारण विधेयकको प्रस्तावनामा भ्रष्टाचार अन्त्य गर्ने प्रतिबद्धता उल्लेख गर्नु जरुरी छ ।

जनताको लगानी भएको सबै संस्थानलाई सार्वजनिक भनी परिभाषित गर्नुपर्दछ । विधेयकमा 'नियमित र आवधिक रूपमा अनुगमन' भनी अस्पष्ट उल्लेख गर्नुभन्दा तीन-तीन महिनामा अनुगमन गरी प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदन कार्यान्वयन गर्नैपर्ने प्रावधान राख्नु आवश्यक छ । 'लक्षित समूह' को सट्टा 'कामदार वर्ग' उल्लेख गर्नुपर्दछ । नेपाली विज्ञ उपलब्ध हुँदाहुँदै विदेशी विज्ञ ल्याउने व्यवस्था विधेयकमा राख्नु हुँदैन ।

देशको सन्तुलित विकास गर्न प्रधानमन्त्री, मन्त्री, सांसदहरूलाई आ-आफ्नो जिल्लामा मात्र घरजग्गा किनबेच गर्न पाउने कानुनी व्यवस्था गर्नु जरुरी छ । काठमाडौँ उपत्यकामा जथाभावी निजी प्लटिङ गराई भूकम्पलगायत विपत्तिको बेला यहाँका बासिन्दा एक चिहान हुने अवस्था ल्याउने काठमाडौँ उपत्यका विकास प्राधिकरणलाई तत्काल विघटनमा पठाउनु जरुरी छ ।

*(प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको २०८० माघ १८ गते बिहीबार भएको बैठकमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले सुरक्षण मुद्रण विधेयकबारे छलफलमा भाग लिनुहुँदै राख्नुभएको विचार-सं)*

# विकृति अन्त्य गर्न कार्यकर्ताले सही बाटो देखाउनुपर्ने




सिन्धुली । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेमकिपा सिन्धुलीको आयोजनामा अन्तरक्रियात्मक प्रवचन कार्यक्रम बुधबार सिन्धुलीमाडीमा सम्पन्न भयो ।

कार्यक्रममा पार्टी सचिव प्रेम सुवालले भन्नुभयो, "पार्टी एक विश्वविद्यालय हो । पार्टी कार्यकर्ताहरूले सङ्गठनमा बसेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा अध्ययन गर्ने र सिक्ने मौका पाउँछन् ।

समाजको विकृतिबाट बचाउन कार्यकर्ताले शिक्षकको रूपमा जनतालाई सचेत गर्ने वा सही बाटो देखाउने कार्य गर्दछ ।"

"नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेको संशोधनवाद र खोटाविचारको विरुद्ध नेमकिपाको स्थापना भएको हो", उहाँले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "नेपालका प्रधानमन्त्री र मन्त्रीहरू आफू पदमा रहँदा सिन्को भाँच्दैनन् तर सत्ताबाट बाहिरिएपछि ती शासकहरूलाई काम गर्न अर्ती दिन पछि पर्दैनन् । यस्तो गलत प्रवृत्तिको नेमकिपाले विरोध गरिरहेको छ ।"

नेपाल भारतको प्रदेश नभई स्वतन्त्र र सार्वभौम देश भएको उहाँले बताउनुभयो ।

"नेपालका प्रधानमन्त्रीहरू भारत जाँदा र भारतका प्रधानमन्त्रीहरू नेपाल आउँदा नेपालका नदीनाला भारतलाई दिने काम भइरहनु नेपालको हितविपरीत छ", सांसद सुवालले भन्नुभयो ।

नेमकिपा सिन्धुलीका अध्यक्ष कृष्णकुमार श्रेष्ठले सिन्धुलीवासीलाई निर्धक्क भएर नेमकिपामा लाग्न अनुरोध गर्दै भन्नुभयो, "नेमकिपा देश र जनताको पक्षमा सेवा गरिरहेको पार्टी हो ।"

कृष्णकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा एनबी दुवाल, रामेश्वरी कोजु, चित्रलाल श्रेष्ठ, हरि खड्का, लक्ष्मण ग्वाछा, कृष्णसुन्दर मचामसी, नविन ग्वाछा, देव खड्का, टीका सिलवाल खत्री, कृष्णबहादुर श्रेष्ठलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

---

**नेक्रायुसङ्घ...**

निर्वाचन जितेका शासक दलका नेताहरूले आफ्नै क्षेत्रमा घर बनाएर आफ्नो क्षेत्रमा शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना गर्नु जरुरी छ ।

नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य रमेश वैद्यले शासक दलहरूको कारण सहकारीमा पनि समस्या आएको धारणा राख्दै निम्न आय भएकाहरूको सेवा गर्न स्थापना भएका सहकारीहरूले निजी बैङ्कले जस्तै नाफाको लागि काम गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अमेरिकी साम्राज्यवादले एमसीसी र एसपीपीको माध्यमबाट नेपाललाई रणमैदान बनाउन खोजेको हुँदा युवाहरूले यसको विरोध गर्नु जरुरी छ ।"

नेमकिपा चाँगुका उपाध्यक्ष केशवप्रसाद तिमिल्सेनाले चाँगुनारायण नपामा शासक दलहरूले गरेको भ्रष्टाचारविरुद्ध नेमकिपाले सङ्घर्ष गर्दै आएको बताउनुभयो ।

नेक्रायुसङ्घ चाँगु नगर सम्मेलन तयारी समितिका संयोजक एलएनको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा चानपा ९ एकाइ समितिका अध्यक्ष नारायणभक्त न्हेमाफुकी, सोही वडाका वडाअध्यक्ष गणेश त्यात, नेक्रायुसङ्घ भक्तपुरका राजकुमार लघु, भक्तपुर नसका अध्यक्ष जगतराम धुख्वा, नेक्रायुसङ्घ मध्यपुर नसका अध्यक्ष सुरेन्द्र था श्रेष्ठ र नेक्रायुसङ्घ सूर्यविनायक नसका अध्यक्ष रोशन मचामसी, नेक्रायुसङ्घ चाँगुका सचिव एस. दुलाल, उत्तम साखकर्मी, सरोज दुलाल र राजन फुँयालले पनि बोल्नुभएको थियो ।

चानपा ८, सुडालस्थित खत्री टोलबाट बाजागाजाका साथ सुरु भएको उद्घाटन र्‍याली चानपा ९, ताथलीको बनमाला टोल, खर्कपुल, गोठालेचौर हुँदै फैढोकामा सभामा परिणत भएको थियो । कार्यक्रममा जनगायक विनोद विक र सपना शाहीले गीत प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको बन्दसत्रमा नेमकिपा चाँगुका अध्यक्ष न्हुछेभक्त फोजूले युवाहरूले मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ विचारधाराअनुसार कामदार वर्गको पक्षमा समर्पित भई देश र जनताको सेवा गर्न जरुरी रहेको औँल्याउनुभयो ।

बन्दसत्रबाट एलएनको अध्यक्षतामा २१ सदस्यीय नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समिति चयन गरेको छ । बन्द सत्रबाट निर्वाचित पदाधिकारीहरूलाई अध्यक्ष मण्डलका सदस्य कमला भारती र मिनबहादुर बाटाले शुभकामना तथा बधाई दिनुभयो ।

---

**खेलकुदले...**

उहाँले खेलकुदले विद्यार्थीहरूको जीवनलाई सक्रिय बनाई शारीरिक र मानसिकरूपमा तन्दुरुष्ट बनाउने तथा विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा मद्दत पुऱ्याई देश विकासमा खेलकुदले महत्त्वपूर्ण योगदान पुऱ्याउने विचार व्यक्त गर्नुभयो ।

उहाँले साहसिक खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन सकिने धारणा व्यक्त गर्दै खेलकुद पूर्वाधारको विकासमा जोड दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले मित्रता, अनुशासन र आत्मरक्षाको लागि खेलकुद अपरिहार्य रहेको बताउँदै विद्यार्थीहरूले शिक्षा सँगसँगै खेलकुद र स्वास्थ्यलाई अगाडि बढाउनुपर्ने विचार राख्नुभयो । उहाँले हरेक विद्यार्थी कुनै न कुनै खेलमा संलग्न हुनुपर्नेमा जोड दिँदै युवाहरूलाई बिदेसिनबाट जोगाई देशमै आफ्नो पहिचानसहित सक्षम नागरिक बनाउन सरकारले उचित भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाको आयोजनामा माघ २१ गतेदेखि माघ २७ गतेसम्म सञ्चालन हुने १५ विधाका विभिन्न खेलकुद प्रतियोगिताले सिङ्गो भक्तपुर खेलकुदमय हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले खेलको माध्यमबाट नगरलाई चिनाउन विद्यालयस्तरीय खेलकुद प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले खेलकुद पूर्वाधारको विकास गरी देशको लागि योग्य नागरिक बनाउन भक्तपुर नगरपालिकाले समय समयमा खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण रायले भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भइसकेपछि घोषणापत्रबमोजिम खेलकुद क्षेत्रमा उल्लेखनीय कार्य गर्दै आइरहेको बताउँदै नगरपालिकाले खेलकुद प्रशिक्षकको व्यवस्था, उत्कृष्ट खेलाडी सम्मान र विद्यालयस्तरीय तथा अन्तरनगर खेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै आइरहेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले सहिद स्मृति खेल मैदानलाई सुधार गरी कभर्ड हलको रूपमा विकास गर्न सकेमा विभिन्न खेल प्रतियोगिताहरू आयोजना गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका सदस्य उपेन्द्र सुवाल र भक्तपुर नपा वडा नं. ८ का वडा सदस्य रामसुन्दर बासीले पनि बोल्नुभएको उक्त कार्यक्रममा खेलाडीको तर्फबाट टेबुलटेनिस खेलाडी लिब्सा सुवाल र रेफ्रीको तर्फबाट श्रीप्रसाद कोजूले प्रतियोगिता सभ्य र भव्यरूपमा सम्पन्न गर्न सपथ लिनुभएको थियो ।

उद्घाटन कार्यक्रममा जिम्न्यास्टिक खेलाडीहरूले खेलकौशल प्रदर्शन गरेका थिए ।

यसअघि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुर नपा वडा नं. ९ दत्तात्रयबाट सुरु भएको र्‍याली गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै सहिदस्मृति खेलमैदानमा पुगी उद्घाटन समारोह परिणत भएको थियो ।

र्‍याली सुरु हुनुअघि भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले प्रतियोगितामा भाग लिने विद्यालय तथा खेलाडीहरूबाट अनुशासितरूपमा खेल खेल्ने अपेक्षासहित वडा वडामा हुने खेलहरूबारे जानकारी दिनुभयो ।

र्‍यालीमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, स्वयम्सेवकहरू, धिमे बाजा, विभिन्न विद्यालय र प्रतियोगी खेलाडीहरू, नपाका खेलकुद प्रशिक्षार्थीहरू, टीम, क्लव, पुस्तकालय, सहकारी संस्थाका प्रतिनिधि, खेलप्रेमी तथा वडाका खेलकुद समितिका पदाधिकारीहरू, भक्तपुर नगरपालिकाका कर्मचारीहरूलगायतको सहभागिता थियो ।

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं।

सुरक्षित रुपमा वित्तीय कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

---

**तेस्रो...**

एमालेका पद्मप्रसाद पाण्डेलाई सभामुख र अध्यक्षले महासचिवमा नियुक्ति गरे पनि नेकाका राष्ट्रपतिले स्वीकार गरेनन् ।

माओवादी गृहयुद्धको दस वर्षमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको अवधि २०८० पुस मसान्तमा सकिएको हुँदा २०८१ असार मसान्तसम्म थप्ने सरकारको बाधा अड्काउ फुकाउ आदेश सदनमा पेस भयो । विस्तृत शान्ति सम्झौतामा ६ महिनाभित्र शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउने भनिए पनि माओवादीले बेपत्ता, यातना, बलात्कार र हत्यासमेतका घटनालाई मेलमिलापबाट टुङ्गो लगाउने तयारी गर्दै छ । यसको पीडितहरूले विरोध गर्दै छन् ।

सांसदहरूलाई वितरण गरिएको कार्यतालिकाअनुसार यो माघ महिनामा प्रतिनिधिसभाको बैठक २२ गते र २४ गते बस्नेछ भने फागुन महिनामा ६, १०, ११, १३ र १४ गते बस्नेछ । अन्य दिनमा समिति बैठक बस्ने भनिएको छ । कार्यतालिका लागु हुनेमा शङ्का गरिएको छ ।

---

एकक्षण — प्रधान

## के भ्रष्टाचार प्रजातन्त्र र गणतन्त्रले ल्याएको हो ?

प्रजातन्त्र र गणतन्त्रले भ्रष्टाचार ल्याएको हो भने पञ्चायतको शासनकालमा के भ्रष्टाचार थिएन ? भ्रष्टाचार थियो - नभए वाग्मती किनारमा यतिका घरहरू कसरी बने ? त्यस्तै मनोहरा खोलाको किनारैमा सिनेमा हल र कारखाना उद्योगधन्दा कसरी देखिए ? कति त्यसबेलाकै काठमाडौँ नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरू मिलेरै गरेका थिए । इन्द्रचोकमै काठमाडौँ नगरपालिकाको ऐनकानुन मिचेर अग्लाअग्ला भवनहरू कसरी बने ?

त्यसबेला भन्सार विभागको ऐन-कानुन नै त्रुटिपूर्ण थियो र त्यसलाई परिमार्जन प्रजातन्त्र र गणतन्त्रले पनि गरेनन् । महिनाको २०-२५ हजार रुपैयाँ तलब खाने भन्सारको हाकिमले एउटा एउटा महँगा गाडीहरूलाई लाखौँ रुपैयाँको छुट कसरी दिन सक्यो ? 'हाकिमको तजबिज' को ऐनलाई खारेज गरी कडा जरिवाना र जेल सजायको बन्दोबस्त तत्काल गर्नु आवश्यक छ । अहिलेको २० वर्षको जेल सजायको ठाउँमा पहिले ज्यान सजाय थियो । अहिले पनि देश र जनताको अहितमा काम गर्ने अपराधीहरूलाई मानिस मार्ने अपराधीलाई भन्दा पनि कडा कानुन बनाउनु आवश्यक छ । सिंहदरबारमा बस्ने गैर सरकारी संस्थाका सल्लाहकारहरू, कानुनी र आर्थिक सल्लाहकारहरूमाथि कडा निगरानी आवश्यक छ । तिनीहरूले मन्त्री, नेता र माथिल्ला कर्मचारीहरूलाई समेत भ्रष्ट बनाए र बनाउँदै छन् ।

कसैले भन्लान्- सारा जनता समान भएको हुँदा कर्मचारीहरूलाई पनि अन्य जनताले पाउने सुविधा पाउनुपर्दछ । साधारण जनताका छोराछोरीले सिंहदरबारका सचिव र नेताहरूको मन र मस्तिष्कलाई बदल्न सक्दैनन् बरु नेता, मन्त्री र सचिवका छोराछोरीहरूले नै आफ्नो मन-मस्तिष्कलाई बदल्ने सम्भावना छ ।

कसैले भन्लान् - आम निर्वाचनमा शासक दलहरूले सरकार बनाउन सक्ने गरी सांसदहरू विजयी गराउनकै लागि भारतीय मूलका व्यापारीहरूलाई भृकुटी कागज कारखाना, छाला तथा जुत्ता कारखाना र सरकारी सेवा उद्योगहरू पनि निजीकरणको नाममा बेचेर केही करोड 'चन्दा' लिएर अर्बौंका कारखाना बेचे ।

केही मानिसहरूले महिला र युवाहरूलाई महत्त्वपूर्ण पदमा राखे । भ्रष्टाचार रोकिने अनुमान गरे । यदि त्यस्तो हो भने अहिलेका नेताहरू सबैजसो युवा अवस्थामै सांसद र मन्त्री भएका हुन् । त्यस्तै कम उमेरकै छोरीहरू पनि मन्त्री भएै छन् ।

तर कर्मचारीहरू 'जागिर' दाउमा राख्न नमानेको हुँदा मुख खोल्दैनन् । नत्र युवा मन्त्री र महिला मन्त्रीका बेलाको 'पासपोर्ट काण्ड', 'सुडान काण्ड' हरू सबै बाहिर आउँथे । इन्दिरा गान्धीका कम उमेरका छोराहरूको समूहमा आजका शिव सेनाजस्तै प्रतिबद्ध युवाहरूले स्थान पाए । युवकहरूको सरलतामा चाणक्यको कुटिलताको अगाडि केही सीप लागेन । भारतको राजनीतिले दक्षिणी मोड लियो र अमेरिकी भारतको मित्रताले एक नयाँ रूप लियो ।

नेपालको वर्तमान प्रजातान्त्रिक र गणतान्त्रिक राजनैतिक दल, नेता र कार्यकर्तालाई सरल जीवन र अनुशासनको आवश्यकता छ । ती दलहरूभित्र घुसेका प्रतिगामीहरू बहुदलीय शासक दलहरूलाई मूर्ख बनाउन आइतबार कुर्ने छैनन् ।

सीबीआई 'बालमन्दिरको हडपिएको जग्गा खोज्दै', 'विशाल ग्रुप र पुराना पदाधिकारीहरूबिच सम्झौता केलाउँदै' छ । 'तारा गाउँ र हरिसिद्धि इँटा टायल कारखानाको जग्गामा पनि अनुसन्धान' अघि बढाउँदै छ (नेपाल समाचारपत्र- २२ माघ २०८०) ।

२२ माघ २०८० को राजधानीले 'बन्द र रुग्ण उद्योग चलाउने तयारीमा सरकार' शीर्षक पढ्दा पहिलो र दोस्रो विश्वयुद्धपछि सोभियत सङ्घको विजयको प्रभावले बेलायत र केही युरोपेली मुलुकका पुँजीपतिवर्गले बन्द र रुग्ण उद्योगलाई नयाँ उद्योगको भन्दा बढी मूल्य राखेर राष्ट्रियकरण गरेबाट के शिक्षा लिने हो ? विचारणीय विषय हो ।

चिरञ्जीवी वाग्ले, गोविन्दराज जोशी, खुमबहादुर खड्का, जयप्रसाद गुप्ता (नागरिक- २१ माघ २०८०) नक्कली भुटानी काण्डमा पूर्वगृहमन्त्री र अहिले अख्तियारले खोजेका मन्त्री मोहनबहादुर बस्नेत र पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्की (नागरिक, २२ माघ २०८०) आदिलाई पनि के 'दाजुहरू अगाडि बढ, ज्यान दिन तयार छौँ' भन्ने युवाहरूले जालमा पारेका त होइनन् ? मन्त्रीहरूका अनेक रक्षकहरूले रक्षाको काम पनि गर्छन् र अशुद्ध कार्यको शुद्ध गर्न पनि जान्दछन् । नेपालको अर्थ राजनीतिमा कालो सम्पत्ति शुद्धीकरणको सिद्धान्त र व्यवहारका पक्षपाती डा. रामशरण महत हुन् र विदेशी लगानी ल्याउने भन्दै नेपाली सम्पत्ति विदेश पठाउने नीति डा. भाइ प्रकाशशरण महतको हो । जनता सचेत हुन आवश्यक छ ।

---

**अध्यक्ष...**

अध्यक्ष बिजुक्छेँले मार्क्सवादले मानव जातिको सभ्यता पहिचानलाई विरोध नगरेको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले २०१५ सालको आम चुनावमा अहिलेको राप्रपाजस्तो गोरखा परिषद्ले पनि 'शोषणविहीन समाज'को नारा दिएको उल्लेख गर्दै नाम र नाराले मात्र पार्टीलाई चिन्नु गलत हुने, कामले नै चिन्नुपर्ने उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले जनमत पार्टीका अध्यक्ष सीके राउतलाई पार्टी प्रकाशनहरू प्रदान गर्नुभएको थियो ।

जनमत पार्टीका अध्यक्ष सीके राउतले आफू कम्युनिस्ट शिक्षाबाट राजनीतिमा आएको उल्लेख गर्दै आफ्नो पार्टीले सामुदायिक समाजवादलाई अगाडि बढाउने बताउनुभयो ।

जनमत पार्टीका अध्यक्ष राउतले सङ्घ, प्रदेश र स्थानीय तहमा निर्वाचन जितेर जनतालाई गाँस, बास र कपासको व्यवस्था गर्नु आफ्नो सामुदायिक समाजवाद हुने उल्लेख गर्दै राजतन्त्र समाप्त हुनु नै पुँजीवादी क्रान्ति नहुने बताउनुभयो ।

भेटमा नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालको पनि उपस्थिति थियो ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३